# परिच्छेद - एक
# शोध परिचय

## १.१ विषय परिचय

**अक्षरहरूको देश** कवितासङ्ग्रह (२०५८) कवि अमर त्यागीद्वारा लिखित ४४ वटा गद्य कविताहरूको सङ्ग्रह हो । यो उनको **बाँसुरीमा आँसुको गीत** गजलसङ्ग्रह (२०५६) पछि प्रकाशित दोस्रो पुस्तकाकार कृति हो । उनका अन्य पुस्तकाकार कृतिहरूमा **अनुभूतिको जुलुस** सूत्रकवितासङ्ग्रह(२०६०) र **अभियुक्त ईश्वर** ताङ्कासङ्ग्रह (२०६२) प्रकाशित भएका छन् ।

अमर त्यागी नेपाली साहित्यको कविता, गजल, हाइकु र ताङ्का लेखनमा क्रियाशील स्रष्टा हुन् । उनको **अक्षरहरूको देश** कवितासङ्ग्रहभित्रका कविताहरूमा प्रकृतिको यथार्थ चित्रण तथा मान्छेको जीवनमा आइपर्ने सुख-दुःखलगायत आर्थिक, राजनीतिक, धार्मिक विषयका साथै नारी समस्यालाई समेटिएको छ । यस सङ्ग्रहका कविताहरूमा हिमाली र पहाडी क्षेत्रका ग्रामीण तथा सहरी परिवेशलाई समेटिएको पाइन्छ । यसमा सरल, सरस र सुबोध गद्य भाषाको प्रयोग गरिएको छ । कवि त्यागीको यही कवितासङ्ग्रहको कृतिपरक अध्ययन-विश्लेषण गर्नु नै यस शोधको मुख्य विषय रहेको छ ।

## १.२ समस्याकथन

कवि अमर त्यागीको **अक्षरहरूको देश** कवितासङ्ग्रहको कृतिपरक विश्लेषण कसरी गर्न सकिन्छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै यस शोधकार्यको मूल समस्या हो । त्यसैले प्रस्तुत शोधपत्रमा यस सङ्ग्रहमा रहेका ४४ वटा कविताहरूको सूक्ष्म विश्लेषण गरिएको छ । प्रस्तुत शोधका समस्याहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

क. **अक्षरहरूको देश** कवितासङ्ग्रहको संरचना तथा रूप पक्ष कस्तो छ ?

ख. **अक्षरहरूको देश** कवितासङ्ग्रहको भाव तथा विचार पक्ष कस्तो छ ?

ग. कविताको रूप तथा भाव पक्षका आधारमा **अक्षरहरूको देश** कवितासङ्ग्रहमा समेटिएका कविताहरूको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त शोध समस्याहरूमा केन्द्रित रहेर **अक्षरहरूको देश** कवितासङ्ग्रहको कृतिपरक अध्ययन र विश्लेषण गर्दै वस्तुगत निष्कर्षको खोजी गर्नु नै यस अध्ययनको मूल उदेश्य रहेको छ, जसलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

क. **अक्षरहरूको देश** कवितासङ्ग्रहको संरचना तथा रूप पक्षको विश्लेषण गर्नु,

ख. **अक्षरहरूको देश** कवितासङ्ग्रहको भाव तथा विचार पक्षको निरूपण गर्नु,

ग. कविताको रूप तथा भाव पक्षका आधारमा **अक्षरहरूको देश** कवितासङ्ग्रहमा समाविष्ट कविताहरूको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कवि अमर त्यागीका काव्य कृतिहरूका बारेमा सामान्यतया क्षेत्रीय अध्ययनअन्तर्गत बारा जिल्लाका प्रतिनिधि कवि र तिनका कृतिहरूको अध्ययन तथा नारायणी अञ्चलका प्रतिनिधि गजलकार र तिनका गजलकृतिको अध्ययन साथै बारा जिल्लाको साहित्यिक रूपरेखा र ओखलढुङ्गा जिल्लाको साहित्यिक रूपरेखा जस्ता स्नातकोत्तर शोधपत्र एवम् विभिन्न विद्वान्हरूले लेखेका समीक्षालाई कालक्रमिक रुपमा प्रस्तुत गरिएको छ ।

**जुनु क्षत्री** (२०५९) ले **अन्नपूर्ण पोष्ट** दैनिकमा प्रकाशित **अक्षरहरूको देश** शीर्षक समीक्षामा मोफसलमा रहेर पनि नेपाली सहित्यको क्षेत्रमा सक्रिय रहेका अमर त्यागीको **अक्षरहरूको देश** कृतिभित्र समसामायिक विचारका प्रस्तुतिहरू रहेको कुरा बताएककी छिन्। उनले यस सङ्ग्रहमा रहेका कवितामध्ये अक्षरहरूको देश, बुद्धहरू र फूलहरू शीर्षकका कविताहरू उत्कृष्ट रहेको मूल्याङ्कन गरेकी छिन् । प्रस्तुत समीक्षामा अमर त्यागीको दोस्रो पुस्तकाकार कृति **अक्षरहरूको देश** कवितासङ्ग्रहभित्रका ४४वटा कविताहरूका बारेमा कुनै व्याख्या विश्लेषण गरिएको छैन । जम्मा तीनवटा शीर्षकका कविताहरूको मात्र चर्चा भएको देखिन्छ ।

**वीरेन्द्र शाह** (२०५९) ले **स्पेसटाइम** दैनिकमा प्रकाशित **अक्षरहरूको देश** शीर्षक समीक्षामा **अक्षरहरूको देश** कवितासङ्ग्रह नेपाली साहित्यमा एउटा थप उपलब्धिका रूपमा रहेको विचार व्यक्त गरेका छन् । यसमा गम्भीर विषय, समसामयिक भाव र कलापूर्ण प्रस्तुति रहेको बताएका छन् । साथै केही कविताका विषयवस्तु र शिल्पपक्ष कमजोर रहेको विचार पनि व्यक्त गरेका छन् ।

**खिमानन्द पोखरेल** (२०५९) ले **दिव्यदर्शन** साप्ताहिकमा प्रकाशन भएको **कवितामा सम्भावना त्यागीको** शीर्षक समीक्षामा **अक्षरहरूको देश** कवितासङ्ग्रहमा मान्छेका सुख, दुःख, पीडा, वेदना, चीत्कार, खस्किँदो आर्थिक स्थिति, युवा वर्गमा देखिएको वितृष्णा आदि विषयवस्तुलाई प्रस्ट रूपमा देख्न सकिने विचार व्यक्त गरेका छन् । उनले यस सङ्ग्रहका कविताहरूमा मानव जीवनमा आइपर्ने विविध समस्यालाई देखाएको कुरा बताएका छन् ।

**नवराज रिजाल** (२०५९) ले **प्रकाश** साप्ताहिकमा प्रकाशन भएको **एउटा यात्रा अक्षरहरूको देशभित्र** शीर्षकको समीक्षामा अमर त्यागी मानवताका पक्षपाती कवि हुन् भन्ने कुरा उल्लेख गरेका छन् । उनी सबै किसिमका हिंसा, आतङ्क, अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनको विरोध गर्दछन् साथै उनको चाहना मान्छेले मान्छेप्रति गर्ने व्यवहार असल होस् भन्ने रहेको कुरा पनि यस समीक्षामा व्यक्त गरिएको छ । समीक्षकका अनुसार समाज कसैको डर, धम्की र त्रासमा नभई स्वतन्त्र रूपमा अगाडि बढोस् भन्ने प्रबल चाहना देखिन्छ । उनले यस समीक्षामा त्यागीका कविताको सूक्ष्म विश्लेषण नगरी सामान्य चर्चा मात्र गरेका छन् ।

**चन्द्रकिशोर** (२०५९) ले **देशान्तर** साप्ताहिकमा प्रकाशन भएको **अक्षरहरूको सार्वभौमताको गायन अक्षरहरूको देश** शीर्षक समीक्षामा अमर त्यागीले मूलतः निरन्तर खस्किँदै गएको मानवीय मूल्य, मान्यता, सामाजिक विकृति र विसङ्गतिका बारेमा सशक्त आवाज उठाएको कुरा व्यक्त गरेका छन् । उनका कवितामा कला, भाव र विचारको उच्च समन्वय रहेको कुरा चर्चा गरेका छन् । उनले यस समीक्षामा त्यागीका कविताहरूको सूक्ष्म अध्ययन र विश्लेषण गर्ने जमर्को गरेका छैनन् ।

**शोभाकर पराजुली** (२०५९) ले **अङ्कुश** दैनिकमा प्रकाशन भएको **औपचारिक आनन्द अमर दम्पती र ओशो ध्यान केन्द्र** शीर्षक समीक्षामा अमर त्यागीका कविताहरूले मानिसलाई आनन्दित पार्ने कुराको चर्चा गरेका छन् । उनले यस समीक्षामा त्यागीका कविताको भावात्मक प्रस्तुति मात्र गरेका छन्, विचार पक्षको चिरफार गरेका छैनन् ।

**सञ्जय साह** (२०५९) ले **अङ्कुश** दैनिकमा प्रकाशित **अक्षरहरूको देशमा मान्छेका आकृतिहरू** शीर्षक समीक्षामा अक्षरहरूको देशभित्रका कवितामा मानव मनका बह, राष्ट्रियताप्रतिको आस्था, सामाजिक विकृतिप्रति आक्रोश एवम् मानवीय मूल्य, मान्यता र महत्ताप्रतिको चिन्तन संयोजन गरिएको कुरा व्यक्त गरेका छन् । उनले त्यागीका कवितामा रचनात्मक स्वरूपको चर्चा गरे पनि भाव, सन्देश र शिल्प पक्षको चर्चा गरेका छैनन् ।

**रामप्रसाद साह** (२०५९) ले **जनमत** पूर्णाङ्क ८८ मा प्रकाशित **अमर त्यागीको अक्षरहरूको देशभित्र रमाउँदा** शीर्षक समीक्षामा त्यागीका कवितामा भावना, अनुभूति, अन्तर्बोध र भोगाइका चिन्तन चैतन्यमा झुल्किने घामको न्यानोपन रहेको विचार प्रकट गरेका छन् । उनले त्यागीका कविताको विषय पक्षको चर्चा विस्तृत रूपमा गरेका छैनन् ।

**पृथ्वीराज पाण्डे** (२०५९) ले **प्रतीक** दैनिकमा प्रकाशित **अक्षरहरूको देश एक अध्ययन** शीर्षक समालोचनामा त्यागीका कवितामा अनुभूतिमा तीव्रता, भाव तथा विषयमा गहनता र प्रस्तुतिमा मनोहारिता रहेको कुरा व्यक्त गरेका छन् । उनले त्यागीका कविताको विविध पक्षको चित्रण गरे तापनि गहन व्याख्या र विश्लेषण नगरी सतही चर्चा गरेका छन् ।

**सुरेश वाग्ले** (२०५९) ले **सगर** (वर्ष ७, अङ्क ३, पूर्णाङ्क २४) मा प्रकाशित **अक्षरहरूको देशमा सचेत अक्षरहरू** शीर्षक समीक्षामा त्यागीका कवितामा राष्ट्रबोध, समयबोध र आत्मबोधको सिङ्गो क्षितिज रहेको कुरा जनाएका छन् । उनले यस समीक्षामा त्यागीका कविताको समग्रताको सङ्क्षिप्त चर्चा मात्र गरेका छन् । विभिन्न पक्षको विश्लेषण गरेका छैनन् ।

**गोपाल पौडेल** (२०५९) ले **गोरखापत्र** दैनिकमा प्रकाशित **अक्षरहरूको देश एक समीक्षा :** शीर्षक टिप्पणीमा त्यागीका कवितामा कुरीति कुसंस्कारको पर्दाफास राष्ट्र र राष्ट्रियताप्रतिको प्रेम एवम् मानिसका विवशता, बाध्यता र नियतिका बारेमा यथार्थ स्वरसन्धान रहेको छ भनेका छन् । उनले त्यागीका कवितात्मक स्वरूपको मात्र चर्चा गरेका छन् । कविताका संरचना, भाव तथा विचार पक्षको कुनै परिचर्चा गरेका छैनन् ।

**डा. घनश्याम न्यौपाने परिश्रमी** (२०६०) ले **अङ्कुश** दैनिकमा प्रकाशित **अक्षरहरूको देशमा विचरण गर्दा** शीर्षक समीक्षामा त्यागीका कवितामा काल चेतना, सामाजिक चेतना, सांस्कृतिक चेतना र व्यङ्ग्य चेतना रहेको बताएका छन् । उनले त्यागीका रचनाका कथ्यगत विशेषता मात्र उल्लेख गरेका छन् । शिल्प-सौन्दर्य र भावगत विशेषताको उल्लेख गरेका छैनन् ।

**श्रीओम रोदन** (२०६०) ले **मधुपर्क**मा प्रकाशित **राष्ट्र बोलेका कविता अक्षरहरूको देश** शीर्षक समीक्षामा कवि अमर त्यागीले शब्दलाई अक्षरहरूको समाज र अध्यायलाई अक्षरहरूको देश मानेर बुद्ध, गान्धी र मन्डेलालाई महत्वपूर्ण अक्षर मान्ने विचार प्रकट गरेका छन् । साथै इमानदार र शान्तिकामीहरूको आवाज निरन्तर बढाउन सके महत्वपूर्ण अक्षरहरूको देश बनाउन सकिने कुरा उल्लेख

गरेका छन् । उनले अक्षरहरूलाई प्रतीकात्मक रूपमा उभ्याएका भए तापनि विषयवस्तु र भाव पक्षको बारेमा उल्लेख गरेका छैनन् ।

**सचिता लोहनी** (२०६०) ले **बारा जिल्लाको प्रतिनिधि कविता, तिनका कविता कृतिको अध्ययन** शीर्षक प्रकाशित स्नातकोत्तर शोधपत्रमा अमर त्यागीको कविताकृतिको अध्ययन शीर्षकअन्तर्गत सङ्क्षिप्त रूपमा चर्चा गरेकी छिन् । उनले त्यागीका ४४ वटा फुटकर कविताहरूको विस्तृत विवेचना गरेकी छैनन् ।

**नवराज रिजाल** (२०६१) ले **बारा महोत्सव स्मारिकामा प्रकाशित बाराको साहित्यिक चिनारी** शीर्षक समीक्षामा त्यागीको नेपाली भाषा र साहित्य लेखनमा प्रगतिवादी चेतना, मानवतावादी मूल्य र राष्ट्रवादी भावना रहेको तथ्य प्रकाश पारेका छन् । उनले यस लेखमा व्यक्तित्व पक्षको चर्चा गरेका छन्, तर उनका कृतित्वगत विशेषताको न्यून रूपमा मात्र चर्चा गरेका छन् ।

**बाबुराम पौडेल** (२०६६) ले **सुरभि साहित्य प्रतिष्ठान** काठमाडौंबाट प्रकाशित शीर्षक **सुरभि स्रष्टा परिचय** नामक ग्रन्थमा स्रष्टाको परिचय दिने क्रममा त्यागीका कविता, गजल, मुक्तक, ताङ्का आदिमा सामाजिक विकृति, विसङ्गति, प्रताडना र प्रवञ्चनाको यथार्थवादी रूपमा अभिव्यक्ति भएको चर्चा गरेका छन् । उनले त्यागीका पद्य रचनामा विषयवस्तुको मात्र सामान्य चर्चा गरे तापनि भाव र संरचनागत विशेषताको विवेचना गरेका छैनन् ।

यसरी विभिन्न समीक्षकहरूले अमर त्यागीको दोस्रो पुस्तकाकार कृति **अक्षरहरूको देश** कवितासङ्ग्रह (२०५८) को सङ्क्षिप्त रूपमा टीकाटिप्पणी गरे तापनि सम्पूर्ण कविताहरूको सूक्ष्म अध्ययन र विश्लेषण नभएको हुँदा कविता तत्वका आधारमा यस शोधमा उक्त कृतिको सूक्ष्म विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

समकालीन नेपाली कविताका सन्दर्भमा **अक्षरहरूको देश** कवितासङ्ग्रह आफैँमा एउटा अनुसन्धेय विषय हो । यससँग सम्बन्धित पूर्वकार्यको समीक्षाबाट पनि यस कृतिको अध्ययन-विश्लेषण गर्नु आवश्यक देखिन्छ । यस अनुसन्धानात्मक कार्यमा अक्षरहरूको देश कवितासङ्ग्रहको सूक्ष्म अध्ययनसँग सम्बन्धिन समस्याको तार्किक र वस्तुनिष्ठ समाधान खोजिने हुँदा यसको प्राज्ञिक महत्व स्वतः सिद्ध हुन्छ । यस अध्ययनबाट नेपाली साहित्यका अध्येता, विश्लेषक तथा विद्यार्थीहरू पनि लाभान्वित हुने कुरा स्वाभाविक रहेको छ । प्रस्तुत विषयमा अध्ययन, अध्यापन र चिन्तन गर्न चाहने प्राज्ञिक वर्गका लागि पनि यस शोधले समुचित ज्ञान र मार्गदर्शन प्रदान गर्ने हुनाले यसको व्यावहारिक उपयोगिता पनि रहेको देखिन्छ । प्रस्तुत अध्ययनको मूल समस्या अझसम्म पनि अनुत्तरित नै रहेकाले त्यसै समस्याको समाधानका लागि गरिने यस शोधकार्यको प्राज्ञिक औचित्य र व्यावहारिक उपयोगिता रहनेछ भन्ने तथ्य स्वतः स्पष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र कवि अमर त्यागीको **अक्षरहरूको देश** कवितासङ्ग्रहको कृतिपरक अध्ययन र विश्लेषणमा सीमित रहेको छ । साथै उनको सङ्क्षिप्त जीवनी, व्यक्तित्व र कृतित्वको पक्षलाई पनि यसमा सङ्क्षिप्त रूपमा समेटिएको छ । शोधपत्रमा कविताका तत्वहरू वस्तु, सहभागी, परिवेश, उद्देश्य, संरचना, लयविधान र भाषाशैलीका आधारमा उक्त सङ्ग्रहका ४४ वटा फुटकर कविताको विश्लेषण गरिएको छ ।

यसबाहेक उनका अन्य पुस्तकाकार कृति, फुटकर कविता र समालोचनाहरूको अध्ययन यस शोधकार्यमा गरिएको छैन । यही नै यस शोधको क्षेत्र र सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा मूलतः पुस्तकालीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरिएको छ । साथै सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिका, विभिन्न विद्वान्हरूबाट लिइएको जानकारी र अग्रज शोधार्थीहरूको शोधपत्रलाई पनि आवश्यक सामग्रीको रूपमा प्रयोग गरिएको छ । साथै शोधनायक एवम् उनका परिवारका सदस्यहरू र गुरुहरूसँग भेटी सोधपुछ गरेर सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीको विश्लेषणको क्रममा विधागत सैद्धान्तिक आधारलाई अङ्गीकार गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित शीर्षकमा विभाजन गरिएको छ ।

(क) परिच्छेद एक : शोध परिचय

(ख) परिच्छेद दुई : कवि अमर त्यागीको जीवनी र व्यक्तित्वको परिचय

(ग) परिच्छेद तीन : अमर त्यागीको साहित्ययात्रा र चरण विभाजन

(घ) परिच्छेद चार : कृति विश्लेषणका सैद्धान्तिक पर्याधार र अक्षरहरूको देशका कविताहरूको विश्लेषण

(ङ) परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष

# परिच्छेद - दुई

# कवि अमर त्यागीको जीवनी, व्यक्तित्व र कृतित्व

## २.१ जीवनी परिचय

### २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

अमर त्यागीको जन्म वि.सं. २०२५ भाद्र कृष्णाष्टमीका दिन सगरमाथा अञ्चलअन्तर्गत पर्ने ओखलढुङ्गा जिल्लाको यसम गाविस वडा नं. ९ मझुवा भन्ने ठाउँमा भएको हो । उनका बाजेको नाम पञ्चवीर र बज्यैको नाम कर्मदेवी श्रेष्ठ हो भने उनका पिताको नाम रणबहादुर र माताको नाम लक्ष्मी श्रेष्ठ हो । यिनै श्रेष्ठ दम्पतीका कोखबाट जेष्ठ सुपुत्रको रूपमा अमर त्यागी जन्मिएका हुन् । उनीहरूको पुर्ख्यौली घर ५/६ पुस्तादेखि नै ओखलढुङ्गाको यसम गाविसमा रहेको छ । निम्न-मध्यमवर्गीय परिवारमा जन्मिए पनि परिवारका सदस्यहरूको माया-ममता पाएर एवम् सुन्दर प्राकृतिक रमणीयतामा खेल्दै उनको बाल्यकाल बितेको थियो । बाल्यकालमा उनी चञ्चले, निडर, भावुक र दयालु स्वभावका थिए ।

### २.१.२ शिक्षादीक्षा

अमर त्यागीको प्रारम्भिक शिक्षा आफ्नै घरबाट आरम्भ भयो । उनले छिमेकी भक्तबहादुर सुनुवारको घरमा गई बाह्रखरी अक्षर सिके । त्यसपछि गाउँमा नै रहेको श्री गणेश प्राथमिक विद्यालयमा भर्ना भएर कक्षा तीनसम्म अध्ययन गरे । त्यसपछि उनी बारा जिल्लाको कलैयामा रहेको श्री सिद्धेश्वर संस्कृत मावि भवानीपुरमा वि.सं.२०३७ सालमा कक्षा पाँचमा भर्ना भएर निरन्तर रूपमा अध्ययन गरी वि. सं. २०४२ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरे । उनले उच्च शिक्षा आर्जनका क्रममा रामराजा बहुमुखी क्याम्पस बारा कलैयाबाट वि. सं. २०४९ मा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे । त्ससै गरी उनले ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जबाट वि.सं. २०५२ मा स्नातक र वीरेन्द्र बहुमुखी क्याम्पस चितवनबाट वि.सं. २०५९ मा स्नाकोत्तर तह उत्तीर्ण गरेका छन् । हाल उनी नेपाल संस्कृत विश्वविद्यालयबाट विद्यावारिधि गरिरहेका छन् ।

### २.१.३ बसोबास र आजीविका

अमर त्यागी यसम गा.वि.स. वडा नं.९ मझुवा, ओखलढुङ्गाका स्थायी बासिन्दा हुन् । उनी वि.सं. २०५७ देखि वि.सं. २०६४ असारसम्म बारा जिल्लाको कलैयाका बासिन्दा भए । त्यसपछि उनी सरस्वतीनगर चाबहिल काठमाडौंमा बसोबास गर्दै आएका छन् । उनले आफ्नो जीवनको लामो समय निजी तथा सामुदायिक विद्यालय र उच्च शिक्षा तहसम्म नेपाली भाषा र साहित्य विषयको अध्यापन गराउँदै आएका छन् । साथै यही शिक्षण पेसा नै उनको जीविकाको मूल आधार बनेको छ ।

### २.१.४ संस्थागत संलग्नता

अमर त्यागी बारा जिल्लाको कलैयामा रहँदा साहित्य सिर्जनामा क्रियाशील रहँदै आए । उनले विभिन्न सङ्घसंस्थाको स्थापना र सञ्चालन पनि गरेका छन् । उनले बारा साहित्य परिषद्, देवकोटा स्मृति सभा, बारा वाङ्मय परिषद्, हास्यव्यङ्ग्य समाज नेपाल आदिको गठन गरेका हुन् । त्यसै गरी उनले

वि. सं. २०५७ देखि रणलक्ष्मी राष्ट्रिय प्रतिभा पुरस्कारको संस्थापक र सञ्चालकको कामसमेत गरेका छन् । उनी विभिन्न सङ्घसंस्थामा आजीवन सदस्यसमेत रहेका छन् ।

### २.१.५ पुरस्कार र सम्मान

अमर त्यागी विगत दुई दशकदेखि नेपाली साहित्य सिर्जनामा निरन्तर रूपमा लागिरहेका छन् । उनले नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याएबापत विभिन्न पुरस्कार तथा सम्मान पाएका छन् । उनले बारा जिल्ला स्तरीय कविता प्रतियोगितामा प्रथम पुरस्कार, प्रतीक कथा पुरस्कार, अस्तित्व साहित्य सम्मान, विसाप काव्य पुरस्कार, सूत्रस्रष्टा सम्मान र नारायणी वाङ्मय पुरस्कार, राष्ट्रिय वाङ्मय सम्मान, गजल गौरव सम्मान आदि प्राप्त गरेका छन् ।

## २.२ व्यक्तित्व परिचय

### २.२.१ साहित्यक व्यक्तित्व

अमर त्यागीको साहित्यिक व्यक्तित्व उल्लेखनीय रहेको छ । उनको साहित्य लेखनको सुरुआत कविताबाट भएको हो । उनले वि.सं. २०४० मा गोठाला-गोठाल्नी शीर्षकको कविता गोरखापत्रमा प्रकाशित गरेका हुन् । उनले फुटकर कविता विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित गराएका छन् । त्यस्तै उनी गजल, हाइकु, ताङ्का, सूत्रकविता, समालोचना आदि लेखनमा नित्य क्रियाशील रहेका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू यस प्रकार रहेका छन् ।

(क) बाँसुरीमा आँसुको गीत गजलसङ्ग्रह (२०५७)

(ख) अक्षरहरूको देश कवितासङ्ग्रह (२०५८)

(ग) अनुभूतिको जुलुस सूत्रकवितासङ्ग्रह (२०६०)

(घ) अभियुक्त ईश्वर ताङ्कासङ्ग्रह (२०६२)

#### (क) गजलकार व्यक्तित्व

अमर त्यागी गजलकारका रूपमा पनि परिचित छन् । उनको **बाँसुमा आँसुको गीत** गजलसङ्ग्रह (२०५७) पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसमा समाविष्ट गजलहरू प्रेमप्रसङ्ग, श्रृङ्गार रसयुक्त रहेका छन् । साथै विकृति, विसङ्गति, अन्याय, अत्याचारप्रति तीखो व्यङ्ग्य गरिएको छ । यसमा गेयात्मक पक्षलाई साङ्गीतिक रूपमा व्यक्त गरिएको छ । त्यस्तै शब्दहरूको अन्त्यानुप्रास र पुनरावृत्तिले थप लयात्मक बनेका छन् ।

#### (ख) कवि व्यक्तित्व

अमर त्यागीको कवि व्यक्तित्व महत्वपूर्ण रहेको छ । उनको साहित्य लेखनको आरम्भ वि. सं. २०४० मा गोठाला-गोठाल्नी शीर्षकको कविता गोरखापत्रमा प्रकाशित गरी भएको हो । उनले वि. सं. २०४० देखि २०५७ सम्म रचना गरेका फुटकर कविताहरूलाई समेटी **अक्षरहरूको देश** कवितासङ्ग्रह (२०५८) पुस्तकाकार रूपमा प्रकाशित गराएका छन् । यसमा विभिन्न शीर्षकका जम्मा ४४ वटा फुटकर कविताहरू रहेका छन् । यी कविताहरू मुक्त गद्यलयमा रचिएका छन् । साथै यी कविताहरूमा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । त्यस्तै उनको **अनुभूतिको**

**जुलुस** सूत्रकविता (२०६०) पुस्तकाकार रूपमा प्रकाशित भएको छ । यसमा जम्मा ३ सय २४ वटा शीर्षकमा एक शब्दका शीर्षक र एक लाइने क्रियापदविहीन शब्दहरूको संरचना पाइन्छ । यी शीर्षकका कवितामा प्रकृतिको यथार्थ चित्रण, मानवीय पीर, व्यथा र आर्थिक, सामाजिक, राजनीतिक विषय समावेश गरिएका छन् ।

(ग) ताङ्काकार व्यक्तित्व

अमर त्यागी ताङ्काकारका रूपमा पनि परिचित रहेका छन् । उनको **अभियुक्त ईश्वर** ताङ्कासङ्ग्रह (२०६२) पुस्तकाकारका रूपमा प्रकाशित भएको छ । यसमा समष्टिगत रूपमा विश्वस्रष्टा भनिने ईश्वरलाई अभियुक्तका रूपमा छानबिनका लागि उभ्याइएको छ । यसमा ५+७+५+७+७ गरी जम्मा ३१ अक्षरे गुच्छाको पाँच हरफ हुन्छ । ताङ्काको ५+७+५ को पहिलो अंशलाई कामि-कु र दोस्रो अंश ७+७ सिमो-कु भनिन्छ । यसरी पहिलो अंशले जिज्ञासामूलक हाइकुको सूत्रपात गर्छ भने दोस्रो अंशले शोक कवितालाई झल्काउँछ । यी दुई अंशको समष्टिगत मेल नै ताङ्का हो । यस सङ्ग्रहमा प्राकृतिक सौन्दर्य, राष्ट्रिय प्रतिष्ठा, धर्म, संस्कृतिलगायत विषयलाई समेटिएको छ ।

## २.२.२ साहित्येत्तर व्यक्तित्व

अमर त्यागी साहित्यकारका अतिरिक्त गैरसाहित्यिक व्यक्तित्वका रूपमा पनि परिचित रहेका छन् । उनले विभिन्न सङ्घसंस्थाहरूको सञ्चालनमा पत्रपत्रिकाहरूको सम्पादन गरेर तथा शिक्षक र प्राध्यापक आदि भएर कुशलतापूर्वक कार्यसम्पादन गरेका छन् ।

(क) शिक्षक प्राध्यापक व्यक्तित्व

अमर त्यागीको शिक्षक प्राध्यापक व्यक्तित्व पनि महत्वपूर्ण रहेको छ । उनले विद्यालयमा प्रधानाध्यापक भएर, क्याम्पसमा नेपाली विभागका प्रमुख भएर आफ्नो कार्यभार सफलतापूर्वक पूरा गरेका छन् । त्यस्तै उनी विद्यालय तथा क्याम्पसको आर्थिक, सामाजिक आदि पक्षलाई समेटेर अघि बढ्न सफल भएका छन् ।

(ख) सम्पादक व्यक्तित्व

अमर त्यागीले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । उनले भानुको प्रतिनिधि, सोपान, मुर्च्छना, जनहित, ज्योति, प्रज्ञान तथा सगरलगायत पत्रपत्रिकाहरूको सम्पादन गरेर सम्पादकीय व्यक्तित्वलाई उच्च बनाएका छन् । यसरी उनको सम्पादक व्यक्तित्व सबल नै रहेको छ ।

(ख) सङ्घसंस्था सञ्चालक व्यक्तित्व

अमर त्यागीले विभिन्न सङ्घसंस्थाहरूको सञ्चालन गरेको पनि देखिन्छ । गजल गुँडका संस्थापक त्यागीले देवकोटा स्मृति सभा, बारा साहित्य परिषद्, हास्यव्यङ्ग्य समाज नेपाल बारा, नेपाल भोजपुरी प्रतिष्ठान, नेपाल आख्यान समाज आदि सङ्घसंस्थाहरू स्थापना तथा सञ्चालन गरेका छन् । साथै उनी अनेक साहित्यिक तथा सामाजिक सङ्घसंस्थाहरूसँग सम्बन्धित छन् ।

# परिच्छेद-तीन

# अमर त्यागीको साहित्ययात्रा र चरण विभाजन

## ३.१ अमर त्यागीको साहित्ययात्रा र चरण विभाजन

अमर त्यागीको लगभग २८ वर्षे साहित्यिक यात्रालाई हेर्ने सन्दर्भमा उनको साहित्य लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाहरूलाई मूल आधार मानिन्छ । उनका प्रकाशित पुस्तकाकार कृतिका गुण, विधाक्षेत्र, साहित्यिक रचनाको स्तरीयता आदि पक्षलाई आधार बनाएर साहित्ययात्राको चरण, मोड वा काल विभाजन गर्न सकिन्छ । उनको हालसम्मको साहित्ययात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गर्न सकिन्छ ।

(क) प्रथम चरण (वि.सं.२०४० देखि २०५६ सम्म)

(ख) द्वितीय चरण (वि.सं.२०५७ देखि २०६१ सम्म)

(ग) तृतीय चरण (वि.सं.२०६२ देखि हालसम्म)

उपर्युक्त चरण विभाजनको उचित आधार र चरणगत चर्चा निम्नअनुसार गर्न सकिन्छ ।

### (क) प्रथम चरण (वि.सं.२०४० देखि २०५६ सम्म)

अमर त्यागीको साहित्ययात्राको प्रथम चरण वि.सं. २०४० मा गोरखापत्रमा प्रकाशित गोठाला-गोठाल्नी शीर्षकको कविता प्रकाशनसँगै आरम्भ भएको हो । यस समयावधिमा उनले फुटकर रूपमा कविता, गजल, हाइकुको सिर्जना गरी विभिन्न पत्रपत्रिकामा प्रकाशन गरे । यो चरण उनको आरम्भिक चरण भएकाले यस चरणका कृतिहरूमा सोझो, सरल र सुबोध भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । यस समयमा देशका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक परिवर्तनले ठूलो प्रभाव पारेको छ । यस समयावधिमा आंशिक रूपमा पत्रपत्रिकाहरूमा कविता र गजल प्रकाशित भएका थिए । उनको यस चरणलाई आभ्यासिक चरण मानिन्छ । यस समयावधिमा कुनै पुस्तकाकार कृति भने प्रकाशन भएका छैनन् ।

### (ख) द्वितीय चरण (वि.सं.२०५७ देखि २०६१ सम्म)

अमर त्यागीको साहित्ययात्रालाई हेर्दा द्वितीय चरणमा उनले **बाँसुरीमा आँसुको गीत** गजलसङ्ग्रह (२०५७) पुस्तकाकार कृतिको रूपमा प्रकाशन गरेका छन् । यस चरणमा उनको लेखनशैली परिष्कृत र स्तरीय बनेको देखिन्छ । यस सङ्ग्रहका गजलहरू प्रेमप्रसङ्ग शृङ्गार रसयुक्त रहेका छन् । साथै गेयात्मक पक्षलाई साङ्गीतिक रूपमा व्यक्त गरिएको छ । साथै गजलमा प्रयुक्त शब्दहरूको अन्त्यानुप्रासले गर्दा गजलहरू भावात्मक, लयात्मक र साङ्गीतिक बनेका छन् । त्यसैले यसै कृतिलाई नै चरण विभाजनको आधार मानिन्छ । त्यस्तै यस समायावधिमा उनका फुटकर कविताहरूको सङ्कलित पुस्तकाकार कृति **अक्षरहरूको देश** (२०५८) प्रकाशित भएको छ । यसमा जम्मा ४४ वटा फुटकर कविताहरू रहेका छन् । गद्य लयमा रचित यी कविताहरू देशमा उत्पन्न विकृति, विसङ्गति शोषण, दमन, अन्याय, अत्याचार, नारी समस्या आदिलाई विषयवस्तु बनाइएको छ । साथै यस समयावधिमा उनको अर्को पुस्तकाकार कृति

**अनुभूतिको जुलुस** (२०६०) सूत्रकविता प्रकाशित भएको छ । यसमा ३ सय २४ वटा सूत्रकविताहरू समाविष्ट छन् । साथै प्रकृति, संस्कृति, धर्म, अन्याय, अत्याचार जस्ता पक्षमा देखिएका कमजोरीलाई औँल्याउने काम भएको छ । नवीनतम् कृति भएर पनि यो कृति कमजोर रहेको महसुस हुन्छ । यसरी यस समयावधिमा उनको काव्यकारिता फस्टाएको देखिन्छ । साथै भाषा व्यङ्ग्यात्मक, आलङ्कारिक रहेको छ । यसमा वर्गीय चेतनाको भाव व्यक्त गरिएको पाइन्छ । समग्रमा यस चरणलाई उपलब्धिमूलक मानिएको छ ।

(ग) तृतीय चरण (वि. सं. २०६२ देखि हालसम्म)

अमर त्यागीको साहित्ययात्राको तृतीय चरण उनको नवीनम् कृति **अभियुक्त ईश्वर** ताङ्कासङ्ग्रह (२०६२) सँगै भएको देखिन्छ । जापानी हाइकुभन्दा पृथक् संरचना रहेर ताङ्का लेखनमा उनी लागेर पूर्ण परिपक्व भएका देखिन्छन् । जम्मा ३१ अक्षरे ताङ्का ५+७+५+७+७ अक्षरगुच्छाको पाँचहरफे हुन्छ । यो उनको नवीनतम गुणस्तरीय प्रयोगशील कृति पनि हो । यसमा समष्टिगत रूपमा विश्वस्रष्टा भनिने ईश्वरलाई अभियुक्तका रूपमा छानबिनका लागि उभ्याइएको छ । यसमा प्राकृतिक सौन्दर्य, राष्ट्रिय प्रतिष्ठा, आत्मानुभूति, धर्म, संस्कृतिलगायत विषयवस्तुलाई समेटिएको छ । यस समयावधिमा आइपुग्दा उनको चिन्तन र लेखन परिपक्व बनेको देखिन्छ । उनी खोजमूलक समालोचना लेखनमा पनि क्रियाशील रहेका छन् । उनी वर्तमान समसामयिक नेपाली कविताको क्षेत्रमा योगदान दिने प्रखर स्रष्टाका रूपमा स्थापित रहेका छन् । त्यसैले यस चरणलाई नयाँ चरणको रूपमा विभाजन गरिएको हो । यसमा समाजमा व्याप्त कुरीति, कुसंस्कार, जात, वर्ण र लिङ्गबीच गरिने असमान भेदभावपूर्ण व्यवहारको अन्त्य हुनुपर्ने सन्देश दिएको पाइन्छ ।

## निष्कर्ष

अमर त्यागीको ४३ वर्षे जीवनलाई समाजमा विद्यमान आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक समस्या आदिले प्रभाव पारेको पाइन्छ । उनले प्रारम्भमा कविता विधाबाट आफ्नो साहित्ययात्रा सुरु गरी गजल, कविता, सूत्रकविता, ताङ्का, हाइकु, मुक्तक, समालोचना विधामा कलम चलाएका छन् । उनका पहिलो चरणका फुटकर कविताका विषयवस्तु र शिल्प पक्ष कमजोर रहेका छन् । उनका गजलहरूमा प्रेमप्रसङ्ग र श्रृङ्गार रसलाई प्रस्तुत गर्दै समाजमा विद्यमान छुवाछुत, शोषण, अन्याय र नारी समस्यालाई सत्य-तथ्यका साथ विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । पछिल्लो चरणमा उनको लेखनशैली स्तरीय, सबल र ओजपूर्ण रहेको भेटिन्छ । मूल रूपमा उनले नेपाली साहित्यको काव्य विधामा नै कलम चलाइरहेका देखिन्छन् । उनी निरन्तर रूपमा साहित्य सिर्जनामा क्रियाशील रहेका छन् ।

# परिच्छेद-चार

# अक्षरहरूको देश कवितासङ्ग्रहको अध्ययन

## ४.१ कवितको सैद्धान्तिक परिचय

### ४.१.१ कविता शब्दको व्युत्पत्ति

साहित्यको एउटा प्राचीन विधा कविताका बारेमा पूर्व र पश्चिम दुवैतिर प्रशस्त चर्चा-परिचर्चा भएको पाइन्छ । पूर्वीय साहित्यशास्त्रमा काव्य शब्दको व्युत्पत्ति कवि शब्दमा य (व्यत्) प्रत्यय लागेर भएको हो । *(लुइटेल, २०६०: पृ.१)* यसले कविद्वारा गरिएको रचना अथवा कविको सिर्जना भन्ने अर्थ बोध हुन्छ । काव्य सिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ । कवि शब्दको निर्माण कव् धातुमा इ (इन्) प्रत्यय अथवा कु धातुमा अ (अच्) र इ प्रत्यय लागेर भएको हो । कव् धातुले सर्वज्ञता वा वर्णन कौशलको अर्थ बोध गराउँछ ।

पूर्वीय साहित्यमा काव्यको समानार्थीका रूपमा लिएको कविता शब्दको व्युत्पत्ति कवि शब्दमा त् (तल्) र आ (ताप्) अर्थात् कवि+ताबाट भएको हो । कविले रचनाकारलाई तथा ताले कविको रचनालाई बुझाउँछ । पूर्वीय साहित्यमा काव्य, कविता र कवि शब्द परस्पर सम्बद्ध देखिन्छन् । पश्चिमी साहित्यशास्त्रमा कवितालाई पोएट्री अथवा पोयम भनिन्छ । पोएट्री अथवा पोएम शब्दले कविद्वारा सिर्जित पद्यात्मक रचना वा कवि कर्म भन्ने अर्थ दिन्छ । यसर्थ पूर्व र पश्चिम दुवैतिर यिनले दिने अर्थ पनि प्राय समान रहेको देखिन्छ ।

### ४.१.२ कविताको परिभाषा

पूर्वीय तथा पश्चिमी साहित्यका विभिन्न विद्वान्हरूले प्राचीन कालदेखि नै कवितालाई चिनाउने क्रममा यससम्बन्धी अवधारणाहरू अघि सार्दै आएको पाइन्छ । तीमध्ये केही अवधारणाहरूलाई यहाँ प्रस्तुत गरी एउटा उपयुक्त परिभाषा तयार गर्नु आवश्यक देखिन्छ । संस्कृत साहित्यशास्त्रीहरूले प्राचीन कालदेखि नै काव्यसम्बन्धी धारणाहरू प्रस्तुत गरे पनि संस्कृतमा स्पष्टत : कविता नै भनेर कसैले पनि परिभाषा गरेको पाइँदैन । कविताको परिभाषा खोज्ने क्रममा विभिन्न समयका संस्कृत साहित्याचार्यहरूद्वारा अघि सारिएका काव्यसम्बन्धी प्रमुख धारणा तल प्रस्तुत गरिन्छ । भामहले शब्द र अर्थको सहभाव काव्य हो भनेका छन् । विश्वनाथले रसात्मक वाक्य काव्य हो भनेका छन् । जगन्नाथले रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो भनेका छन् । यसरी पूर्वीय साहित्यमा प्रारम्भदेखि नै काव्यका शब्द, अर्थ, अलङ्कार, रस, ध्वनिजस्ता बाह्यान्तरिक पक्षहरूका बारेमा चर्चा गरेको पाइन्छ । उत्तरवर्ती आचार्यहरूमध्ये आत्मा मानेर ध्वनिलाई, कुन्तकले वक्रोक्तिलाई, क्षमेन्द्रले औचित्यलाई काव्यको आत्मा मानेर आफ्ना-आफ्ना धारणा अगि सारेका छन् ।

पाश्चात्य साहित्यका विभिन्न कवि, समालोचक एवम् चिन्तकहरूले प्राचीन कालदेखि नै कवितालाई विभिन्न ढङले परिभाषित गरेको पाइन्छ । केही प्रमुख परिभाषाहरू तल प्रस्तुत गरिन्छ । फिलिप सिड्नीले अनुकरणको कला नै कविता हो भनेका छन् । एड्गर एलेनपोले सौन्दर्यको लयात्मक

सिर्जना कविता हो भनेका छन् । विलियम हेनरी हड्सनले कविता कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या जस्तै हो भनेका छन् । जोनक्रो-यान्समले कविता स्थानिक बुनोटयुक्त तार्किक संरचना हो भनेका छन् । यसरी हरेकका परिभाषामा पाइने पृथकपृथक विशिष्ट पक्षहरूमध्ये कल्पना, सन्देश, मनोवेग, भावना वा विचार, लय वा सङ्गीत, भाषिक अभिव्यक्तिगत विशिष्टता आदिलाई समन्वित गरेर समग्रमा कवितालाई चिनाउन सकिन्छ ।

नेपाली साहित्यका कवि, समालोचक एवम् चिन्तकहरूले पनि कविताको परिभाषा गरेका छन् । तीमध्ये प्रमुख परिभाषाहरू तल प्रस्तुत गरिन्छ । लक्ष्मीप्रसाद देवकोटाले नेपाली शाकुन्तल (२००२) मा कविता कोमल वनिता, रसयति रसित रसेन सम्मिलिता भनेर कवितालाई यसरी चिनाएका छन् । बालकृष्ण समले आगो र पानी (२०११) मा कविता भावनाको बौद्धिक कोमलता हो भनेका छन् । पारषमणि प्रधानले कवि र कविता (२०१४) मा कवितालाई यसप्रकार चिनाएका छन् ।

*"कवि कविता होस् कविता कवि होस् ।*

*कविता तब पो हुन्छ ।*

*शब्द थुपारीकन के हुन्छ ?*

*भाव भए पो हुन्छ ॥"*

सिद्धिचरण श्रेष्ठले सिद्धिचरणका प्रतिनिधि कविता (२०४५) मा मानसिक ग्रन्थि यथार्थको झलक दिलाउनु कविता हो र यो सत्यको उद्घाटन पनि हो भनेका छन् । मोहनराज शर्माले समकालीन समालोचना सिद्धान्त र प्रयोग (२०५५) मा विचार, भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ भनेका छन् । नेपाली शब्दसागरले उक्त कथनलाई पुष्टि गर्दै थप भनेको छ- आफ्ना संवेदनशील अनुभूति र मानस सरोवरबाट तरङ्गित हुँदै आएका भावनालाई छन्द वा लयमय रूपले प्रकट गरिएको कृति वा रचना काव्य, कविताको काम गर्ने भाव वा पन, पद्यात्मक रचनालाई कविता भनिन्छ *(शर्म्मा नेपाल, २०५८: पृ. २४२)* भनेर परिभाषित गरेको पाइन्छ ।

प्रारम्भकालदेखि वर्तमान अवस्थामा आइपुग्दा कविताले आफ्नो अभिव्यक्तिलाई युगानुकूल बनाउँदै लगेको छ । कविता पद्य रचनामात्र नभएर गद्यात्मक रूपमा विविध विषयवस्तुलाई अंगाल्न सक्ने विधाका रूपमा रहेको छ । संस्कृत, पश्चिमी र नेपाली विद्वानहरूका माथि प्रस्तुत गरिएका कविताका परिभाषाहरूको समग्र अध्ययन विश्लेषण गरी कवितालाई संरचनात्मक ढङ्गमा यसरी परिभाषित गर्न सकिन्छ । भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचना कविता हो ।

### ४.१.३ कविताको संरचना र तत्वहरू

संरचना शब्द स्ट्रकचर को नेपाली रूपान्तर हो । सामान्यतया संरचनाले कुनै वस्तुलाई संगठित एवम् व्यवस्थित रूपमा एकत्रित गर्नु भन्ने जनाउँछ । संरचनाले साहित्यिक कृतिलाई एकीकृत ढङले पूर्ण आकृति प्रदान गर्ने अंशहरूको अभिरचना वा विन्यासलाई जनाउँछ । समग्रमा संरचनालाई यसरी परिभाषित गरिन्छ । 'विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व वा सत्तालाई संरचना भनिन्छ ।' *(लुइटेल, २०६०: पृ. ६१)* एउटा सफल कविता निर्माणका लागि आफ्नै आन्तरिक र बाह्य संरचक घटकहरूले उल्लेखनीय भूमिका निर्वाह गर्दछन्

। साहित्यिक संरचनाको अभिव्यक्ति भाषिक संरचनाबाट हुन्छ र भाषा कविताको आधारसामग्री हो । भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचनाका रूपमा लिइने कविता स्वयम् पनि एउटा संरचना हो । पश्चिमी काव्य जगत्मा विषयवस्तु, भाषा, शैली, छन्द, लय, बिम्ब, प्रतीक आदिलाई कविताका तत्वका रूपमा लिइएको देखिन्छ । कविताका बारेमा उल्लिखित पूर्व र पश्चिम दुवैतर्फका घटकहरूको अध्ययन गरी समग्रमा भन्नुपर्दा कविताका संरचक घटकहरू वा आवश्यक तत्वहरू निम्नलिखित देखापर्छन् ।

(क) वस्तु

कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्व तथा आन्तरिक सत्व वा गुदिलाई वस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने सर्वप्रमुख तत्व हो । वस्तुबिना कृतिको संरचना हुँदैन । यसअन्तर्गत विषय, तत्व, आधारतत्व र यथार्थ पर्छन् । कृतिको विशेष र आवश्यक घटक मानिने वस्तु कृतिको प्रकृतिअनुरूप फरक हुन्छ । प्रगीतात्मक कवितामा मुख्यतः भाव वा विचार, आख्यानात्मक कवितामा घटना, प्रसङ्ग वा कथानक र नाटकीय कवितामा कार्यव्यापार वा द्वन्द्वका रूपमा वस्तुको उपस्थिति रहन्छ । काव्य सिर्जनाका लागि जीवनजगत्का यावत विषयवस्तु अर्थात् संसारका धर्म, मानवीय स्वभाव, अनुभूति, तात्कालिक यथार्थवस्तुस्थिति आदि ग्रहण गर्न सकिन्छ ।

(ख) सहभागी

सामान्यतया साहित्यिक सन्दर्भबाट हेर्दा साहित्यिक कृति वा संकथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जीव वस्तुहरू पनि हुन सक्छन् । साहित्यिक विधाका अनेक कृतिहरूमा प्रस्तुत गरिएका विभिन्न नामहरूलाई सहभागी मानिन्छ । कृतिमा सहभागीहरूको चरित्रचित्रण गर्दा अनुकूल, स्वभाविक, यथार्थ, जीवन्त, मौलिक र पूर्ण आदि गुणहरूमा विशेष ध्यान पुऱ्याउनुपर्छ ।

(ग) परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण, पृष्ठभूमि आदि भनेको पाइन्छ । कुनै पनि कृतिमा प्रस्तुत स्थान, समय र वातावरणको संयुक्त रूप नै परिवेश हो । यसले वस्तु र सहभागीलाई गतिशील र जीवन्त तुल्याउने आधार प्रदान गर्दछ । कविताका जुनसुकै प्रकारमा पनि व्यापक, विस्तृत, सङ्क्षिप्त, सांकेतिक, प्रतीकात्मक आदिमध्ये कुनै ढङ्गमा प्रवेश अनिवार्य रूपले आउने हुँदा यसलाई कविताको एउटा संरचक तत्व मानिएको हो ।

(घ) उद्देश्य

साहित्य सिर्जनाको प्रयोजन मूलकतालाई उद्देश्य भनिन्छ । साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउँछ । यसले अपेक्षित परिणाम तथा वैयक्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई बुझाउँछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमूलक ढङले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रूपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तर्निहित हुन्छ । बिनाउद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिँदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिकै लागि रचिन्छन् । कविता

सिर्जनाको उद्देश्य प्राप्तिका लागि त्यसका वस्तु, सहभागीहरूलगायत अन्य संरचक तत्वहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ । आधुनिक कविता लेखनको उद्देश्य मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदि देखिन्छ ।

### (ङ) संरचना, लयविधान र भाषाशैली

संरचना दुई किसिमको हुन्छ- आन्तरिक र बाह्य । कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्ति विधान तथा पङ्क्ति पुञ्जसँगै थालिन्छ र त्यसका विविध भाग परिच्छेद हुँदै विस्तारित हुन्छन् । आन्तरिक संरचना कृतिमा अँगालिएको कथन पद्धतिका माध्यमबाट थालिन्छ । साथै केन्द्रीय कथ्य, भाव विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको यात्रापथ हो ।

कविता विधाको मुख्य विधागत परिचायक स्वरुप तत्व लयविधान हो । भाषाशैलीको पङ्क्तिगत र पङ्क्ति पुञ्जगत उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लयविधानको लक्ष्य हो ।

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भावाभिव्यक्तिको सर्वमुख र शसक्त साधन भाषाका माध्यमबाटै साहित्यिक कृतिको रचना हुन्छ । गद्य कवितामा सामान्यतया सोझो अभिव्यक्ति र व्याकरणसम्मत भाषाको प्रयोग हुन्छ ।

शैली साहित्यिक रचनामा लेखकका व्यक्ति विशेषताको छाप दिने वा विषयवस्तुका अनुकूल भाव अभिव्यक्ति हुने खास ढाँचालाई बुझाउँछ । *(त्रिपाठी र अन्य सम्पा. २०५२: पृ.१०११)* शैली अभिव्यक्तिको तरिका हो । भाषा र शैलीका बीचमा अन्योन्याश्रित सम्बन्ध छ । त्यसै गरी कवितामा विविध रस, छन्द, बिम्ब, प्रतीक र अलङ्कार आदिको पनि प्रयोग गरिएको हुन्छ । यी विविध तत्वहरूको प्रयोगले कविता सहज, सरल र श्रुतिमधुर हुन्छ ।

### निष्कर्ष

कविताको महत्वपूर्ण तत्व वस्तुलाई मानिन्छ । निश्चित वस्तुमा केन्द्रित भई कविता सिर्जना गरिन्छ । दोस्रो स्थानमा सहभागीका रूपमा पात्र रहन्छ । पात्र वक्ता, टिप्पणीकर्ता, सजीव, निर्जीव, पुरुष, महिला, मञ्चीय गौण, वर्गीय हुन्छन् । सहभागी रहने स्थान, समय र परिवेशको चित्रण गर्दै यथार्थलाई व्यक्त गर्दै कविता अघि बढ्छ । त्यस्तै संरचना, लयविधान र भाषाशैलीले पनि कवितालाई  सरल, सहज र लयात्मक बनाउँछ । मूलतः कविताको वस्तु आदिको विश्लेषण गरी उचित निष्कर्षमा पुग्ने काम हुन्छ ।

## ४.२ अक्षरहरूको देश कवितासङ्ग्रहका कविताहरूको विश्लेषण

### ४.२.१ अनुभूतिका प्रतिबिम्बहरू कविताको विश्लेषण

### (क) वस्तु

'अनुभूतिका प्रतिबिम्बहरू' कविताको विषयवस्तु विविध संस्कृति, धर्म, प्रकृति रीतिरिवाजको बहुलता र ऐतिहासिकतामा केन्द्रित रहेको देखिन्छ । यस कवितामा प्राकृतिक सुन्दरता तथा सांस्कृतिक विविधताको चित्रण गरिएको छ । यहाँ यतीको वा योगीको देशमा घाम-जूनको लुकामारीसँगै सुनाखरी र सुनगाभा फुलेर पाखाभरि सुन्दरता छाएको यथार्थ वर्णन गरिएको छ । सांस्कृतिक विविधताको देशमा आ-

आफ्नो संस्कृतिको गरिमा जोगाइराख्न गुम्बामा बोधिऋचा गुन्जाउँदै डम्फु र सेलोसँगै ल्होसार मनाएको कुरा व्यक्त गरिएको छ । त्यस्तै रोदिघरको आँगनीमा विनायो र मुर्चुङ्गाका सुरसँगै नारी र पुरषबीच सद्भाव साट्दै द्यौसी र भैलिनी खेल्ने गरेको प्रसङ्ग पनि उल्लेख गरिएको छ । यहाँ विविध जात-जातिका मानिसहरू शेर्पा, तामाङ, राई, लिम्बू, क्षत्री, ब्राह्मण आदिको बसोबास रहेको र यहाँका मानिसहरूमा विविधतामा एकता, सदभाव र सहिष्णुता रहेको कुरा कलात्मक ढङ्गले व्यक्त गरिएको छ । वर्तमान समयमा यस देशका युवा-युवतीहरू विषालु हावासँगै आर्थिक प्रलोभनमा परेर पराइको रमझममा लोभिएर सुकिला मनहरू अरबतिर र कलिला तनहरू कोठीतिर भित्रिएको यथार्थ चित्रण गरिएको पाइन्छ । जसले गर्दा आज राष्ट्रले ठूलो नोक्सानी बेहेर्नुपरेको तीतो यथार्थता प्रकट गरिएको छ । यहाँका युवयुवतीसँगै संस्कृति पनि लोप हुँदै विदेशिएको छ । त्यसैले हामी सबैले राष्ट्रियताप्रतिको मोह राखी राष्ट्रमा नै सतकर्म गरी जिउनुपर्ने र आ-आफ्नो संस्कृतिलाई जीवन्त राख्नुपर्ने कुरा नै यस कविताको मूल विषयवस्तु रहेको छ ।

(ख) सहभागी

यस कवितामा विभिन्न सजीव, निर्जीव, मानवीय, मानवेत्तर, नारी, पुरुष, मञ्चीय, गौण र वर्गीय पात्रहरूको उपस्थिति देखिन्छ । यहाँ डोल्मा र दावा सजीव मानवीय पात्र हुन् । त्यस्तै हर्कवीरहरू, सुन्तलीहरू वर्गीय पात्रका रूपमा उपस्थित छन् । साथै सुनगाभा, सुनाखरी, आँखाहरू, लाशहरू मानवेत्तर पात्रका रूपमा उपस्थित रहेका छन् । यसरी यस कवितामा यी विविध पात्रहरूको माध्यमबाट विषयवस्तु अघि बढेको पाइन्छ । समग्रमा पात्रअनुकूल विषयवस्तु रहेको छ ।

(ग) परिवेश

यस कवितामा ग्रामीण हिमाली, पहाडी, सांस्कृतिक विविधतामय परिवेश रहेको छ । साथै वसन्त ऋतु, शरद ऋतु र शिशिर ऋतुको समयलाई मूल रूपमा सङ्केत गरिएको छ । त्यस्तै आर्थिक प्रलोभनमा परी युवयुवतीहरू विदेशतिर भासिनुले आंशिक रूपमा विदेशको परिवेशको सङ्केत पनि गरिएको छ । यहाँ प्रासङ्गिक रूपमा जोडिएका स्थान गुम्बा, रोदिघर, भन्ज्याङ, देउराली डाँडा आदि रहेका छन् । यस कवितामा विविध ठाउँको, विविध समय र परिवेशको चित्रण गरिएको पाइन्छ ।

(घ) उद्देश्य

यस कवितामा प्राकृतिक सुन्दरता, सांस्कृतिक विविध र ऐतिहासिक धरोहरलाई छाडेर विदेशतिर हिँड्नुपर्ने नेपालीहरूको अशिक्षा र गरिबीको चित्रण गरिएको छ । त्यस्तै प्रकृति र संस्कृतिको मानव जीवनसँग आन्योन्याश्रित सम्बन्ध रहेको कुरा पनि देखाइएको छ । यहाँ विविध संस्कृतिलाई जीवन्त राख्नुपर्ने सन्देश दिइएको छ । यसमा प्राकृतिक र सांस्कृतिक दृश्य-परिदृश्यका माध्यमबाट शाश्वत अनुभूतिका आनन्ददायी भावलाई प्रस्तुत गर्दै जीवन्त राख्नुपर्ने सन्देश दिइएको छ । साथै हिमाली र पहाडी तथा मानव जनजीवनका विविध झाँकीहरूलाई जीवन्त राख्नुपर्ने विचार पनि प्रकट गरिएको छ ।

त्यसै गरी देशभक्त नागरिकले स्वदेशमा नै रहेर सत्कर्म गरी जीवन व्यतीत गर्नुपर्ने मूल सन्देश दिइएको छ । यही नै यस कविताको उद्देश्य हो ।

### (ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ५३ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितालाई शब्दहरूको उचित विन्यास तथा अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"पहाडभरि फुल्छन् सुनगाभाहरू*

*पाखाभरि भुल्छन् सुनाखरीहरू ।"*

*(त्यागी, २०५८: ७)*

उपर्युक्त उद्धरणमा पहाडभरि-पाखाभरि, फुल्छन्-भुल्छन् र सुनगाभाहरू-सुनाखरीहरू शब्दहरूबीचमा पूर्वानुप्रास, मध्यानुपप्रास र अन्त्यानुप्रास रहेको छ । कवितामा संस्कृत तत्सम मूलका ॐ मणि पद्मे हुँ, सेलो, सद्भाव, प्रीति आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ७/८/९)* कवितामा विविध प्राकृतिक र सांस्कृतिक बिम्बहरू खुसीको बिस्कुन, मनको आँगन, हिमाश्रु निर्झरहरू, घामजूनको लुकामारी, लालीगुराँस फूलेको ओठ, गुम्बा, जिमाला, बख्खु, मुर्चुङ्गा, मादल र डम्फु आदिको प्रयोग गरिएको छ । यस कविताको भाषाशैली सरल, सहज रहेको छ । यसरी दुई शब्ददेखि पाँच शब्दसम्मका जम्मा ५३ पङ्क्तिमा संरचित गद्य लयात्मक अन्त्यानुप्रासयुक्त तथा संस्कृत तत्सम शब्दहरूका साथै बिम्ब, प्रतीकको प्रयोग भएर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

### निष्कर्ष

'अनुभूतिका प्रतिबिम्बहरू' कवितामा प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता र ऐतिहासिक धरोहरलाई देखाइएको छ । अशिक्षा, गरिबी र बेरोजगारीका कारणले नेपालका युवायुवतीहरू विदेश गएका र उनीहरूसँगै यहाँको लोकसंस्कृति पनि लोप हुने स्थिति रहेको यथार्थ प्रस्तुत गरिएको छ । यसमा विविध प्राकृतिक र सांस्कृतिक बिम्बहरूको प्रयोग गरिएको छ । साथै शब्दहरूको अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । त्यसैले यो कविता कथ्य र शिल्प दुवै दृष्टिले सुन्दर बनेको देखिन्छ ।

## ४.२.२ आत्मबोध कविताको विश्लेषण

### (क) वस्तु

'आत्मबोध' कविताको विषयवस्तु मानव जीवन भोगाइ र मान्छेका अनुभूतिसँग केन्द्रित रहेको छ । मान्छेको मनभित्रका भावना, चेतना, चिन्तन र अनुभूतिको सग्लो तस्बिर नै आत्मबोध हो । यस कविताको विषयवस्तु विविधतामय अनुभूतिबाट प्राप्त आत्मज्ञानको उद्‌बोधन नै हो । मनभित्र उठ्ने

भावनाका ज्वारभाटाले मान्छेको मन र मस्तिष्क धोएर नवीन बनाई अन्तश्चेतबाट अपूर्व आत्मबोध हुने कुरा कवितामा प्रस्ट पारिएको छ । मान्छेले जीवन भोगाइका क्रममा शिपीहरूबाट अनुभूतिका मोतीहरू बटुलेको हुन्छ । त्यस्तै चिन्तनको चाल्नोमा चेतनाहरू चालेर विचारका बिम्बहरू टिपी भावनाको भकारी भर्ने कुरा पनि यहाँ प्रस्ट पारिएको छ । साथै मान्छेले जीवनका सत्वहरूलाई कर्मरूपी नाङ्लोमा निफनेर ज्ञानरूपी बोधिवृक्षको छायामा जीवन र जगत्‌को अर्थबोध गरी समयको शाश्वत सत्यबोधसँगै आत्मबोध गर्ने कुरा प्रस्ट पारिएको छ ।

(ख) सहभागी

यस कवितामा प्रथम पुरुष सर्वनाम म पात्रका माध्यमबाट कविले आफ्ना मनमा लागेका आत्मानुभूतिलाई व्यक्त गरेका छन् । यहाँ वक्ता र उसका अभिव्यक्तिहरू सुन्ने श्रोता सहभागीका रूपमा उपस्थित छन् । यस कवितामा म पात्र सजीव, प्रमुख र मञ्चीय पात्रका रूपमा उपस्थित रहेको छ । यस कवितामा कविले म पात्रका माध्यमबाट आत्मबोध गरेका जीवन भोगाइका शाश्वत सत्यको अभिव्यक्ति दिएका छन् । त्यस्तै यहाँ गौण रूपमा निर्जीव पात्र ज्वारभाटाहरू, चेतनाहरू, शिपीहरू, मोतीहरू आदिको पनि प्रयोग गरिएको छ । मूलत : यस कवितामा म पात्रले जीवन भोगाइको आत्मबोधलाई सम्बोधकका रूपमा वर्णन गरिरहेको छ । विषयवस्तुअनुरूप पात्रको उपस्थिति रहेको देखिन्छ ।

(ग) परिवेश

यस कवितामा म पात्रले आत्मबोधको अभिव्यक्ति दिने क्रममा मानवीय जीवनको वर्णन गरेको छ । यहाँ सङ्केतात्मक रूपमा मनको सागर, कर्मको नाङ्लो, जीवन र जगत्‌को अभिव्यक्ति दिनुले स्थान, समय र वातावरणको सामान्य चित्रण मात्र रहेको छ, विषयवस्तु र पात्रअनुकूलको परिवेश रहेको छ ।

(घ) उद्देश्य

यस कवितामा समय, जीवन भोगाइ र अनुभूतिको सार्वकालिकता तथा चेतना र भावनाको मूलभूत पक्षलाई व्यक्त गरिएको छ । यस कवितामा चिन्तनले चेतना उद्‌बोध हुने र भावनाले मानव हृदयलाई उर्वर राख्ने कुरा प्रस्ट पारिएको छ । त्यस्तै अनुभूतिले अन्तरचेत जागृत हुने भाव उद्‌घाटन गरिएको छ । मानव जीवनलाई कर्मशील र आत्मालाई ऊर्जाशील राख्न नित्य नवीन चिन्तनका साथ मन-मस्तिष्क क्रियाशील राख्नुपर्ने विचार व्यक्त गरिएको छ । यही नै यस कविताको उद्देश्य पनि हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा २२ पङ्क्ति रहेका छन् । यस कवितामा गद्य लयको प्रयोग गरिएको छ । शब्दहरूको उचित विन्यास र अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका क्लेश, शाश्वत, बोधिवृक्ष आदि शब्दहरू प्रयोग

गरिएका छन् । *(त्यागी, २०५८: १०)* यस कवितामा आत्मकथन शैलीको प्रयोग गरिएको छ साथै विविध बिम्ब, प्रतीक र अलङ्कारको समेत प्रयोग गरिएको पाइन्छ । जस्तै :

*"भोगाइका शिपीहरूबाट म*
*अनुभूतिका मोतीहरू बटुल्छु*
*र संवेदनाको माला उन्छु ।"*

*(त्यागी, २०५८: १०)*

उपर्युक्त उद्धरणमा शिपी, मोती, माला आदि सुन्दर प्राकृतिक बिम्बको रूपमा प्रयोग भएका छन् । यस कवितामा सरल, सहज शब्दहरूको समेत प्रयोग गरिएको छ । यसरी दुई शब्ददेखि पाँच शब्दसम्मका जम्मा २२ पङ्क्तिमा संरचित गद्य लयको अन्त्यानुप्रासयुक्त तथा संस्कृत तत्सम मूलका शब्दहरू एवम् बिम्ब, प्रतीकको प्रयोग भएर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

### निष्कर्ष

'आत्मबोध' कवितामा मानवीय अनुभूतिका भाव शाश्वत र सर्वोपरी हुने तथ्यलाई उद्घाटन गरिएको छ । साथै अनुभूतिका चिन्तन भावहरूलाई समेट्दै मानवीय जीवन भोगाइका विश्वजनीय मान्यतालाई आन्तरिक भावनासँग समेट्दै सत्मार्गमा अघि बढ्ने विचार प्रकट गरिएको छ । यस कवितामा मानवीय जीवनलाई कर्मशील र आत्मालाई ऊर्जाशील राख्न नित्य नवीन चिन्तनका साथ मन-मस्तिष्क क्रियाशील राख्नुपर्ने विचार प्रकट गरिएको छ । साथै सरल, सहज बोधगम्य भाषाशैली रहेको छ । यो कविता कथ्य र शिल्प दुवै दृष्टिले सुन्दर बनेको छ ।

## ४.२.३ अक्षरहरूको देश कविताको विश्लेषण

### (क) वस्तु

'अक्षरहरूको देश' कवितामा राष्ट्र, राष्ट्रियता, स्वाभिमान, स्वतन्त्रता र जनताको सर्वोच्चतालाई मूल विषयवस्तुका रूपमा समेटिएको छ । साथै मानवीय सत्वृत्ति वा सदाचारको महत्व र महिमा तथा दुष्प्रवृत्ति वा दुराचारको निकृष्टतालाई पनि समेटिएको छ । त्यस्तै सत्य, न्याय, समानता, भ्रातृत्व र शान्ति नै विश्वको उन्नतिको मूल आधार भएको कुरा व्यक्त गरिएको छ । त्यस्तै युद्ध, आतङ्क, हत्या, त्रास र अशान्तिले विश्वलाई दुर्गतितिर धकेलेको कुरा पनि प्रस्ट पारिएको छ । यसमा हिटलर, बोकासा र लादेन सच्चा अक्षर नबन्ने तर बुद्ध, गान्धी र मन्डेला सच्चा अक्षर बनेर विश्वमा एकता, शान्ति र समानताको भाव जागृत गर्ने मूल विषय रहेको छ । अक्षरहरू आफैँमा सार्वभौम र शक्तिसम्पन्न हुन्छन् । त्यसैले अक्षरहरू मिलेर शब्द र शब्दहरू मिलेर अध्याय बनेझैं व्यक्ति-व्यक्ति मिलेर समाज र समाज-समाज मिलेर राष्ट्र बनेको कुरा व्यक्त गरिएको छ । देशमा हत्या, हिंसा, दमन, अराजकता, आतङ्क बढ्दै गएकाले शान्ति, सहिष्णुता र समानता स्थापनामा सबै एकजुट भई लाग्नुपर्ने देखिन्छ । साथै अक्षरहरूको आफ्नै

परम्परा, प्रवृत्ति, सभ्यता, संस्कृति, मूल्य र मान्यता रहन्छ भन्ने विषयलाई पनि यस कवितामा समेटिएको छ । त्यसैले यस कविताको विषय जीवनजगत्का सकारात्मक वृत्तिहरूप्रति केन्द्रित रहेको पाइन्छ ।

(ख) सहभागी

यस कवितामा अक्षरहरू निर्जीव वस्तु तथा बुद्ध, गान्धी, मन्डेला, हिटलर, बोकासा र लादेन आदि सजीव मानवीय व्यक्ति पात्रका रूपमा उपस्थिति छन् । यसमा मूल पात्रका रूपमा अक्षरहरू आएका छन् । विषयवस्तुलाई सहज रूपमा अघि बढाउन व्यक्ति चरित्रका रूपमा बुद्ध, गान्धी, हिटलर आदिको प्रभावकारी भूमिका रहेको पाइन्छ । त्यसैले निर्जीव तथा मानवीय पात्रहरूको सहउपस्थितिबाट कविताको विषय प्रसङ्गले गति प्राप्त गरेको छ ।

(ग) परिवेश

यस कवितामा शान्ति, सहिष्णुता र समानता रहेको तथा जनताहरू नै सार्वभौम र शक्ति सम्पन्न भएको परिवेशको चित्रण गरिएको छ । यहाँ स्वदेश तथा विदेशको समग्र विषय परिवेशको सङ्केत आएको छ । यसमा सम्पूर्ण मानवले दमन, अराजकता र आतङ्कबाट भयभीत भई आफ्नै सभ्यता, संस्कृति, मूल्य र मान्यतामा स्वतन्त्र भएर बाँच्न चाहेको समयको सङ्केत पनि रहेको छ । साथै स्वच्छ, सफा र शान्त वातावरणको पनि चित्रण गरिएको पाइन्छ । त्यसैले यस कवितामा समकालीन जीवनजगत्लाई नै परिवेशका रूपमा उतारिएको छ ।

(घ) उद्देश्य

यस कवितामा अक्षरहरूलाई ज्ञान, विज्ञान र चेतनाको अजस्र स्रोत मानिएको छ । अक्षरहरूको आराधनाबाट नै विश्वमा एकता, शान्ति र भ्रातृत्वको स्थापना गर्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । साथै अक्षरहरू भनेका जनता, सङ्कथन भनेको देश र मूल भाव भनेको सार्वभौमिकता र शक्ति सम्पन्न रहनु हो भन्ने विचार व्यक्त गरिएको छ । सत्य, न्याय, समानता, स्वतन्त्रता, एकता र सद्भावबाट नै विश्वमा शान्ति स्थापना गर्न सकिने कुरा मूल उद्देश्यका रूपमा रहेको छ । साथै अक्षरहरूको संविधानमा अक्षरहरू नै सर्वशक्तिमान र सार्वभौम सम्पन्न हुने कुरा मूल रूपमा रहेको देखिन्छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ३३ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा सरल, कोमल र सुन्दर पद-पदावलीको उचित विन्यास र अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"परिचयको अर्थमा*

*अक्षरहरू बुद्धहरू हुन्*

*अक्षरहरू गान्धीहरू हुन्*

*अक्षरहरू मन्डेलाहरू हुन् ।"*

*(त्यागी, २०५८: ११)*

उपर्युक्त उद्धरणमा अक्षरहरू-अक्षरहरू, बुद्धहरू, गान्धीहरू र मन्डेलाहरू तथा हुन्-हुन् शब्दहरूबीच पूर्वानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका अध्याय, सभ्यता, सार्वभौम आदि शब्दहरू प्रयोग भएका छन् । *(त्यागी, २०५८: ११/१२)* त्यस्तै विविध बिम्ब, प्रतीक र अलङ्कारको सबल प्रयोग गरिएको छ । अक्षरहरू जनताहरूका बिम्ब र सङ्कथन देशको बिम्बका रूपमा आएका छन् । त्यसै गरी शब्द अक्षरहरूको समाज, अध्याय अक्षरहरूको देश, अलङ्कार अक्षरहरूको राष्ट्रियता र लक्षण अक्षरहरूको संविधान जस्ता प्रतीकका रूपमा प्रयोग गरिएको छ । जस्तै :

*"अक्षरहरू बुद्धहरू हुन्*

*अक्षरहरू गान्धीहरू हुन् ।"*

*(त्यागी, २०५८:११)*

उपर्युक्त उद्धरणमा अक्षरहरूसँग बुद्ध र गान्धीलाई दाँजिएको हुनाले रूपक अलङ्कारको प्रयोग भएको छ । यस कवितामा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । यसरी दुई शब्ददेखि पाँच शब्दसम्मका जम्मा ३३ पङ्क्तिमा संरचित गद्य लयमा रचित तथा बिम्ब, प्रतीक र अलङ्कारयुक्त एवम् संस्कृत तत्सम मूलका शब्दहरूको प्रयोग भएर पनि सरल भाषाशैलीको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

### निष्कर्ष

'अक्षरहरूको देश' कवितामा राष्ट्रवादी तथा मानवतावादी भाव संयोजन गरिएको छ । यसमा विविध बिम्बहरूको माध्यमबाट मानवीय कर्मण्यताको सर्वोपरी महत्वलाई सम्बोधन गरिएको छ । साथै मानवीय स्वत्व र अस्तित्वको महत्वलाई उद्घाटन गर्दै शान्ति, सहिष्णुता र समानताको सार्थकता देखाइएको छ । राष्ट्र तथा विश्वको समुन्नतिमा जनशक्ति नै सर्वोच्च रहने हुँदा जनशक्तिलाई सत्कर्ममा लगाएर विश्वमा शान्ति स्थापना गर्न सकिने भाव यस कवितामा व्यक्त गरिएको छ । सरल, सहज र बोधगम्य भाषाशैलीले कविता सुन्दर र आकर्षक बनेको छ ।

## ४.२.४ निर्झर कविताको विश्लेषण

### (क) वस्तु

'निर्झर' कवितामा समय, आयु, संस्कार, चेतना र विचारको गतिशीलतालाई प्रस्तुत गरिएको छ । यस संसारमा हरेक मूर्त-अमूर्त वस्तु प्रतिपल निर्झरझैं गतिशील हुन्छ भन्ने विचार पनि व्यक्त गरिएको छ । यसमा निर्झरलाई पसिनाको रङ्ग, धर्म, राजनीति, जीवन, मृत्यु, हर्ष, विषाद, सभ्यता, इतिहास, संस्कार, संस्कृति बनेर निरन्तर झरिरहने वस्तुको रूपमा चित्रण गरिएको छ । मानव जीवनजगत्को वास्तविक भोगाइको निरन्तरतालाई व्यक्त गरिएको छ । त्यस्तै मानवीय दुष्कर्मण्यताको कलुषतालाई समयले नै धोएर सत्कर्मण्यतालाई स्वच्छ बनाइराख्ने भाव पनि व्यक्त गरिएको छ । यस कविताको मूल विषय मानव जीवनजगत् र भोगाइ नै रहेको छ । साथै जीवन र मृत्यु शाश्वत सत्य रहेको तथ्य पनि प्रकट गरिएको पाइन्छ । यसरी यस कवितामा जीवनजगत्लाई नै विषयवस्तुका रूपमा लिइएको छ ।

(ख) सहभागी

यस कवितामा विविध निर्जीव वस्तु निर्झर, इन्द्रेणी, नीलिमा, क्षितिज, घाम, जून आदि सहभागी पात्रका रूपमा उपस्थिति रहेका छन् । यहाँ निर्झरलाई प्रमुख पात्रका रूपमा उपस्थित गरिएको छ । यसलाई हरेक प्राणीको जीवनसँग तुलना गर्नुले हरेक प्राणीको जीवन निर्झरझैं निरन्तर झरिरहेको छ भन्ने विषय समेटिएको छ र निर्झर क्षितिजमा पानीको सपना उघार्दै युगको किनारै-किनार बगी, घामको न्यानो र जूनको शीतल तापेर झरिरहने सन्दर्भलाई पनि प्रस्तुत गरिएको छ । यसरी कवितामा निर्जीव सहभागीहरूलाई मानवीकृत रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

(ग) परिवेश

यस कवितामा इन्द्रेणी लागेको समय, झमझम झरी परिरहेको वर्षा ऋतु, घाम-जून लागेको शरद ऋतु आदिको चित्रण गरिएको छ । मानव जीवनवृत्तिको समयलाई समेट्दै धर्म, राजनीति, संस्कृति, मानवीय भावना आदिमा देखापरेका कमी-कमजोरीलाई व्यक्त गर्नुले वर्तमान समयको समेत चित्रण गरिएको सङ्केत पाइन्छ ।

(घ) उद्देश्य

यस कवितामा निर्झरलाई निरन्तर गतिशील रहने वस्तुको रूपमा देखाइएको छ । निर्झर मूल रूपमा समयको बिम्ब मानिएको छ । धर्म, दर्शन, इतिहास, चेतना, विचार, संस्कृति, राजनीति आदि सबै निर्झरझैं निरन्तर झरिरहेको हुन्छ भन्ने भाव व्यक्त गर्नु यस कविताको मूल उद्देश्य हो । त्यस्तै संसारमा हरेक वस्तु तरल र गतिशील रहने हुनाले मानवीय सोच र भोगाइ पनि यही गतिशीलतामा प्रवाहित भएको हुन्छ भन्ने विचार प्रकट गरिएको छ । त्यसैले हरेक मान्छेले सधैं सत्कर्ममा लागी आफ्नो जीवन सार्थक र महिमामयी बनाउनुपर्ने सन्देश दिइएको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा ५५ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा शब्दहरूको उचित विन्यास तथा अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"निर्झर*
*घामको न्यानो तापेर झर्छ*
*जूनको शीतल तापेर झर्छ ।"*

*(त्यागी, २०५८: १४)*

उपर्युक्त उद्धरणमा झर्छ-झर्छ, र तापेर-तापेर शब्दहरूबीच अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका नीलिमा, निर्झर, शाश्वत आदि शब्दहरू प्रयोग भएका छन् । *(त्यागी, २०५८: १३/१४/१५)* कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको सबल प्रयोग गरिएको छ । निर्झर समय र भोगाइको प्रतीकात्मक बिम्ब हो । निर्झरलाई समय, धर्म, इतिहास, संस्कार, चेतना, भावना र विचारको रूपमा लिँदै प्रतीकात्मक रूपमा हरेक वस्तु गतिशील हुन्छ भन्ने

देखाइएको छ । कवितामा घामको, जूनको जस्ता प्राकृतिक बिम्बको प्रयोग गरिएको छ । त्यस्तै घामको न्यानो तापेर, जूनको शीतल तापेर जस्ता पदावलीले प्रतीकात्मक रूपमा गतिशीलताको अर्थ वहन गरेका छन् । यस कवितामा सरल, सहज शब्दहरूको प्रयोग गरिएको छ । यो कविता कथ्य र शिल्प दुवै दृष्टिले प्रभावकारी बनेको छ ।

निष्कर्ष

'निर्झर' कवितामा निर्झरलाई निरन्तर गतिशील रहने विविध धर्म, दर्शन, संस्कृति, राजनीति आदि वस्तुका रूपमा चित्रण गरिएको पाइन्छ । त्यस्तै संसारका हरेक मूर्त, अमूर्त वस्तु आन्तरिक रूपमा चलायमान हुन्छन् भन्ने विज्ञानसम्मत भाव पनि व्यक्त गरिएको छ । यस कवितामा मूलतः समय र जीवनको गतिशीलता तथा चेतना र विचारको गतिमयता नै बिम्बात्मक रूपमा निर्झरको झरझर हो भन्ने भाव व्यक्त गरिएको छ । यसमा विभिन्न स्रोतका शब्दहरूको उचित संयोजन र अन्त्यानुप्रासले गर्दा कविता लयात्मक बनेको छ । समग्रमा यो कविता सरल, सहज र बोधगम्य रहेको छ । यो कविता कथ्य र शिल्प दुवै दृष्टिले सुन्दर बनेको छ ।

## ४.२.५ पहाड कविताको विश्लेषण

(क) वस्तु

'पहाड' राष्ट्रिय सार्वभौमिकता, आस्था र स्वतन्त्रताको प्रतीक हो । यस कविताको विषयवस्तु यही पहाडसँग सम्बन्धित रहेको छ । पहाडको अटलता राष्ट्रिय अस्तित्वको अटलता हो र चराहरूको स्वच्छन्द उडान जनताको स्वतन्त्रता हो । कवितामा यही मूल कथ्य विषय बनाएर रचना गरिएको छ । त्यस्तै विदेशी हस्तक्षेपले राष्ट्रिय अस्तित्वलाई आघात पुऱ्याउने दुष्प्रयास भए पनि राष्ट्रको स्वत्व र अस्तित्व पहाड जस्तै अटल रहनुपर्ने भाव समेटिएको छ । कुनै पनि निरङ्कुश शासन जनताका लागि सह्य नहुने हुँदा जनताहरूले आफ्नो जीवन र राष्ट्रको उन्नतिमा चराहरू जस्तै स्वतन्त्र र उन्मुक्त भई लाग्नुपर्छ भन्ने मूल कथ्य विषयवस्तु यस कविताको रहेको छ ।

(ख) सहभागी

यस कवितामा विभिन्न सजीव, निर्जीव, अमानवीय आदि पात्रहरू सहभागी रहेका छन् । यस कवितामा पहाड, चरा, सूर्य, चन्द्र, मुसा जस्ता मानवेत्तर पात्रहरू प्रयोग गरिएका छन् । यहाँ प्रमुख पात्रको रूपमा पहाड आएको छ । यस कवितामा पहाडको अटलता, स्थिरताको चित्रण गरिएको छ । यहाँ यी विविध पात्रहरूको माध्यमबाट कविता अघि बढेको छ । साथै पहाडलाई देशको अखण्डता र चराहरूलाई जनताका रूपमा चित्रण गरिएको छ । विषयवस्तुअनुरूप पात्रहरूको उचित प्रयोग गरिएको छ ।

(ग) परिवेश

यस कवितामा विविध भौगोलिक परिवेशको सङ्केत रहेको छ । वर्षा ऋृतु र शिशिर ऋृतुको प्रसङ्ग उल्लेख गरिएको छ । पहाडलाई अटल, स्थिरताको प्रतीकात्मक अर्थका रूपमा लिएर समग्र राष्ट्र अखण्ड र

स्थिर रहेको अवस्थाको चित्रण गरिएको छ । सम्पूर्ण राष्ट्रभक्त जनताहरूले शान्तिको कामना गरिरहेको वर्तमान कालीन परिवेश रहेको छ । विषयवस्तु र पात्रअनुरूपको परिवेश उचित रहेको छ ।

(घ) उद्देश्य

यस कवितामा राष्ट्रिय सार्वभौमिक अस्तित्वको अटलता र जनताहरूको स्वतन्त्रतालाई बचाएर राष्ट्रिय उन्नतिलाई उच्च महत्व दिनुपर्ने भाव व्यक्त गरिएको छ । देशमा विदेशी हस्तक्षेप र निरङ्कुशताविरुद्ध उभिएर राष्ट्रिय अस्तित्व र मानव स्वत्वको उच्च महत्वबोध गराउनु पनि यस कविताको उद्देश्य हो । राष्ट्रवादी र स्वनिष्ठाको भावलाई प्रतीक विधानको माध्यमबाट उद्‌बोधित गर्दै राष्ट्र, रष्ट्रियता, मानवता, स्वतन्त्रता, समानता र स्वगौरवको भाव सञ्चार गर्नु नै यस कविताको मूल उद्देश्य रहेको देखिन्छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ३६ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा शब्दहरूको उचित विन्यास तथा अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"चराहरूको रिमिझिमी पहाडको प्रकृति हो*

*चराहरूको रीतिभाँती पहाडको संस्कृति हो ।"*

*(त्यागी, २०५८: १७)*

उपर्युक्त उद्धरणमा चराहरूको-चराहरूको, रिमिझिमी-रीतिभाँती र प्रकृति हो-संस्कृति हो शब्दहरूबीच पूर्वानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका अविचल, अविकल, स्नेह, आस्था आदि शब्दहरू प्रयोग भएका छन् । *(त्यागी, २०५८: १७)* कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको सबल प्रयोग गरिएको छ । जस्तै चराहरू स्वतन्त्रताका प्रतीक, पहाड स्थिर-अटलताको प्रतीक मानिन्छ । यस कवितामा सरल, सहज भाषाशैलीको प्रयोग रहेको छ । यसरी दुई शब्ददेखि पाँच शब्दसम्मका जम्मा ३६ पङ्क्तिमा संरचित गद्य लयमा रचित तथा संस्कृत तत्सम मूलका शब्दहरूको प्रयोग रहेर एवम् बिम्ब, प्रतीकको प्रयोग भएर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'पहाड' कवितामा राष्ट्र, राष्ट्रियता, सार्वभौमिकता, स्वाधीनता र स्वअस्तित्वको सर्वोपरी मूल्य र मान्यतालाई व्यक्त गरिएको छ । प्रत्येक राष्ट्र विदेशी हस्तक्षेपरहित स्वतन्त्र र सार्वभौमिक रूपमा सम्पन्न हुनुपर्छ भन्ने कुरा प्रस्ट पारिएको छ । त्यस्तै जुनसुकै देशका जनताहरू स्वधीन र स्वअधिकार सम्पन्न हुनुपर्ने भाव मूल रूपमा रहेको छ । यसमा पहाडले देशलाई र चराहरूले जनताहरूलाई प्रतीकात्मक रूपमा व्यक्त गर्दै स्वतन्त्रता, स्वाधीनता, अखण्डता र राष्ट्रियताको भाव हरेक देशभक्त नागरिकमा हुनुपर्ने विचार प्रकट गरिएको छ । यस कवितामा सरल, सहज र बोधगम्य भाषा रहेको छ । यो कविता कथ्य र शिल्प दुवै दृष्टिले सुन्दर बनेको छ ।

### ४.२.६ ज्वारभाटा कविताको विश्लेषण

(क) वस्तु

'ज्वारभाटा' शीर्षक कवितामा समुद्रमा एक्कासि आउने तरङ्ग तथा अविच्छिन्न रूपमा उठ्ने छालले कैयौँ मानिस र समयलाई छलिरहेको हुन्छ भन्ने कुरालाई मूल विषयवस्तु बनाइएको छ । समुद्रको सौन्दर्य देखेर हाम फाल्नेहरू पौडन नजानेर गोहीको सिकार भएका छन् भने, कोही पौडन जान्नेलाई पनि ज्वारभाटाले पल्टाएको छ । त्यस्तै यसले कैयौं सीमास्तम्भ भत्काएको छ र सिङ्गै बस्ती डुबाएको छ । त्यसै गरी समुद्रमा ठूला माछाले साना माछालाई खाएझैं ठूला नेताले जनतालाई दुःख दिइरहेका हुन्छन् भन्ने कुरा पनि व्यक्त गरिएको पाइन्छ । ज्वारभाटा अलि निर्दयी हुन्छ । कसैका छोरी, बुहारी, लालाबाला तथा मन्दिर, मस्जिद, चैत्य आदि बगाइदिन्छ । त्यसै गरी राजनीतिमा षडयन्त्र, त्रास, कपट, अराजकता आदि हुन्छ भन्ने कुरा पनि यस कविताको विषयवस्तुभित्र समेटिएका छन् ।

(ख) सहभागी

यस कवितामा विभिन्न सजीव, निर्जीव, मानवीय, मानवेत्तर आदि पात्रहरू प्रयोग गरिएका छन् । प्रमुख पात्रको रूपमा ज्वारभाटालाई लिइएको छ । ज्वारभाटा अति निर्दयी हुने, कोही कसैलाई पनि दयाको भावना नराख्ने निर्जीव पात्रका रूपमा उपस्थित गराइएको छ । त्यस्तै यहाँ गोही, मानिसहरूको बस्ती, माछा, अक्टोपस, छोरी-बुहारी, बूढा बाआमा आदिका माध्यमबाट विषयवस्तु अघि बढेको देखिन्छ । यसमा ज्वारभाटाले यी सबै पात्रलाई छलेर समयलाई पनि छलिरहेको देखाइएको छ । यसैले यस कवितामा मानवेत्तर पात्रलाई मानवीकरण गरेर प्रतीकात्मक अर्थका साथ संयोजन गरिएको छ । विषयवस्तुअनुरूप पात्रहरूको उपस्थिति रहेको देखिन्छ ।

(ग) परिवेश

यस कवितामा विविध जीव रहने स्थान र वातावरणको क्षेत्र परिवेशका रूपमा आएको देखिन्छ । यहाँ समुद्र, सीमास्तम्भ, सिङ्गै बस्ती, मन्दिर, मस्जिद, चर्च, चैत्य रहेका स्थान आदिको चित्रण गरिएको छ । कवितामा ज्वारभाटाले देशको सीमास्तम्भ भत्काएको स्थिति र छोरी-बुहारी, लालाबाला बगाएको स्थितिले दुखद अवस्थाको चित्रण गरिएको छ । यहाँ विषयवस्तु र पात्रअनुकूलको उचित परिवेश रहेको छ ।

(घ) उद्देश्य

यस कवितामा ज्वारभाटालाई विनाशकारी, निर्दयी वस्तुका रूपमा लिइएको छ । त्यस्तै राजनीतिमा लाग्नेहरू कोही सफल हुन्छन् त कोही असफल पनि हुन्छन् भन्ने कुरा पनि यहाँ प्रस्ट पारिएको छ । राजनीतिमा स्वार्थ, षडयन्त्र, नातावाद हुन्छ । नेताले जनहित र राष्ट्रहितमा लाग्नुपर्ने सन्देश नै यस कविताको मूल उद्देश्य हो । यहाँ राजनीतिलाई समुद्रमा उठ्ने सुनामीसँग तुलना गरिएको छ । समयको प्रवाहलाई बुझ्न नसक्नेहरू बढारिने वा नासिनेछन् भन्ने कुराको सङ्केत पनि रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ४१ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा शब्दहरूको उचित विन्यास तथा अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"समुद्रको ज्वारभाटाले*
*मान्छेको घरबार बगाउँछ*
*आस्थाको दरबार बगाउँछ ।"*

*(त्यागी, २०५८: १९)*

उपर्युक्त उद्धरणमा समुद्रको-मान्छेको, घरबार-दरबार र बगाउँछ-बगाउँछ शब्दहरूबीच पूर्वानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका अथाह, ज्वारभाटा, अविछिन्न, सौन्दर्य, आस्था आदि शब्दहरू प्रयोग भएका छन् । *(त्यागी, २०५८: १९)* त्यस्तै कवितामा दरबार, चर्च, मस्जिद, अक्टोपस आदि आगन्तुक शब्दहरू र झ्वाम्ल्याङ्ग, ह्वात्तै जस्ता अनुकरणात्मक शब्दहरू पनि प्रयोग गरिएका छन् । त्यसै गरी विविध बिम्ब, प्रतीक र अलङ्कारको सबल प्रयोग गरिएको छ । ज्वारभाटा राजनीतिको प्रतीक हो । ज्वारभाटा आफैँमा पूर्ण बिम्ब पनि हो । यसले राजनीतिक लहरलाई सम्बोधन गरेको छ । जस्तै :

*"ज्वारभाटा औधी निर्दयी हुन्छ*
*कसैको छोरीबुहारी भन्दैन ।"*

*(त्यागी, २०५८: १९)*

उपर्युक्त उद्धरणमा ज्वारभाटालाई क्रूर आतङ्ककारी वस्तुका रूपमा लिइएको छ । यस कवितामा ज्वारभाटाले मन्दिर, मस्जिद, चर्च र चैत्य भत्काउनु भनेको आतङ्कवादको पराकाष्ठा पनि हो । समग्रमा सरल, सरज भाषाशैलीको प्रयोगले कविता बोधगम्य बनेको छ । यसरी दुई शब्ददेखि पाँच शब्दसम्म जम्मा ४१ पङ्क्तिमा संरचित तथा गद्य लयमा रचित एवम् संस्कृत तत्सम मूलका शब्दहरूको प्रयोग भई बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि सरल भाषाको सहज प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'ज्वारभाटा' शीर्षक कवितामा राजनीतिक यथार्थको उद्‌बोधन गरिएको छ । राजनीतिका सबल र दुर्बल दुवै पक्षलाई व्यक्त गरिएको छ । राजनीतिकर्मीले निजी स्वार्थबाट माथि उठेर राष्ट्र निर्माण र जनहितमा लाग्नुपर्ने विचार व्यक्त गरिएको छ । त्यस्तै राजनीतिक मूल्य र मान्यता स्वच्छ, स्वस्थ हुनुपर्ने कुरा पनि व्यक्त गरिएको छ । जनचाहनाअनुरूप राष्ट्रिय अभीष्ट पूरा गर्ने सकारात्मक राजनीतिमा लाग्नुपर्ने सन्देश यस कविताको रहेको छ । समग्रमा सरल शब्दहरूको उचित विन्यासले यस कविताको भाषाशैली सुन्दर र आकर्षक बनेको छ । यो कविता कथ्य र शिल्प दुवै दृष्टिले सुन्दर बनेको छ ।

### ४.२.७ चेतनाको आलोक कविताको विश्लेषण

(क) वस्तु

'चेतनाको आलोक' कविताको विषयवस्तु, मानवीय चेतना, भावना र विचारको पक्षसँग सम्बन्धित रहेको छ। यहाँ अक्षरहरूको अन्तर्बोधबाट नवचेतना उत्पन्न हुने कुरा प्रस्ट पारिएको छ। त्यस्तै अक्षरहरूकै उर्वरतामा सञ्चेतना मौलाउने र भगीरथ लगनबाट नवीन सिर्जना हुने मूल कथ्य विषयमा यो कविता संरचित छ। अक्षरहरूको अभिसारबाट नै हार्द चैतन्य संवाहन हुने र दुर्बोधतालाई बोध गर्न सकिने तथ्य नै यस कविताको मूल कथ्य हो। अक्षरहरू ज्ञान, विज्ञान, कानुन, धर्म, दर्शन, इतिहास र कलाका मूल आधार भएको विषय कवितामा समेटिएको छ। त्यस्तै अक्षरहरूको मूल्य र महत्ता अजर-अमर रहने हुँदा अक्षरहरूकै आराधना गरेर मानव जीवन सार्थक बनाउन सकिने कथ्य विषय नै यस कविताको मूल विषयवस्तु हो। कविले यहाँ अक्षरहरू रोपेर संवेदनाको खेती गर्ने विचार व्यक्त गरेका छन्। त्यसैले अक्षरहरू आस्था, विश्वास, आकाश र धरती आदि सम्पूर्ण हुन्। यसरी यस कवितामा चेतनाको आलोकले अन्धकारलाई पखाल्ने कुरालाई विषयवस्तु बनाइएको देखिन्छ।

(ख) सहभागी

यस कवितामा प्रथम पुरुष सर्वनाम म मानवीय पात्र तथा अक्षरहरू, आँखाहरू, झुल्काहरू, भाकाहरू आदि प्रतीक पात्रहरू उपस्थित रहेका छन्। यहाँ म प्रमुख पात्र र अन्य सहायक पात्रका रूपमा उपस्थित छन्। विषयवस्तुलाई प्रभावकारी रूपमा अघि बढाउन पात्रहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

(ग) परिवेश

प्रस्तुत कवितामा समग्र मानव जीवनजगत्लाई परिवेशका रूपमा समेटिएको छ। निरन्तर सिर्जना गर्ने माध्यम भनेकै अक्षरहरू भएकाले अक्षरहरूको अजर, अमर रहेसम्मको समग्र परिवेशलाई समेटिएको पाइन्छ। यहाँ चेतनाको आलोकले अन्धकार हटाएको परिवेश रहेको छ। कविले आस्था र विश्वासका साथ अक्षरहरूका माध्यमबाट आफ्नो जीवन व्यतीत गरिएको परिवेश रहेको छ। समग्रमा विषयवस्तु र पात्रअनुकूलको परिवेश रहेको छ।

(घ) उद्देश्य

यस कवितामा अक्षरहरूको माध्यमबाट चिन्तनको गतिशीलतामा वहने र नव्य ज्ञान तथा उद्बोधन गरेर मानव जीवन सार्थक बनाउने मूल भाव व्यक्त गरिएको छ। साथै अक्षरहरूको माध्यमबाट सधैँ नयाँ काव्य सिर्जना हुने तथा कठोरता पग्लेर तरल बन्ने भाव पनि व्यक्त गरिएको छ। अक्षरहरूसँग अभिसार गरेर नयाँ चेतना, विचार, ज्ञान, विवेक र बुद्धिको विकास गरी मानव जीवनलाई सार्थक बनाउन सकिने भाव प्रकट गरिएको छ। यसरी मानव जीवनलाई सधैँ सत्कर्ममा लगाउनुपर्ने सन्देश सम्प्रेषण गर्नु नै यस कविताको मूल उद्देश्य रहेको छ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा पाँच शब्दसम्मका लामा-छोटा गरी जम्मा ४३ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा लेखिएको छ । गद्य कवितात्मक संरचनामा समेटिएको भए तापनि शब्दहरूको अन्त्यानुप्रासले गर्दा यो कविता लयात्मक बनेको छ । जस्तै :

*"अक्षरहरूका उदीप्त आँखाहरूमा*
*नीला भावहरू आप्लावित हुन्छन्*
*अक्षरहरूका उद्बुद्ध भाखाहरूमा*
*नीला चेतहरू झङ्कृत हुन्छन् ।"*

*(त्यागी, २०५८: २०)*

उपर्युक्त उद्धरणमा अक्षरहरूका नीला तथा आँखाहरूमा, भाखाहरूमा आदि शब्दहरूबीच पूर्वानुप्रास र अन्त्यानुप्रास रहेको हुनाले लयात्मकता रहेको छ । अक्षरहरूका माध्यमबाट संसार उज्यालो देख्न सकिन्छ । खराब भावना हराउँछ र अक्षरहरूका भाखाहरूमा नीला चेतहरू झङ्कृत भई चेतनाको उज्यालो प्रकट हुने भाव व्यक्त गरिएको छ । कवितामा संस्कृत तत्सम मूलका विश्वास, भगीरथ, आप्लावित, विमुग्ध आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: २०/२१)* कवितामा आत्मज्ञानको उद्बोधलाई चेतनाको आलोक, सिर्जनाको भगीरथ लगनलाई नित्य सिर्जना, भावनाको अन्तरलाई मनभित्रबाट उत्पन्न हुने ज्योतिका रूपमा लिइएको छ । जस्तैः

*"अक्षरहरूको ब्रह्मसार अभिसारले*
*असाध्यै मन हर्छ*
*मलाई चिन्तनको गतिशीलतामा वहन*
*असाध्यै मन पर्छ ।"*

*(त्यागी, २०५८: २१)*

उपर्युक्त उद्धरणमा अक्षरहरूको ब्रह्मसार र चिन्तनको गतिशीलतालाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ । यसरी यस कवितामा गद्य लय तथा अन्त्यानुप्रास समावेश गरिएको हुनाले सरल र लयात्मक बनेको छ ।

निष्कर्ष

'चेतनाको आलोक' आत्मबोधको उद्बोधन गर्ने सञ्चेतनालाई विषयवस्तु बनाएर लेखिएको कविता हो । यसमा अक्षरहरू रोपेर अस्तित्वको उर्वरतामा संवेदनाको खेती गर्ने कुरालाई मूल विषयवस्तु बनाइएको छ । प्रथम पुरुष म पात्रको केन्द्रीयतामा समग्र मानव जीवनजगत्लाई परिवेशका रूपमा समेटिएको र मानव जीवनलाई सधैँ सत्कर्ममा लगाउनुपर्ने सन्देश रहेको यो कविता भाषाशैली, लयविधान तथा बिम्ब-प्रतीक र अलङ्कार प्रयोगका दृष्टिले पनि एउटा प्रभावकारी कविताका रूपमा रहेको देखिन्छ ।

### ४.२.८ अरण्य-रोदन कविताको विश्लेषण

(क) वस्तु

'अरण्य-रोदन' मानव जीवन, समाज, राष्ट्र र युगीन वस्तुस्थितिलाई मूल विषयवस्तुका रूपमा समेटिएको कविता हो । यस कवितामा देशको दुखद अवस्था देखेर कविको छातीभित्र पीडा उत्पन्न भई यो पीडा कसैले पनि बुझ्न, सुन्न नसकेको भाव व्यक्त गरिएको छ । त्यस्तै देशलाई दुर्गतितर्फ धकेलेर सबै जना आ-आफ्नै स्वार्थ पूरा गर्न तल्लीन रहेका छन् भन्ने कुरा पनि समेटिएको छ । देशमा दिनदिनै लुटपाट, हत्या, हिंसा, आतङ्क, त्रास, असुरक्षा र अशान्ति बढिरहेको देखेर कविको हृदय अत्यन्त दुखित रहेको कुरा पनि यसमा समेटिएको छ । त्यसैले यो देशको दयनीय अवस्था बुझिदिन गरेको पुकार नै अरण्य-रोदन मूल विषयवस्तुका रूपमा रहेको देखिन्छ । त्यसैले राष्ट्रिय पीडालाई ध्यानमा राखेर एउटा समुन्नत राष्ट्रनिर्माणका लागि एकतामा जुट्नुपर्ने कुरा व्यक्त गर्नु नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा मुख्य पात्र म र अन्य पात्रहरू सहायक पात्रका रूपमा रहेका छन् । कवितामा विभिन्न सजीव, निर्जीव, मानवीय र मानवेत्तर आदि पात्रहरूको प्रयोग गरिएको छ । कवितामा मान्छे, बहिरा, बुद्ध, बा-आमा आदि सजीव र मानवीय तथा व्यक्ति पात्रका रूपमा आएका छन् भने रावण, कंश, शकुनिले मिथकीय पात्रको भूमिका निर्वाह गरेका छन् । यी विभिन्न पात्रहरूका माध्यमबाट कविले देशको पीडालाई व्यक्त गरेका छन् । यहाँ रावण, कंश देशद्रोही व्यक्ति, शकुनिहरू खराब चरित्र भएका नेताका रूपमा रहेका छन् । कवितामा विषयवस्तुअनुरूप पात्रहरूको उचित उपस्थिति गराइएको छ ।

(ग) परिवेश

यस कवितामा नेपालको समकालीन राजनीतिक तथा सामाजिक विसङ्गतिले भरिएको परिवेशको चित्रण गरिएको छ । देशमा द्वन्द्व चर्किएको समय तथा मानिसहरू चिच्याइरहेको र बिलौना गरिरहेको अत्यन्त कोलाहलयुक्त वातावरण रहेको छ । यी सम्पूर्ण घटना घटेको स्थान यही देशका भूभागहरू हुन् । कवितामा समकालीन राजनीतिक तथा विसङ्गतिले ग्रस्त हत्या, हिंसा र अराजकता मौलाउँदै गएको परिवेश रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा तीन शब्ददेखि बढीमा आठ शब्दसम्मका लामा-छोटा गरी जम्मा ४६ पङ्क्ति रहेका छन् । यो कविता गद्य कवितात्मक संरचनामा समेटिएको छ । अन्त्यानुप्रासले गर्दा यो कविता लयात्मक बनेको छ । जस्तै :

*"कति चिच्याउँ यी बहिराहरूको भीडमा*

*कति रोउँ यी आर्त शब्दहरूमा ।"*

*(त्यागी, २०५८: २३)*

उपर्युक्त उद्धरणमा शब्दहरूको पूर्वानुप्रास र अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका नियति, सभ्य, शिष्ट र वेद आदि शब्दहरूको प्रयोग गरिएको छ । यहाँ

विविध प्राकृतिक, जैविक र आद्यबिम्बहरू प्रतीकात्मक रूपमा आएका छन् । यस कवितामा असुरक्षाको प्रतीक-सर्प, अराजकताको प्रतीक-रावण, अन्यायको प्रतीक कंश आदि आएका छन् । जस्तै :

*"सुन्दैनन् आजका सभ्य रावणहरू*

*यो दुखाइको व्यथा*

*जति कल्पे पनि*

*बुझ्दैनन् आजका शिष्ट कंशहरू ।"  (त्यागी, २०५८: २२)*

यहाँ रावण र कंशलाई देशद्रोही  र अराजक व्यक्तिका रूपमा लिइएको छ । दुखाइको व्यथा, सभ्य रावण, शिष्ट कंशलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । यसरी यस कवितामा गद्य लयका साथै अन्त्यानुप्रास एवम् विविध बिम्ब, प्रतीक आदिको समेत प्रयोग गरी भाषाशैली तथा लयविधान सबल रहेको देखिन्छ ।

निष्कर्ष

'अरण्य-रोदन' मानव जीवन, समाज, राष्ट्र र युगीन वस्तुस्थितिलाई मूल विषयवस्तु बनाएर देशमा दिनदिनै बढ्दै गइरहेको हत्या, हिंसा, आतङ्क, अन्याय, लुटपाट आदिलाई प्रमुख म पात्रले वक्ता पात्रका रूपमा व्यक्त गरेको छ । कवितामा सहायक पात्रका रूपमा रावण, कंश, शकुनि, बुद्ध आदिले समकालीन राजनीति तथा सामाजिक विसङ्गतिले भरिएको परिवेशको यथार्थ चित्रण गर्दै सरल गद्य लयमा एवम् अन्त्यानुप्रासयुक्त लयमा विविध बिम्ब र प्रतीकको प्रयोग भएर पनि यो कविता सरल, सहज र बोधगम्य रहेको छ ।

### ४.२.९ कवि कविताको विश्लेषण

(क) वस्तु

'कवि' शीर्षक कविताको विषयवस्तु कवि, कविता र कवित्व शक्तिको महत्तासँग सम्बन्धित रहेको छ । यस कवितामा कविले गर्ने कर्म र किसानले गर्ने कर्म समान रहेको कुरा प्रस्ट पारिएको छ । कविले भावनाहरूको शिल्प पक्ष बिम्बहरूको बुट्टा भर्छ र निमग्न भएर कृति रचना गर्छ । किसानले पनि कठिन कर्मबाट खेतबारीमा प्रशस्त अन्न उत्पादन गर्छ । यसरी किसानले उत्पादित अन्नले लाखौं जनताहरू बाँच्छन् भने कविले सिर्जना गरेको कृतिबाट पनि जनहितमा लाखौँलाई दीक्षा दिएको हुन्छ । त्यसैले किसान र कवि कर्ममा समान छन् । दुवैले जनहितमा काम गर्दछन् भन्ने मूल कथ्य नै यस कविताको प्रमुख विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा कवि र किसान पात्रका रूपमा रहेका छन् । कविले धप्प-धप्प उत्साह उमारेर मनबाट तप्प-तप्प पसिना झार्दै कृति सिर्जना गर्दछन् । त्यस्तै किसानले पनि खेतबारीमा खनजोत गरी कडा मिहिनेत गरेर अन्न उत्पादन गर्दछन् । किसान र कवि दुवै कर्ममा मिहिनेती हुन्छन् भने दुवैले

जनहितमा काम गरेका हुन्छन् । यस कवितामा विषयवस्तुअनुसार पात्रहरूको महत्वपूर्ण उपस्थिति रहेको कुरा प्रस्ट पारिएको छ ।

(ग) परिवेश

यस कवितामा विविध सांस्कृतिक, प्राकृतिक ठाउँ र समय परिवेशका रूपमा रहेका छन् । यहाँ कविले नित्य सिर्जनामा पसिना बगाइरहेको समय, किसानले निरन्तर कर्ममा जुटिरहेको खेतबारीका साथै शान्त प्राकृतिक वातावरण आदिलाई परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश रहेको छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा कवि कर्म र किसानी कर्मको समान महिमा रहने कुरालाई मूल उद्देश्य बनाइएको छ । कविले कठिन परिश्रमबाट सुन्दर काव्य सिर्जना गरेको हुन्छ भन्ने भाव व्यक्त गर्नु नै यस कविताको उद्देश्य हो । कवि र किसान दुवै जनकल्याणकारी वर्गका व्यक्ति हुन् । तसर्थ, दुवैको कर्मको महत्व समान र उच्च रहेको हुन्छ भन्ने देखाउनु नै यस कविताको मूल उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा ३६ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा संस्कृत तत्सम मूलका विचार, चिन्तन, विकृति, विसङ्गति, उर्वर, सघन आदि शब्दहरू तथा तप्प-तप्प, धप्प-धप्प जस्ता अनुकरणात्मक शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: २४/२५)* त्यस्तै विविध बिम्ब, प्रतीक र अलङ्कारको समेत सबल प्रयोग गरिएको छ । जस्तै :

*"दुर्भावको चपरी पल्टाउँछ*
*जिन्दगीका दुःख, बाधालाई*
*आफ्नै यत्नले सल्टाउँछ ।"*

*(त्यागी, २०५८: २५)*

उपर्युक्त उद्धरणमा दुर्भावको चपरीले खराब विचार, जिन्दगीका दुःखले जीवनमा आइपर्ने अनेक समस्या र आफ्नै यत्नले सल्टाउँछले आफैँले परिश्रम गरी पूरा गर्छ भन्ने कुरा यथार्थ बोध हुन्छ । यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी यस कवितामा गद्य लयको प्रयोग तथा तत्सम मूलका शब्द एवम् विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि यो कविता सरल, सहज र प्रभावकारी कविताका रूपमा रहेको छ ।

निष्कर्ष

'कवि' शीर्षक कवितामा कविले गर्ने कर्म र किसानले गर्ने कर्मबीच समानता रहेको विषयवस्तुलाई समेट्दै कविद्वारा सिर्जित कृति र किसानद्वारा उत्पादित अन्न दुवैले जनहितमा काम गर्ने कुरा प्रस्ट पारिएको छ । त्यसैले कवि र किसान दुवैको उच्च महिमा रहने भाव व्यक्त गरिएको छ । यस कवितामा सरल, सहज र सुबोध भाषाशैलीको प्रयोग भएको छ

## ४.२.१० माउसुली कविताको विश्लेषण

(क) वस्तु

'माउसुली' शीर्षक कविताको  विषयवस्तु मानव र उसको चारित्रिक स्वभाव हो । आजका मान्छे आ-आफ्नै स्वार्थमा लागेका र अरूलाई षड्यन्त्रको जालमा फसाएर आफ्नै स्वार्थपूर्ति गर्ने गर्दछन् भन्ने यथार्थको प्रकटीकरण नै यस कविताको विषयवस्तु हो । कवितामा माउसुलीका माध्यमबाट प्रतीकात्मक रूपमा आजका मान्छेहरूको चरित्रको चित्रण गरिएको छ । साथै माउसुली अति नै निर्दयी भएझैँ आजका मान्छेहरू पनि निर्दयी बन्दै गइरहेका छन् भन्ने विषयवस्तुलाई समेत यस कवितामा विषयवस्तुका रूपमा समेटिएको छ ।

(ख)  सहभागी

प्रस्तुत कवितामा सजीव, निर्जीव, मानवीय र मानवेत्तर आदि पात्रहरू सहभागी रहेका छन् । यहाँ प्रमुख पात्रका रूपमा माउसुली रहेको छ भने प्रतीकात्मक रूपमा माउसुली चरित्रका मान्छेहरू रहेका छन् । साथै गोही, पुतली आदि मानवेत्तर पात्रका रूपमा उपस्थित रहेका छन् । यस कवितामा माउसुलीको चारित्रिक गुण देखाएर प्रतीकात्मक रूपमा आजका स्वार्थी क्रूर र व्यभिचारी प्रवृत्तिका मानिसलाई सङ्केत गरिएको छ । त्यसै गरी माउसुलीलाई गोहीको प्रजाति ठान्दै पुतलीलाई शान्ति र सौन्दर्यको प्रतीकका रूपमा लिइएको छ । यस कवितामा विषयवस्तुअनुसार पात्रहरूको उचित उपस्थिति गराइएको हुनाले कविता प्रभावकारी रहेको छ ।

(ग) परिवेश

यस कवितामा विभिन्न ठाउँ वातावरण र समयलाई परिवेशका रूपमा लिइएको छ । यहाँ अँध्यारो र उज्यालो ठाउँ सबै प्राणीहरूले आ-आफू बाँच्न बचाउन चाहेको समय तथा छलकपटपूर्ण क्रूर, दानवीय हत्या, हिंसाले ग्रस्त वातावरण आदिलाई परिवेशका रूपमा लिइएको छ। साथै शान्ति र सौन्दर्यका प्रतीकका रूपमा रहेका पुतलीले उज्यालो संसारमा बाँच्न चाहिरहेको स्थितिलाई पनि परिवेशका रूपमा समेटिएको छ । त्यसैले यस कविताको परिवेश विषयवस्तु र पात्रअनुकूलको रहेको देखिन्छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा मानिस माउसुली चरित्रका नभएर मानवीय भावनायुक्त मानिस भएर बाँच्न सक्नुपर्दछ भन्ने प्रमुख उद्देश्य रहेको छ । साथै आजका मान्छे पनि संवेदनाहीन तथा हार्दिकताविहीन बन्दै गएको यथार्थ बोध गराउँदै मान्छेले मानिस हुनुको स्वत्वलाई बचाइराख्नुपर्ने सन्देश दिइएको छ । यही नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढी चार शब्दसम्मका जम्मा ३९ पङ्क्ति रहेका छन्। यो गद्य लयमा रचिएको कविता हो । यस कवितामा शब्दहरूको उचित विन्यास तथा अन्त्यानुप्रासले यो कविता लयात्मक बनेको छ । जस्तै :

*"माउसुली*

*संवेदनाहीन हुन्छ*

*हर्दिकताविहीन हुन्छ ।"*

*(त्यागी, २०५८: २६/२७)*

उपर्युक्त उद्धरणमा हुन्छ-हुन्छ शब्दबीच अन्त्यानुप्रास रहेको छ । जसले गर्दा कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका सिकार, सुन्दर, संवेदना, प्रजाति आदि शब्दहरू प्रयोग भएका छन् । *(त्यागी, २०५८: २६/२७)* यस कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग गरिएको पाइन्छ । यहाँ माउसुली नै एउटा प्रतीक हो । माउसुली क्रूर प्राणी हो । त्यसैले माउसुली प्रतीकात्मक रूपमा आजको विश्वको क्रूर मावनताहीन मानिस हो । प्रस्तुत कविता गद्य लयको प्रयोग तथा संस्कृतका तत्सम शब्दहरूको प्रयोग एवम् अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगका साथै बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि सरल, सहज र बोधगम्य भाषाशैलीका कारण प्रभावकारी बनेको छ ।

निष्कर्ष

'माउसुली' कवितामा क्रूर स्वभाव भएको जीव माउसुलीको चरित्र उद्घाटन गर्दै आजका मानिस पनि यही क्रूर भावना भएका हुनाले मानिसमा मानवीय भावना जागृत गराउनुपर्ने सन्देश दिँदै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.२.११ संवेदना कविताको विश्लेषण

(क) वस्तु

'संवेदना' शीर्षक कवितामा राष्ट्रिय अराजकता र त्यसबाट उत्पन्न दर्दमय अनुभूतिलाई विषयवस्तु बनाइएको छ । देशमा दिनदिनै बढ्दै गइरहेको अराजकता, अमानवीयता र प्रताडनापूर्ण यथार्थलाई मार्मिक ढङ्गले उद्घाटन गरिएको छ । वर्तमान समयमा हत्या, हिंसाले प्रश्रय पाइरहेको, टाठा-बाठा मानिस सत्तामा पुगेर सर्वशक्तिमान बनेका तिक्ततालाई बाज र चिबेको प्रतीकका माध्यमबाट प्रस्ट

पारिएको छ । यस्तो अवस्थामा नेपाल आमा आफ्ना शान्तिप्रिय सन्तानहरूलाई खोकिलामा स्याहार्न विविश छिन् भन्ने मूल विषयवस्तु रहेको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा सजीव मानवेत्तर पात्रहरू सहभागी रहेका छन् । यहाँ पुतली, परेवा, चिबे, बाज आदि पात्रहरू उपस्थित छन् । त्यस्तै प्रतीकात्मक रूपमा नेपाल आमालाई लिइएको छ । ओसिलो इतिहासमा आमाको फरियाभरि पुतली बसेका छन् । तिनलाई ठुङ्न चिबेहरू खोज्दै छन् । त्यस्तै एक हुल परेवाहरू फरियाभरि बस्दा एक हुल बाजहरूले ठुङ्दै चिथोर्न खोजेका हुनाले नेपाल आमा पीडित बनेकी छिन् । सपनामा आमा, परेवा र पुतलीलाई स्याहारिरहेकी हुन्छिन् । चिबे र बाजलाई टाढा-टाढा धपाइरहेकी हुन्छिन् । यसरी यस कवितामा यी विविध पात्रहरूको विषयवस्तुअनुसार उचित उपस्थिति रहेको देखिन्छ ।

(ग) परिवेश

यस कवितामा विश्वको वातावरण, बितेको समय वर्तमान समय, परेवा र पुतली छट्पटाइरहेको स्थान आदि विश्व परिवेशलाई समेटिएको छ । यहाँ बाज र चिबेले परेवालाई ठुङ्नु, चिथोर्नुले द्वन्द्वको समय रहेको कुरा सङ्केत गर्दछ । त्यस्तै जुनेली रात, स्वच्छ सफा आकाश, एकान्त ठाउँ, आँसुको झरना आदिले पनि दुखद समय र अवस्थाको चित्रण गर्दछ । यहाँ नेपाल आमाले देशद्रोही, दुष्ट र स्वार्थी चरित्रका व्यक्तिहरूलाई टाढा-टाढा भगाइरहेकी छिन् । यो देशका जनताहरू स्वतन्त्र भएर बाँच्न, शान्ति स्थापना गर्न खोजिरहेका छन् । यसरी यस कवितामा विषयवस्तु र पात्रअनुकूलको विभिन्न ठाउँ, वातावरण र समयलाई परिवेशका रूपमा लिइएको छ ।

(घ) उद्देश्य

यस कवितामा देशमा अराजकतापूर्ण र अमानवीय चरित्रलाई चिबे र बाजको प्रतीकका माध्यमबाट प्रस्ट पार्नु मुख्य उद्देश्य हो । आज जताततै बाज र चिबे चरित्रका मानिसहरूबाट पुतली र परेवा चरित्रका मानिसहरू प्रताडीत छन् । त्यसैले नेपाल आमा शान्तिकामी पुतली र परेवाहरूलाई बचाउन तल्लीन रहेकी छिन् भन्ने सन्देश पनि दिइएको छ । शान्ति, सौन्दर्य, भ्रातृत्व र एकता सर्वमान्य रहने कुरा मूल उद्देश्यका रूपमा रहेको छ । यही नै यस कविताको उद्देश्य पनि हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा तीन शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा २४ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । त्यस्तै समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले यो कविता लयात्मक बनेको छ । जस्तै :

*"खोकिलामा परेवाहरूलाई स्याहारिरहेकी हुन्छिन्*

*निर्दयी बाजलाई परपर भगाइरहेकी हुन्छिन् ।"*

*(त्यागी, २०५८: २८)*

उपर्युक्त उद्धरणमा हुन्छिन्-हुन्छिन् शब्दहरूको अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका शिर, गगन, बिस्कुन, आकाश आदि शब्दहरू प्रयोग गरिएका छन् । *( त्यागी, २०५८: २८/२९)* यसै गरी यस कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग रहेको छ । जस्तै :

*"सेतो मजेत्रो ओढेर शिरमा आँसुको झरनाले*

*छिटको फरियामा परेवाको रगत धोइरहेकी हुन्छिन् ।"*

*(त्यागी, २०५८: २८)*

प्रस्तुत पङ्क्तिमा आँसुको झरना, छिटको फरिया, परेवाको रगतलाई विविध प्रतीकका रूपमा लिइएको छ । यहाँ परेवालाई शान्तिकामी, सौन्दर्यको प्रतीकका रूपमा लिइएको छ । यसरी यस कवितामा गद्य लयका साथै अन्त्यानुप्रासयुक्त शब्दहरूको प्रयोगले तथा बिम्ब, प्रतीकको प्रयोग भएर पनि सरल, सहज भाषाशैली र गद्य लयले कविता प्रभावकारी रहेको देखिन्छ ।

निष्कर्ष

'संवेदना' कवितामा शान्ति, सद्भाव, एकता, भ्रातृत्व र राष्ट्रियता सङ्कटमा परेको तथा हत्या, हिंसा र अशान्ति बढेर गएको यथार्थ पक्षलाई विषयवस्तु बनाएर परेवा, पुतली, बाज र चिबेका माध्यमबाट चिबे र बाज स्वरूपका मानिसलाई तिरस्कार गरी परेवा र पुतली स्वरूपका शान्तिकामी मानिसलाई साथ दिन आग्रह गर्दै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले कविता प्रभावकारी रहेको देखिन्छ ।

## ४.२.१२ बुद्धहरू कविताको विश्लेषण

### (क) वस्तु

'बुद्धहरू' कविता मानवीय कर्म र कर्तव्यलाई विषयवस्तु बनाएर रचिएको कविता हो । मानवीय उद्यमशीलताको सर्वोपरी महत्व नै यस कविताको विषयवस्तु पनि हो । बुद्धहरू हलो जोत्ने, कोदालो खन्ने, भारी बोक्ने, कविता रचना गर्ने, ठेला तान्ने आदि विविध कर्म गर्दछन् भन्ने मूल कथ्य नै यस कविताको विषयवस्तुअन्तर्गत पर्दछ । त्यस्तै मानवीय कर्मण्यता नै बुद्धहरू भएकाले हरेक व्यक्ति कर्मशील बन्नुपर्छ भन्ने भाव पनि यस कविताको विषयवस्तु रहेको छ । बुद्धहरू आफ्नै परिश्रमको बलले युद्ध लड्छन् । आस्थाको मूर्ति कुँदेर सद्भावको रङ्ग छरी सहिष्णुताको रिक्सा ठेला तान्दै मानवताको भारी खेप्छन् । त्यकारण देशका बुद्धहरू भनेका किसान, कलाकार, मजदुर आदि सम्पूर्ण यस धरतीका सुन्दर फूल भएको कुरा व्यक्त गरिएको छ । यही नै यस कविताको समग्र विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा विविध सजीव, मानवीय आदि पात्रहरूको उपस्थिति रहेको छ । यस कवितामा मुख्य पात्रका रूपमा बुद्धहरू आएका छन् । यहाँ बुद्धहरूको प्रतिनिधित्व किसान, कवि, कलाकार र मजदुर आदिले गरेका छन् । यस कवितामा शान्तिकामी बुद्धहरूले शान्ति, सहिष्णुता, सद्भाव आदि व्यक्त गरिरहेका छन् । त्यस्तै निर्जीव वस्तुका रूपमा हलो, कुटो, रिक्सा, ठेला, मूर्ति आदि समेटिएका छन् । यस कवितामा विषयवस्तुअनुसार पात्रहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

(ग) परिवेश

यस कवितामा विभिन्न ठाउँको परिवेश समेटिएको छ । यहाँ खेती किसान गर्ने वर्षातको समय, कविले कविता सिर्जना गर्ने सुन्दर प्राकृतिक वातावरण, मूर्तिकारको कोठा आदि स्थान, समय र वातावरणलाई परिवेशका रूपमा लिइएको छ । स्वच्छ, सफा र शान्त वातावरणलाई पनि समेटिएको छ । यिनै विविध ठाउँ र वातावरण नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

मानवीय कर्मण्यता नै बुद्धहरू भएकाले हरेक व्यक्ति कर्मशील बन्नुपर्छ भन्ने यस कविताको उद्देश्य हो । बुद्धहरूलाई मानवीय कर्मण्यताको पुजारी मान्दै असल काम गर्ने, शान्तिको गीत गाउने सबै बुद्ध हुन् भन्ने भाव व्यक्त गरिएको छ । त्यस्तै हरेक श्रमजीवी मानिसहरूका हातहरूमा कर्मका अनन्त शक्ति रहेका हुन्छन् र तिनीहरूका सिर्जना ज्ञानका अनन्त रूप हुन् भन्ने भाव उद्बोधन गर्नु यस कविताको मूल उद्देश्य हो । त्यस्तै हरेक व्यक्ति आ-आफ्नो कर्मको माध्यमबाट चेतना, विचार र भावहरू उद्बोधित गर्दछन् भन्ने भाव रहेको छ । यही नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा ३७ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । यस कवितामा विविध शब्दहरूको अन्त्यानुप्रास र पुनरावृत्तिले कविता लयात्मक बनेको छ । जस्तै :

*"देशका बुद्धहरू*
*किसानहरू हुन्*
*कलाकारहरू हुन्*
*मजदुरहरू हुन् ।"*

*(त्यागी, २०५८: ३०/३१)*

उपर्युक्त उद्धरणमा किसानहरू, कलाकारहरू र मजदुरहरू तथा हुन्-हुन् शब्दहरूबीच पूर्वानुप्रास र अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका निश्छल,

शिल्पशील, शीतपात, स्वाभिमान, वैभव र विषमता आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ३०/३१)* त्यस्तै विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग गरिएको छ । यहाँ बुद्धहरू, किसानहरू, कविहरू, मजदुरहरू कर्मशील बुद्धत्वको बिम्बात्मक स्वरूप मानिएका छन् । यस कवितामा जिन्दगीको मङ्सिर, वैभवको हिमाल, लगनको हलो, कर्मठताको कोदालो, मानवताको भकारी, सहिष्णुताको रिक्साठेला, सद्भावको रङ, आस्थाको मूर्ति आदि विविध बिम्बात्मक पदावलीहरू प्रयुक्त रहेका छन् । जस्तै :

*"जिन्दगीको मङ्सिर फलाउन*
*आफ्नै वर्कतले*
*वैभवको हिमाल चुल्याउन*
*बुद्धहरू सधैँ*
*लगनको हलो जोत्छन् । "*

*(त्यागी, २०५८: ३०/३१)*

कवितामा जिन्दगीको मङ्सिर सत्कर्मको फल र वैभवको हिमाल सन्तापको उचाइका रूपमा उपस्थित छन् । त्यस्तै लगनको हलो जोत्नुले बुद्धहरू सधैँ नित्य कर्मशील रहन्छन् र सत्कर्मबाट नै सन्तोष मिल्ने भाव प्रकट गरिएको छ । यी सबै बिम्बात्मक अभिव्यक्तिका रूपमा आएका छन् । यस कवितामा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । समग्रमा गद्य लयमा रचिएको यस कवितामा अन्त्यानुप्रासले लयात्मक बनाएको छ । विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि यो कविता सरल, सहज र प्रभावकारी बनेको छ ।

### निष्कर्ष

'बुद्धहरू' मानवीय कर्म र कर्तव्यलाई सर्वोपरि महत्व दिएर सिर्जना गरिएको भावात्मक कविता भएकाले हरेक व्यक्ति उद्यमशील बन्दै जानु भनेको बुद्धत्वमा तल्लीन रहनु हो भन्ने भाव व्यक्त गरी किसान, कवि, कलाकार र मजदुर भनेका देशका बुद्धहरू हुन् । त्यसैले उनीहरू सत्कर्मको सम्मान गर्दै सत्कर्मण्यताको पाठ सिकाउँछन् भनी विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग रहेर पनि यो कविता सरल, सहज र बोधगम्य रहेको छ ।

## ४२.१३ जिजीविषा कविताको विश्लेषण

### (क) वस्तु

'जिजीविषा' शीर्षक कविताको विषयवस्तु मानव कर्मण्यताको महत्ताबोध गराउनु हो यस कवितामा मानवीय मन र मस्तिष्कमा सदा सद्भाव र सत्कर्मको सञ्चार हुन सके मात्र मानव जीवन सार्थक हुने कुरा प्रस्ट पारिएको छ । मानिसका हरेक क्रियाकलापमा उसको कर्म र कर्तव्य प्रतिबिम्बित

हुने र मानवता, सञ्चेतना र स्वावलम्बनले मानवीय जिजीविषालाई सजीवता प्रदान गर्ने भाव व्यक्त गरिएको छ । त्यस्तै सभ्यता, संस्कृति, इतिहास, स्वाधीनता, समानता र एकता आदि राष्ट्रको गौरव भएको हुँदा यसको स्थान उच्च रहेको मानिन्छ । यही नै यस कविताको विषयवस्तु हो ।

### (ख) सहभागी

यस कवितामा भाववाचक शब्दहरू उत्साह, आत्मबल, मानवता, अभाव, दुर्भाव र मन आदिलाई अमूर्त पात्रको रूपमा प्रयोग गरिएको छ । यस कवितामा विषयवस्तुअनुरूप पात्रहरूको सहभागितामा कथ्य विषय प्रभावकारी रूपमा अघि बढेको छ । त्यसैले विषयवस्तुअनुरूप पात्रहरू चयन र संयोजन गरिएको छ । यी विविध अमूर्त पात्रहरू यस कविताका सहभागी हुन् । यिनै विभिन्न पात्रहरूको प्रयोगले यो कविता प्रभावकारी बनेको छ ।

### (ग) परिवेश

प्रस्तुत कवितामा स्वाधीनता, स्वतन्त्रता र स्वाभिमानको साथ शान्त वातावरणको चित्रण गरिनु नै परिवेश हो । आफ्नै कर्ममा जुटेर मान्छेले सुन्दर भविष्यका लागि जिन्दगी बाँच्ने चाहना प्रकट गरेको छ । यहाँ विगतको इतिहासका गाथा, विविध सांस्कृतिकता, कुभावना, कुरीति आदिको चित्रण गरिएको छ । त्यस्तै सुन्दर प्राकृतिक वातावरण, एकताको भावना र सगरमाथाको स्वाभिमानमा रमाउन चाहेको छ । विविध परिवेशका रूपमा आएको देखिन्छ । यी विविध स्थान, वातावरण र समय नै यस कविताको परिवेश हो ।

### (घ) उद्देश्य

यस कवितमा मानवीय जीवन सत्कर्ममा सार्थक हुने र राष्ट्रिय भावना आफैँमा महिमामयी हुने उद्देश्य रहेको छ । मान्छेको मन संवेदनशील र मस्तिष्क सञ्चेतनशील हुने हुँदा मन र मस्तिष्कमा सधैँ असल भाव, विचार सञ्चार गरेर हरेक क्रिया-प्रक्रिया सार्थक हुनुपर्ने मान्यता यस कवितामा रहेको छ । त्यस्तै एकता, स्वाभिमान र स्वगौरवले राष्ट्रियता उच्च राख्न सकिने विचार व्यक्त गरिएको छ । मानिसमा एकता, सद्भाव, देशप्रेम र मानवताको भाव जागृत गराउनुपर्ने सन्देश दिइएको छ । यही नै यस कविताको उद्देश्य हो ।

### (ङ) संरचना, लयविधान र भाषाशैली

प्रस्तुत कवितमा घटीमा एक शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ५१ पङ्क्ति रहेका छन् । यस कवितामा गद्य लयको प्रयोग गरिएको छ । कवितामा शब्दहरूको उचित संयोजन, पुनरावृत्ति र अन्त्यानुप्रासले यो कविता लयात्मक बनेको छ । जस्तै :

*"एकतामा जुर्मुराउने ताँतीहरूमा*

*सद्भावना सग्बगाउने छातीहरूमा ।*

*(त्यागी, २०५८: ३३)*

उपर्युक्त उद्धरणमा ताँतीहरूमा, छातीहरूमा शब्दमा समान अन्त्यानुप्रास रहेको छ । जसले गर्दा कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका आस्था, संवेद्य, वैभव, सार्थक, सद्भावना, स्पन्दन आदि शब्दहरूको प्रयोग गरिएको छ । *(त्यागी, २०५८: ३२/३३/३४)* यस कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग गरिएको छ । जस्तै : स्वाभिमानको सगरमाथा, सहिदको सपना, सौजन्यको हरियाली आदि बिम्बहरू प्रयोग गरिएका छन् । त्यसै गरी सरल, सहज र सुबोध भाषाशैलीको प्रयोग गरिएको छ । यस कवितामा गद्य लयको प्रयोग भएर पनि शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनेको छ । विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भए तापनि सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'जिजीविषा' शीर्षक कवितामा मानवीय सत्कर्म र राष्ट्रिय स्वगौरवको भाव व्यक्त गर्दै उत्साह, आत्मबल आदि अमूर्त पात्रहरूको प्रयोगले मानिसमा राष्ट्रिय स्वाधीनता, स्वाभिमान सदा अखण्ड र स्वतन्त्र हुनुपर्छ भन्ने मूल भाव व्यक्त गरी सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले यो कविता लयात्मक बनेको छ ।

## ४.२.१४ सम-विषम कविताको विश्लेषण

(क) वस्तु

'सम-विषम' शीर्षक कविताको विषयवस्तु राजनीति र यसको विकृति रहेको छ । यस कवितामा नेताको दुष्कर्म र जनताको निरीहतालाई मूल कथ्य बनाएर विकृतिजन्य यथार्थको चित्रण गर्नु विषयगत विशेषता हो । नेताले सहिदको बलिदानबाट प्राप्त स्वतन्त्रताको दुरूपयोग गरेर आफ्नो स्वार्थ सिद्ध गरेको यथार्थतालाई छर्लङ्ग पारिएको छ । त्यस्तै सोझा-सीधा र निमुखा जनताहरूलाई सिँढी बनाएर सत्तामा पुगी जनतालाई लत्याउने, बेवास्ता गर्ने खराब प्रवृत्ति र जनता जहिले पनि सत्ताकै दास हुनुपर्ने प्रवृत्ति नै यस कविताको मूल विषयवस्तु हो । यही नै यस कविताको विषयवस्तु रहेको छ ।

(ख) सहभागी

यस कवितामा विविध सजीव, मानवीय पात्रहरू उपस्थित छन् । यहाँ चटकीहरू मुख्य पात्रका रूपमा आएका छन् । चटकी भनेकै प्रतीकात्मक रूपमा स्वार्थी नेताहरू हुन् । भालु नचाउनु भनेको नेताहरूले कुर्सीको खेल खेल्नु र रमिते भनेको सहिदको बलिदानबाट प्राप्त उपलब्धिका रूपमा उपस्थित भई विषयवस्तुलाई सहज रूपमा अघि बढाएका छन् । यी विभिन्न पात्रहरूको भूमिकाले यो कविता प्रभावकारी बनेको छ ।

(ग) परिवेश

यस कवितामा प्रजातन्त्र प्राप्तिको समय, राष्ट्रभक्त छोरा-छोरी सहिद बनेको दिन र त्यो समयको वातावरणलाई परिवेशका रूपमा समेटिएको छ । समग्र देशमा जताततै बढ्दै गएको असहयोग, अशान्ति, हत्या र आतङ्कयुक्त वातावरणलाई परिवेशको रूपमा लिइएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा राजनीति र यसको विकृत रूपलाई सुधार गर्नुपर्ने मुख्य उद्देश्य रहेको छ । नेताहरूले सधैँ सोझा-सीधा जनताहरूबाट फाइदा लिएर दुष्कर्म गरी आराम लिइरहेका हुन्छन् । त्यस्तै राष्ट्रभक्त सहिदहरूको बलिदानबाट प्राप्त प्रजातन्त्र, लोकतन्त्रको दुरुपयोग गरी व्यक्तिगत स्वार्थमा लागेका छन् भन्ने यथार्थता बोध गराउनु हो । कुनै पनि क्रान्ति र आन्दोलनले जनताको सपना पूरा भएन भन्ने मूल भाव रहेको छ । त्यस्तै राष्ट्रका निमित्त बलिदान दिन तयार हुने हामी कसैको स्वार्थ पूरा गर्ने साधन बन्दै छौँ भन्ने उद्देश्य रहेको छ । यही नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीका एक शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा ३३ पङ्क्ति तथा सात काव्य अनुच्छेद रहेका छन् । प्रस्तुत कवितामा गद्य लयको प्रयोग गरिएको छ । कवितामा शब्दहरूको अन्त्यानुप्रासले यो कविता लयात्मक बनेको छ । जस्तै :

*"हामी आफ्नो आदर्श ठान्छौं*
*र यथार्थमा सधैँ*
*हिजडा जिन्दगी बाँच्छौँ ।"*

*(त्यागी, २०५८: ३६)*

उपर्युक्त उद्धरणमा ठान्छौं र बाँच्छौँ शब्दहरूको अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका सहिद, विस्मित, सम्मोहित, परिकल्पना, आदर्श आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ३५/३६)* यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी यस कविताको भाषाशैली सरल भएर पनि शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनेको छ ।

निष्कर्ष

'सम-विषम' शीर्षक कवितामा मूलतः राजनीति र यसको विकृत रूप पक्ष समेटिएको छ । यस कवितामा राजनीतिक नेताहरूको दुष्कर्म र जनताहरूको निरीहतालाई प्रस्ट पार्दै विकृतिजन्य यथार्थतालाई प्रस्ट पारिएको छ । हामी सबैले सहिदले दिएको बलिदान र लिएको सपना पूरा गर्नतर्फ लाग्नुपर्ने देखिन्छ

। कुनै पनि क्रान्ति र आन्दोलनले जनताको सपना पूरा नभएको आशय व्यक्त गरिएको छ । समग्रमा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.२.१५ पोखरी कविताको विश्लेषण

(क) वस्तु

'पोखरी' शीर्षक कवितामा राजनीतिक विकृति र नेताहरूको स्वार्थीपनलाई विषयवस्तु बनाइएको छ । पोखरीलाई प्रतीकात्मक रूपमा सरकार र उच्च पदस्थ नेताको कुर्सीका रूपमा लिइएको छ । कवितामा पोखरीको दलदलमा भासिएर पछि बाहिर निस्कन कठिन हुन्छ भन्दै नेताले कुर्सी सत्ता छोड्न नसकेको यथार्थ व्यक्त गरिएको छ । यसरी देशमा राजनीतिक पार्टीहरूबीच देखिएको सत्ताको मोहलाई प्रस्ट पारिएको देखिन्छ । पोखरीमा विभिन्न जीवहरू भ्यागुत्ता, चेपागाँडा आदि झुरुप्प भएर बसिरहेको समयमा हात्ती आएर पोखरीभित्र पसी मडारिन थालेपछि चेपागाँडा र भ्यागुत्ताहरू यता-उता अलपत्र पर्दछन् । त्यसैले आमूल परिवर्तनका लागि कुनै ऐतिहासिक क्रान्ति गर्नुपर्छ भन्ने विचार नै यस कविताको मूल विषय रहेको छ ।

(ख) सहभागी

प्रस्तुत कवितामा सजीव, निर्जीव, मानवीय, मानवेत्तर आदि पात्रहरू प्रयोग गरिएका छन् । कवितामा चेपागाँडा, भ्यागुता र हात्ती सजीव तथा पोखरी र काला गोही प्रतीकात्मक रूपमा निर्जीव पात्रका रूपमा रहेका छन् । यहाँ पोखरीले सत्ता तथा सरकारको, भ्यागुता र चेपागाँडाले जनताको एवम् हात्तीले उच्च पदस्थ नेताको प्रतीकका रूपमा अर्थ वहन गरेका छन् । विषयवस्तुअनुरूप पात्रहरूको उचित उपस्थिति रहेको छ । कवितामा मुख्य पात्रका रूपमा पोखरी रहेको छ । त्यस्तै विष नभएका सर्पले इख नभएका जनताहरूको प्रतिनिधित्व गरेका छन् । कवितामा कमलको फूल र भमरालाई पनि पात्रका रूपमा समावेश गराइएको छ । यसरी यस कवितामा पात्रहरूको विविधता रहेको देखिन्छ ।

(ग) परिवेश

समकालीन राजनीतिक विसङ्गतिले भरिएको समाज नै यस कविताको मूल परिवेश हो कवितामा राजनीतिमा सत्ताको मोहमा लिप्त रहेका नेताहरूको समूहले भरिएको सभागृह तथा द्वन्द्व, बेमेल र असहयोगको स्थितिको यथार्थ चित्रण गरिएको छ । जनताहरूको सहयोग पाएर सत्तामा पुगेका नेताले जनताहरूलाई सहयोग नगरी उल्टो दुःख मात्र दिइरहेको दुखद वातावरणलाई समेटिएको छ । यसरी समकालीन राजनीतिक विकृति र विसङ्गतिलाई समेट्दै स्वार्थी, भ्रष्ट नेताहरूलाई तिरस्कार गरिनुपर्ने स्थिति मूल परिविशका रूपमा रहेको छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा खराब प्रवृत्तिका भ्रष्ट र स्वार्थी नेताहरू सत्ताको मोहमा लागिरहेका छन् भन्ने भाव व्यक्त गरिएको छ । त्यस्तै जनताहरूको सहयोग पाएर सत्तामा पुगेपछि नेताले जनताहरूलाई बिर्सने र सहयोग नगर्ने प्रवृत्ति बढ्दै गएको देखाइएको छ । अब जनताहरू मौन बस्ने होइन बरु ऐतिहासिक क्रान्तिबाट राष्ट्रमा आमूल परिवर्तन ल्याउनुपर्ने विचार मूल उद्देश्यका रूपमा प्रकट गरिएको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्द र बढीमा पाँच शब्दसम्मका पङ्क्ति रहेका छन् । कवितामा लामा-छोटा गरी जम्मा ४३ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । यस कवितामा संस्कृत तत्सम मूलका सुन्दर, संस्कार, नीति, रीति, विष, गर्व आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ३७/३८)* यस कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको समेत संयोजन रहेको पाइन्छ । जस्तै :

*"मेरो देशमा*
*एउटा सुन्दर पोखरी छ ।"*

*(त्यागी, २०५८: ३७)*

उपर्युक्त उद्धरणमा सुन्दर पोखरीलाई सत्ताको मोह, कुर्सी र सरकारको मोहका रूपमा बिम्बात्मक ढङ्गले व्यक्त गरिएको छ । यसरी यस कवितामा मुक्त लयको प्रयोगका साथै शब्दहरूको अन्त्यानुप्रास एवम् विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि भाषाशैली सरल रहेको छ ।

निष्कर्ष

'पोखरी' कवितामा राजनीतिक विकृति र नेताहरूको स्वार्थीपनलाई विषयवस्तु बनाई विविध पात्रहरूका माध्यमबाट समकालीन राजनीतिक विसङ्गतिले भरिएको समाजको यथार्थ चित्रण गरिएको छ । त्यसैले सम्पूर्ण जनताहरू एकजुट भई आमूल परिवर्तन ल्याउनुपर्ने उद्देश्य रहेको यस कवितामा गद्य लय, सरल भाषाशैली तथा बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग रहेको देखिन्छ ।

### ४.२.१६ विमति कविताको विश्लेषण

(क) वस्तु

'विमति' शीर्षक कवितामा देशमा जनयुद्ध चर्किरहेको अवस्थालाई समेटेर जनताहरूमा उत्पन्न पीडालाई व्यक्त गरिएको छ । कवितामा सोझा-सीधा जनताहरू निरन्तर कडा परिश्रम गरी जीविकोपार्जन गरिरहेका छन् तर टाठाबाठा नेताहरू आ-आफ्नो स्वर्थ सिद्ध गर्न लालायित देखिन्छन् । त्यस्तै वर्तमान समयमा युवायुवतीहरू नौलो सभ्यता एवम् संस्कृति र रङमा लालायित देखिएका छन् । छिमेकी राष्ट्रहरू

रमिते बनेका तथा मान्छेमा मानवता हराउँदै गएको प्रति विमति जनाइएको छ । यही नै यस कविताको मूल विषयवस्तु हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा विविध सजीव र मानवीय पात्रहरू प्रयोग गरिएका छन् । यहाँ घरमूली, घरबूढी, छोराछोरी, छिमेकी आदिको उपस्थिति रहेको छ । यस कवितामा मानवेत्तर पात्रमा कुकुर, बिराला, वायुपिशाच आदि पात्रहरू पनि प्रयोग भएका छन् । यहाँ प्रमुख पात्रका रूपमा घरमूली आएको छ । यी विविध पात्रहरूका माध्यमबाट विषयवस्तुलाई प्रभावकारी रूपमा अघि बढाइएको छ ।

(ग) परिवेश

यस कवितामा मानिसहरूको बसोबास रहेको स्थान, विविध संस्कृति र रङ्गमा युवायुवती रमाइरहेको आधुनिक समय र मान्छेमा मानवता हराउँदै गएको वातावरणको चित्रण गरिएको छ । एक-आपसमा मर्दापर्दा रमिते बनेर बस्ने छिमेकी तथा रीतिरिवाज हराएको शून्यता र मान्छे-मान्छेबीच काटाकाट, हत्या, हिंसा र अराजकता मौलाएको समय तथा वातावरणको परिवेश आएको छ । त्यसैले कविताको विषयवस्तु र पात्रअनुकूलको परिवेश निर्माण गरिएको देखिन्छ ।

(घ) उद्देश्य

यस कवितामा जनयुद्धको पीडाबाट प्रताडित भई मुक्तिको बाटो खोजिएको अवस्थाको चित्रण गरिएको छ । यहाँका परिश्रमी जनताहरू आ-आफ्नो कर्ममा नित्य लागिरहेका छन् । युवायुवतीहरू नयाँ सभ्यता तथा संस्कृति र रङ्गमा मोहित भई आधुनिकताको उछृङ्खलतामा लागेको तीतो सत्यप्रति विमति राखिएको छ । त्यस्तै मान्छेमा मानवता हराउँदै गएको कुराप्रति पनि खेद व्यक्त गर्दै नित्य कर्ममा जुटी आ-आफ्नो सभ्यता र संस्कृतिको संरक्षण गर्दै एक-आपसमा सरसहयोग गरी मानवीय भावना राख्नुपर्ने सन्देश दिइएको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्द र बढीमा चार शब्दका पङ्क्ति रहेका छन् । कवितामा लामा-छोटा गरी जम्मा ३९ पङ्क्ति रहेका छन् । यस कवितामा गद्य लयको प्रयोग गरिएको छ । यहाँ शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"छिमेकीहरू*

*घर डढेको आगो ताप्छन्*

*मौका ढुकेर*

*ढुकुटी रित्याउँछन् ।"*

*(त्यागी, २०५८: ४०)*

उपर्युक्त उद्धरणमा ताप्छन् र रित्याउँछन् शब्दहरूमा अन्त्यानुप्रास रहेको छ । जसले गर्दा कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका सभ्यता, निमग्न, नौलो, वायुपिशाच, रीतिरिवाज, विमति, निकृष्ट आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ३९/४०) यस कवितामा घरमूलीलाई सरकार प्रमुखको प्रतीकात्मक रूपमा प्रयोग गरिएको छ । त्यस्तै घरबूढीलाई परिश्रमी जनताहरूका रूपमा लिइएको छ । यहाँ सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी यस कवितामा गद्य लयको प्रयोगका साथै शब्दहरूको अन्त्यानुप्रासको प्रयोग भएर पनि सरल भाषाशैली रहेको छ ।

### निष्कर्ष

'विमति' कवितामा देशमा जनयुद्ध चर्किरहेको अवस्थालाई समेटेर जनताहरूमा उत्पन्न पीडालाई विषयवस्तुका रूपमा समेट्दै घरमूली, घरबूढी, कुकुर र बिराला जस्ता पात्रका माध्यमबाट समकालीन समय, स्थान र वातावरणको परिवेश समेटिएको छ । कवितामा जनयुद्धको पीडाबाट प्रताडित भई मुक्तिको बाटो खोजी गर्नुपर्ने उद्देश्य राखी गद्य लयको प्रयोग तथा अन्त्यानुप्रासले लयात्मकता रहेको देखिन्छ । समग्रमा यो कविता सरल, सहज र बोधगम्य रहेको देखिन्छ ।

## ४.२.१७ महानगर कविताको विश्लेषण

### (क) वस्तु

'महानगर' कवितामा मानिसहरूको वास्तविकता, निकृष्टता र स्वार्थीपनलाई मुख्य विषयवस्तु बनाइएको छ । यस कवितामा आजका मान्छे दिनदिनै साँघुरिँदै गएका छन् भन्ने कुरा पनि सूक्ष्म रूपमा देखाइएको छ । आजका मान्छे आत्मीयताको कृत्रिम हाँसो हाँस्छन् । उनीहरूमा भ्रातृत्वको भावना, मानवता हराउँदै गएको छ । यसरी मान्छेमा विश्वासघात, विकृति बढेर मानवीय संवेदना हराउँदै गएको र मान्छे नपुङ्सक जीवन भोगिरहेको यथार्थ नै यस कविताको विषयवस्तु रहेको देखिन्छ ।

### (ख) सहभागी

यस कवितामा विविध पात्रहरूले सहभागिका रूपमा उपस्थित भएर विषयवस्तुलाई अघि बढाएका छन् । यस कवितामा सजीव पात्रहरूअन्तर्गत आफन्त र स्वजन तथा सम्भ्रान्त नगरबधू, विभ्रान्त ग्राहकहरू र सभ्य भद्रजनहरू प्रयोग गरिएका छन् । त्यस्तै अमानवीय पात्रका रूपमा जीवित प्रेतात्माहरू प्रयुक्त रहेका छन् । वर्गीय र प्रमुख पात्रका रूपमा आफन्तहरू रहेका छन् । यसरी यस कवितामा विषयवस्तुअनुरूप पात्रहरूको उपस्थिति रहेको देखिन्छ ।

### (ग) परिवेश

प्रस्तुत कवितामा मानिसहरूको बाक्लो बसोबास रहेको ठाउँ महानगरको वातावरण तथा महानगरबासीको कृत्रिम हाँसोलाई परिवेशका रूपमा लिइएको छ । यहाँका मान्छेमा स्वार्थ, विकृति,

विसङ्गति, असहयोग मात्र रहेको यथार्थ स्थितिको चित्रण गरिएको छ । यस कवितामा धनीले सोझा, सीधा मानिसलाई दुःख दिइरहेको वर्तमान समयको यथार्थ चित्रण गरिएको पाइन्छ । त्यसैले सम्पूर्ण नगरबासीहरू नपुङ्सक भएर बाँचिरहेको स्थान र वातावरणका साथै जीवित प्रेतात्माहरू अतृप्त तृष्णामा छटपटाइरहेको वर्तमान समय र वातावरणलाई समेटिएको छ । त्यसैले यस कवितामा समकालीन समाजको नकारात्मक मूल्यमा आधारित परिवेशको चित्रण गरिएको पाइन्छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा मान्छेमा मानवीय भावना हराउँदै गएकाले, भ्रातृत्वको भावना सङ्कटमा परेकाले तथा सर्वत्र विकृति र विसङ्गति बढदै गएकाले मान्छेले परोपकारी र मानवतावादी भावना लिएर जिउनुपर्ने सन्देश दिइएको छ । त्यस्तै धनी वर्गका मानिसले गरिव वर्गका मानिसलाई दुःख दिने होइन, सहयोग गर्नुपर्छ भन्ने उद्देश्य राखिएको छ । महानगरबासीहरूमा मानवीय संवेदना हराउँदै गएको कुरा पनि प्रस्ट पारिएको छ । मूल रूपमा महानगरबासीमा मानवीय भाव जागृत हुनुपर्ने उद्देश्य राखिएको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्द र बढीमा पाँच शब्दसम्मका जम्मा ३० पङ्क्ति रहेका छन् । प्रस्तुत कवितामा गद्य लयको प्रयोग गरिएको छ । यस कवितामा कतैकतै शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"सम्भ्रान्त नगरबधूहरू*

*विभ्रान्त ग्राहकहरू*

*फसाइरहेछ, आज ।"*

*(त्यागी, २०५८: ४२)*

उपर्युक्त उद्धरणमा नरगबधूहरू, ग्राहकहरू शब्दमा अन्त्यानुप्रास रहेकाले कविता लयात्मक रहेको छ । यस कवितामा संस्कृत तत्सम मूलका सगोल, स्वजन, आत्माहीन, संवेदनाहीन, विश्वास, सभ्य, सम्भ्रान्त जस्ता शब्दहरूको प्रयोग गरिएको छ । *(त्यागी, २०५८: ४१/४२)* यसै गरी विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको सबल प्रयोग पनि पाइन्छ । यहाँ आत्माहीन आफन्तहरू विरोध अलङ्कार, जीवनहीन जीवन बिम्ब, जीवित प्रेतात्मा मानवीय संवेदना नभएका मानिस आदि बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी यस कवितामा गद्य लय तथा अन्त्यानुप्रासयुक्त शब्दहरूका साथै बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भई एउटा प्रभावकारी कविताका रूपमा रहेको देखिन्छ ।

निष्कर्ष

'महानगर' कवितामा मान्छेमा स्वार्थीपन बढेर गएको एवम् मानवताको भाव हराएर गएको र विकृति तथा विसङ्गति बढेर गएको यथार्थको प्रस्तुति विषयवस्तुका रूपमा विविध पात्रहरूका माध्यमबाट गरिएको छ। यस कवितामा मानवीय भावना जागृत गराई परहितमा जुट्नुपर्ने सन्देश दिँदै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ।

## ४.२.१८ सहर कविताको विश्लेषण

### (क) वस्तु

'सहर' कवितामा अशिक्षा, गरिबी र बेरोजगारीले जन्माएका विविध समस्याहरूलाई विषयवस्तु बनाइएको छ। सहरिया विकृति, धनी वर्गका मानिसहरूले गरिब वर्गका मानिसहरूप्रति शोषण गर्ने प्रवृत्ति बढेर गएको सत्य-तत्य पक्षलाई पनि विषयवस्तु बनाइएको छ। यस कवितामा सोझा-सीधा गाउँले युवाहरूको आत्मीय बानीबेहोरा र अकल्मष भावना लिएर सहर आउँदा यहाँको विकृतिको विष र असङ्गत वातावरणले प्रताडित हुनुपरेको कुरा व्यक्त गरिएको छ। सहरको उकुसमुकुस र हतारमा कहीँ कतै एकमुठी उज्यालो भेटाउन नसकेको यथार्थ पनि प्रकट गरिएको छ। कोही सहरको अन्योल र अनिश्चिततामा स्वाधीनता पक्रन नसकेर पराधिनतामा बन्धकी परेका छन् भने कतै सार्थकतामा फक्रन नसकेर विवशतामा मलामी हुनुपरेको यथार्थ व्यक्त गरिएको छ। यसरी कवितामा सहरका मान्छेको प्रतिष्ठा गुमेको, विनम्रता हराएको वास्तविकतालाई मूल विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ।

### (ख) सहभागी

प्रस्तुत कवितामा रोजगारीको खोजीमा सहर पसेका युवाहरू, मान्छेहरू पात्रका रूपमा उपस्थित रहेका छन्। मुख्य पात्रका रूपमा बेरोजगार युवाहरू नै रहेका छन्। विषयवस्तुअनुरूप पात्रहरूको उपस्थिति रहेको छ। बेरोजगार सोझा, सीधा युवाहरूले सहरमा आएर भोग्नुपरेको यथार्थ तथ्यलाई विषयवस्तुअनुसार व्यक्त गरिएको छ।

### (ग) परिवेश

प्रस्तुत कवितामा ग्रामीण सुन्दर, प्राकृतिक वातावरण र सहरी उकुमुकुसले भरिएको विकृति र विसङ्गतिजन्य वातावरण मुख्य रूपमा आएको छ। यस कवितामा गाउँ र सहरलाई स्थान तथा वर्तमान काललाई समयका रूपमा समेटिएको छ। यसरी यस कवितामा विषयवस्तु र पात्रअनुकूलको परिवेश रहेको पाइन्छ।

### (घ) उद्देश्य

प्रस्तुत कवितामा अशिक्षा, गरिबी र बेरोजगारीले जन्माएका समस्याहरूको चित्रण गर्दै ग्रामीण र सहरी वातावरणका बीच तुलना गर्ने उद्देश्य राखिएको देखिन्छ। सहरमा बढ्दै गएको विकृति र

विसङ्गतिबाट अलग रहनुपर्ने सन्देश पनि दिइएको छ । यसरी कवितामा धनी वर्गले गरिब वर्गमाथि गर्ने शोषण, दमन, अन्याय र अत्याचारको अन्त्य हुनुपर्ने मूल विचार राखिएको छ । यही नै यस कविताको जीवन चेतना तथा उद्देश्य हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ४४ पङ्क्ति रहेका छन् । कवितामा गद्य लयको प्रयोग गरिएको छ । त्यस्तै गरी शब्दहरूको अन्त्यानुप्रासले यो कविता लयात्मक बनेको छ । जस्तै :

*"नियास्रा अनुहारहरू लोलाइरहे*
*निस्तेज आँखाहरू टोलाइरहे ।"*

*(त्यागी, २०५८ : ४४)*

उपर्युक्त उद्धरणमा नियास्रा, निस्तेज, अनुहारहरू, आँखाहरू तथा लोलाइरहे र टोलाइरहे शब्दहरूबीच समानता तथा पूर्वानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रास रहेको छ । यस कवितामा संस्कृत तत्सम मूलका सन्दिग्ध, आकाश, अकल्मष, विष, विद्रुप, विवशता, विनम्रता आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ४३/४४)* यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग रहेको छ । यसरी यस कवितामा गद्य लयका साथै शब्दहरूको अन्त्यानुप्रासले लयात्मकता बढाएको छ । सरल शब्दहरूको विन्यासले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'सहर' कवितामा अशिक्षा, गरिबी र बेरोजगारीले जन्माएका समस्याहरूलाई प्रस्ट पार्दै सहरमा बढ्दै गएको विकृति, विसङ्गतिको यथार्थ चित्रण गर्दै रोजगारीका निम्ति सहर आएका गाउँका युवाहरूलाई दुःख दिन, श्रमशोषण गर्ने सहरका धनी वर्गका मानिसप्रति व्यङ्ग्य गर्दै बेरोजगारीको चाप घटाउनतर्फ विचार गर्नुपर्ने सन्देश दिइएको छ । समग्रमा सरल, सहज र सुबोध भाषाशैलीले कविता प्रभावकारी रहेको छ ।

## ४.२.१९ अन्तर कविताको विश्लेषण

(क) वस्तु

'अन्तर' कविता सहर र गाउँको वातावरणबीचको भिन्नतालाई विषयवस्तु बनाएर लेखिएको कविता हो । गाउँका मानिसहरू सोझा-सीधा हुन्छन् । उनीहरू आ-आफ्नो धर्म, संस्कृति तथा परम्परालाई मान्दछन् । उनीहरूमा एक-अर्काप्रति सहयोगको वातावरण रहेको हुन्छ । सहरमा स्वार्थी प्रवृत्तिका मानिसहरू रहेका हुन्छन् । उनीहरूको साँघुरो मन र साँघुरै विचार रहेको हुन्छ । यसरी यस कवितामा सहरमा विकृति र विसङ्गति तीव्र रहेको छ भन्ने कुरा प्रस्ट पारिएको छ । यही नै यस कविताको विषयवस्तु पनि हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा सोझा-सीधा गाउँले मानिसहरू तथा दुष्ट, स्वार्थी, छलकपट गर्ने सहरका मानिसहरू सहभागीका रूपमा रहेका छन् । यहाँ प्रमुख पात्रका रूपमा गाउँका मानिस र सहरका मानिस वर्गीय रूपमा उपस्थित रहेका छन् । यिनै पात्रहरूका माध्यमबाट यस कविताको विषयवस्तु अघि बढेको छ । यसरी यस कवितामा विषयवस्तुअनुरूप पात्रहरू प्रयोग भएका देखिन्छन् ।

(ग) परिवेश

प्रस्तुत कवितामा गाउँको स्वच्छ, सफा हावा, पानी, वातावरणका साथै सहरी उकुसमुकुसपूर्ण, छलकपटपूर्ण तथा दुर्गन्धित वातावरणसमेतलाई समेटिएको छ । यहाँ गाउँघरका पाखा, पखेरा, रोदिघर, गाउँको जीवनगाथा आदिलाई समेटिएको छ । सहरमा मानिसहरूको भीडभाड, दुर्घटनाग्रस्त जिजीविषा, साँघुरो मन तथा नाङ्गो संस्कृतिलाई देखाउने ठाउँको रूपमा चित्रण गरिएको छ । यसरी यस कवितामा गाउँको स्वच्छ, सफा वातावरण तथा सहरको छलकपटपूर्ण, उकुसमुकुस र दुर्गन्धित वातावरणलाई विषयवस्तु र पात्रअनुकूल छनोट गरिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा सहर र गाउँको वातावरणबीचको भिन्नतालाई प्रस्ट पार्दै गाउँको मानिसहरूको व्यवहार अनुशरण गरी अघि बढ्नुपर्ने सन्देश दिइएको छ । त्यस्तै गरी गाउँलेहरूले आ-आफ्नो संस्कृतिलाई जोगाएर राखी परोपकारी भावना लिएर अघि बढ्नुपर्ने भाव व्यक्त गरिएको छ । यही नै यस कविताको उद्देश्य हो

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्द र बढीमा पाँच शब्दसम्मका लामा-छोटा गरी जम्मा ३४ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा संस्कृत तत्सम मूलका निर्लज्ज, सभ्यता, विभेद, आकाश, शालीन आदि शब्दहरूको पनि प्रयोग गरिएको देखिन्छ । (त्यागी, २०५८: ४५/४६) यस कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको समेत प्रयोग गरिएको छ । जस्तै :

*"गाउँ राजनीतिको जाली चाल जान्दैन*

*कूटनीतिको घुमाउरो भाषा पनि जान्दैन ।"*

*(त्यागी, २०५८: ४५)*

उपर्युक्त उद्धरणमा गाउँका स्वाभाविक विशेषताको चित्रण प्रस्तुत भएकाले स्वाभावोक्ति अलङ्कारको प्रयोग गरिएको छ ।

निष्कर्ष

'अन्तर' कवितामा सहर र गाउँको वातावरणबीचको भिन्नतालाई प्रस्ट रूपमा देखाउँदै गाउँ र सहरका पात्रहरूका माध्यमबाट विषयवस्तु अघि बढेको छ । यस कवितामा गाउँका मानिसको सभ्यता, संस्कृति र आचरण आदिको अवलम्बन गर्दै सहरी विसङ्गति, विकृति, स्वार्थीपनबाट अलग रहन सन्देश दिँदै सरल, सहज र बोधगम्य भाषाशैलीमा रचना गरिएकाले यो कविता प्रभावकारी रहेको छ ।

### ४.२.२० पुन्टी दमिनी कविताको विश्लेषण

(क) वस्तु

'पुन्टी दमिनी' शीर्षक कविता ग्रामीण दलित नारीलाई विषयवस्तु बनाएर लेखिएको हो । यस कवितामा गरिब र निम्न वर्गीय तथा कथित, दलित वर्गका महिलाहरूको बैंस लुट्न पल्केका गाउँका उपल्लो जातका शोषकहरूको चित्रण गरिएको छ । त्यस्तै गाउँघरमा विद्यमान जातीय छुवाछुत र विभेदको यथार्थ चित्रण गरिएको छ । त्यस्ता शोषक वर्गका व्यक्तिबाट जोगिएर तिनीहरूलाई समाजमा नङ्ग्याएर देखाउनुपर्ने कुरालाई मूल विषयवस्तुका रूपमा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा पुन्टी दमिनी प्रमुख तथा केन्द्रीय पात्रका रूपमा रहेकी छे । पुन्टी दमिनीको उपस्थिति म पात्रका रूपमा भएको छ भने अन्य सहायक पात्रका रूपमा उसकी आमा, ठूल्काजी आदि रहेका छन् । यस कवितामा पुन्टी दमिनीले वक्ता पात्रका रूपमा विगतको आफ्नै कथा-व्यथा बताएकी छे। यसरी यस कवितामा विषयवस्तुअनुसार म पात्रका माध्यमबाट पुन्टी दमिनीले प्रमुख भूमिका निभाएकी छे।

(ग) परिवेश

प्रस्तुत कवितामा स्वच्छ, सफा गाउँको वातावरण परिवेशका रूपमा रहेको छ । शोषक प्रवृत्तिका साहु, महाजनको खराब आदतलाई नङ्ग्याइएको छ । यस कवितामा पुन्टी दमिनीको कारुणिक अवस्थालाई समेटिएको समय र स्थान गाउँकै भूभाग हुन् । यसरी यस कवितामा विषयवस्तुलाई प्रस्तुत गर्ने पात्रले घटना घटाएका ठाउँ, गाउँघर, समाज नै हुन् । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कविताको मूल उद्देश्य गरिब, दलित र महिलामाथि समान व्यवहार गर्दै जातीय छुवाछुतको शोषक प्रवृत्तिको अन्त्य गरिनुपर्छ भन्ने हो । हरेक वर्गका मानिसहरू स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ भन्ने सन्देश दिनु पनि यस कविताको वैचारिक पक्ष तथा सन्देश हो ।

### (ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्द र बढीमा चार शब्दसम्मका जम्मा ३६ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनेको छ । जस्तै :

*"मभित्र आगो*

*बल्दै छ बिस्तारै बिस्तारै !*

*मभित्र काली*

*जाग्दै छ बिस्तारै बिस्तारै !!"*

*(त्यागी, २०५८: ४८)*

प्रस्तुत पङ्क्तिमा मभित्र तथा बिस्तारै बिस्तारै शब्दहरूबीच पूर्वानुप्रास र अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । कवितामा सरल र सोझो अभिव्यक्तिभित्र मानव जीवनका मार्मिक पीडाहरूको प्रस्तुति पाइन्छ । यस कवितामा संस्कृत तत्सम मूलका निस्सहाय, निर्वाङ्ग, फणा आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ४८)* यस कवितामा सरल भाषा रहेको छ । कविता गद्य लयको प्रयोग तथा अन्त्याप्रासले लयात्मक रहेको देखिन्छ ।

### निष्कर्ष

'पुन्टी दमिनी' कवितामा गरिब, दलित र नारी वर्गलाई दुःख दिएर माथि-माथि पुगेका शोषक, व्यभिचारी उपल्लो दर्जाका व्यक्तिहरूको यथार्थ पक्षको चित्रण गर्दै जातीय छुवाछुत र विभेदको अन्त्य गरिनुपर्ने विचार प्रकट गरिएको पाइन्छ । कवितामा म अर्थात् पुन्टी दमिनीले आफ्नै व्यथाको वर्णन गर्दै शोषक र व्यभिचार स्वभावका व्यक्तिहरूको चरित्र चित्रण गर्दै खबरदारी गरी समाजमा नङ्ग्याउनुपर्ने विचार व्यक्त गरेकी छे । गद्य लयमा रचित प्रस्तुत कविता अन्त्यानुप्रासका कारण लयात्मक तथा सरल, सहज र बोधगम्य रहेको छ ।

## ४.२.२१ माटो कविताको विश्लेषण

### (क) वस्तु

'माटो' कवितामा देशप्रेमको भावना तथा आफ्नो देशको सभ्यता, संस्कृति र स्वपहिचानलाई मूल विषयवस्तु बनाइएको छ । कवितामा देशको एक चिम्टी माटो उठाएर निधारमा टीका लगाउँदै माटोप्रतिको महिमा गाइएको छ । कवितामा प्रमुख पात्र ममार्फत देशको माटोको वर्चस्व, सर्वस्व र देवत्व रहेको भाव व्यक्त गरिएको छ । यहाँको माटो मलिलो पोसयुक्त रहेको छ । त्यसैले आफ्नो देश र देशको माटोको माया सधैँ जिउँदो बनेर रहन्छ । अतः माटो नै मानव जीवनलगायत म पात्रको यौवन र जीवन दुवै रहेको तथ्य विषयलाई यस कविताको विषयवस्तुअन्तर्गत समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा प्रथम पुरुष सर्वनाम म पात्रको एकालापीय अभिव्यक्ति रहेको छ । कवितामा म पात्र प्रमुख रूपमा रहेको छ । त्यसैले म पात्रले नै राष्ट्रियता, सभ्यता र संस्कृतिको महिमा रहनुपर्ने विचार प्रकट गरेको छ । म पात्रले एक चिप्टी माटो उठाएर निधारमा टीका लगाउँदै आफ्नो वर्चस्व, सर्वस्व र देवत्व माटोमा रहेको कुरा जनाउँदै प्रतिपल माटोको अनुभूत गर्ने हुनाले सम्पूर्ण जीवन र यौवनसमेतलाई विषयवस्तुअनुसार अघि बढाएको छ ।

(ग) परिवेश

यस कवितामा समग्र देशको भूभाग तथा विविध सांस्कृतिक वातावरणको चित्रण रहेको छ । कवितामा म पात्र रहेको स्थान, देशको एक चिम्टी माटोको टीका लगाएको समय तथा प्रतिपल माटोको अनुभूत गरिरहेको समयलाई परिवेशका रूपमा समेटिएको छ । यस कवितामा विषयवस्तु र पात्रअनुकूलको विविध प्राकृतिक, सांस्कृतिक र राष्ट्रिय परिवेशलाई समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा हरेक व्यक्तिमा राष्ट्रियताको भावना जागृत रहनुपर्ने कुरालाई मूल उद्देश्य बनाइएको छ । कुनै पनि व्यक्तिको हृदयमा राष्ट्रप्रतिको भावना प्रतिपल प्रगाढ रहनु नै राष्ट्रपतिको सर्वस्व, वर्चस्व र देवत्व रहनु हो भन्ने सन्देश दिनु पनि यस कविताको वैचारिक पक्ष रहेको छ । यही राष्ट्रियताको मोह, स्वाभिमान, देवत्व सम्पूर्ण व्यक्तिमा रहनुपर्छ भन्ने देखाउनु यस कविताको सन्देश पनि हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्द र बढीमा चार शब्दसम्मका जम्मा २२ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"यही माटोमा देवत्व जाग्दछ*

*छोए मात्र पनि यस माटोमा पोस लाग्दछ ।"*

*(त्यागी, २०५८: ४९)*

उपर्युक्त उद्धरणमा माटोमा-माटोमा, लाग्दछ-लाग्दछ शब्दहरूबीच मध्यानुप्रास र अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका स्पन्दन, सभ्यता, स्वपहिचान, वर्चस्व, सर्वस्व, स्वभिमान आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ४९) कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग गरिएको छ । जस्तै :

*"माटो नै मेरो यौवन हो !*

*माटो नै मेरो जीवन हो !!"*

*(त्यागी, २०५८: ४९)*

उपर्युक्त उद्धरणमा माटोलाई यौवनसँग तथा जीवनसँग तुलना गर्दा रूपक अलङ्कारको प्रयोग गरिएको छ । यसरी कवितामा गद्य लय तथा अन्त्यानुप्रासयुक्त शब्दहरूका साथै बिम्ब, प्रतीक र अलङ्कार प्रयोगका दृष्टिले पनि एउटा प्रभावकारी कविताका रूपमा रहेको देखिन्छ ।

निष्कर्ष

'माटो' शीर्षक कवितामा देशप्रेमको भावना तथा सभ्यता, संस्कृति र स्वापहिचानलाई मूल विषयवस्तु बनाएर प्रथम पुरुष सर्वनाम म पात्रले राष्ट्रियता, सभ्यता र संस्कृतिको महिमा गराउँदै समग्र देशको भूभाग, विविध सांस्कृतिक वातावरणलाई समेटेको छ । कवितामा हरेक व्यक्तिमा राष्ट्रियताको भावना जागृत गराउनुपर्ने उद्देश्य राख्दै गद्य लयमा रचित अन्त्यानुप्रासयुक्त शब्दहरूले लयात्मक बनेको छ । समग्रमा विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग रहे तापनि यो कविता सरल र सुबोध रहेको छ

## ४.२.२२ नदी कविताको विश्लेषण

(क) वस्तु

'नदी' कवितामा नदीको गतिमयता, नियति र शक्तिलाई मूल विषयवस्तु बनाइको छ । त्यस्तै विविध धर्म तथा संस्कृति आदिलाई समेत प्रस्तुत गरिएको छ । यहाँ प्रतीकात्मक रूपमा नदीलाई चेतना, ज्ञान, जागरण र संस्कृतिका रूपमा चित्रण गरिएको छ । कवितामा गतिमयतालाई नदीको नियति मान्दै कसैले थुन्न, छेक्न, बाँध्न नसक्ने शक्तिवान् र गतिवान् पात्रको रूपमा लिइएको छ । मान्छेका मनहरूमा सञ्चेतना, संवेदना, मस्तिष्क र सहजानुभूतिमा पनि नदी निरन्तर बगिरहन्छ । त्यस्तै विश्वासको शिखरबाट, आस्थाको आकाशबाट पनि चिन्तनको निर्झर र विचारको वर्षा नदी बनेर बगेको हुन्छ । त्यसैले सभ्यताको र संस्कृतिको नदी स्वच्छ, स्वस्थ बग्नुपर्छ । समयरूपी नदीमा मन्दिर, मस्जिद, चर्च, चैत्य आदि विविध धार्मिकताको पहिचान छ । त्यसैले जसरी नदीको पानी स्वच्छ, सफा हुन्छ, त्यस्तै मानिसको आँखाको नानी पनि सग्लो हुनुपर्छ भन्ने मूल विषयवस्तु समेटिएको छ । यसरी यस कवितामा नदीलाई गतिवान् र शक्तिवान् ठान्दै विषयवस्तु समेटिएको छ ।

(ख) सहभागी

यस कवितामा नदीलाई प्रमुख पात्रका रूपमा उपस्थित गराइएको छ । कवितामा नदी वक्ता पात्रका रूपमा उपस्थित भई एकालापीय अभिव्यक्ति दिइएको छ । नदीको गति र शक्तिलाई कसैले थुन्न, छेक्न, बाँध्न नसक्ने भएकाले सर्वशक्तिवान् र गतिवान् नदीको नियति हो । नदी मानव मनको सञ्चेतनामा, संवेदनामा, सहजानुभूतिमा बगिरहन्छ । त्यस्तै सभ्यता र संस्कृतिको नदी स्वच्छ, स्वस्थ बग्नुपर्छ । यसरी नदी वक्ता पात्रमार्फत विषयवस्तुलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ ।

(ग) परिवेश

यस कवितामा गतिवान् अवस्थाको नदीका माध्यमबाट प्रतीकात्मक रूपमा मानव मनमस्तिष्कको चित्रण गरिएको गतिवान् समय रहेको छ । कवितामा विश्वका अग्ला-अग्ला शिखरबाट झर्ने निर्झर,

आस्थाको आकाश, विश्वासको शिखर, समयको नदी किनार आदि स्थान र वातावरणलाई यस कवितामा परिवेशका रूपमा लिइएको छ ।

(घ) उद्देश्य

यस कवितामा नदीको गतिमयतालाई, विचारको वर्षालाई शक्तिवान्‌लाई प्रतीकात्मक रूपमा मानिसमा भएको चेतना, ज्ञान र जागरणसँग तुलना गरेर देखाउनु मुख्य उद्देश्यका रूपमा रहेको छ । त्यस्तै नदीमा विचारको वर्षा, कलकल हार्दिकता, सदाशयता, स्वत्व, स्वअस्तित्व भएझैँ मानव मस्तिष्कमा चेतना, ज्ञान, जागरण हुन्छ भन्ने भाव व्यक्त गरिएको छ । कवितामा जसरी नदी सङ्लो बग्दछ, त्यसै गरी चेतना, ज्ञान, र जागरणले मानिस महान् बन्दछ भन्ने मूल भाव पनि व्यक्त गरिएको छ । यसरी यस कवितामा नदी र मानव मनबीच निकट सम्बन्ध रहने कुरा देखाउँदा विषयवस्तु, पात्र र परिवेश सुहाउँदो उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्द र बढीमा चार शब्दसम्मका जम्मा ३५ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"नदी गतिवान् हुन्छ*
*सदा शक्तिवान् हुन्छ ।"*

*(त्यागी, २०५८: ५०)*

उपर्युक्त उद्धरणमा गतिवान्-शक्तिवान् र हुन्छ-हुन्छ शब्दहरूबीच मध्यानुप्रास र अन्त्यानुप्रास रहेकाले यो कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका नियति, सञ्चेतना, संवेदना, विश्वास, चिन्तन, आस्था, सदसयता, सभ्यता, सग्लो आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ५०/५१)* कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग गरिएको छ । कवितामा नदीलाई प्रतीकात्मक रूपमा मानिसको मनमा उत्पन्न हुने चेतना, ज्ञान र जागरणसँग तुलना गरिएको छ । यसरी कवितामा गद्य लय तथा अन्त्यानुप्रासयुक्त शब्दहरूका साथै बिम्ब, प्रतीक र अलङ्कार प्रयोगका दृष्टिले पनि एउटा प्रभावकारी कविताका रूपमा रहेको देखिन्छ । समग्रमा यो कविता सरल, सहज र बोधगम्य रहेको छ ।

निष्कर्ष

'नदी' कवितामा नदीको गतिवान्, शक्तिवान् नियतिलाई समेटेर विविध धर्म तथा संस्कृतिलाई र मान्छेका मनमा उत्पन्न सञ्चेतना, संवेदना र सहजानुभूतिमा उत्पन्न हुने गतिमयतालाई मूल विषयवस्तु

बनाएर नदी प्रमुख पात्रका माध्यमबाट वक्ताका रूपमा व्यक्त गरिएको छ । कवितामा गतिवान् नदीलाई समय र मानव मनमा उत्पन्न हुने भावनासँग समेट्दै मानिसमा भएको चेतना, ज्ञान, जागरणसँग एकाकार गरी देखाउनु मुख्य उद्देश्य रहेको छ । साथै मुक्त लयमा रचित अन्त्यानुप्रासले यो कविता लयात्मक बनेको छ । कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भए तापनि यो कविता सरल र सुबोध रहेको छ ।

### ४.२.२३ दृश्य-परिदृश्य कविताको विश्लेषण

(क) वस्तु

'दृश्य-परिदृश्य' कवितामा कविले देखे, भोगेका यथार्थलाई समकालीन समयमा मान्छेमा मानवता र आस्था हराएको बोध गराएर विषयवस्तुका रूपमा समेटिएको छ । यस कवितामा आजका मान्छे आत्माविहीन मूर्दा जिन्दगी बाँचिरहेका छन् भन्ने कुरा पनि समेटिएको छ । वर्तमान समयमा स्वजनहरू नै स्वार्थी र शोषक बनेका, मान्छेमा सामाजिक प्रतिष्ठा, मूल्य, मान्यता दिनदिनै घट्दै गइरहेको स्थितिलाई पनि यस कवितामा समेटिएको छ । हरेक मान्छेको भित्री मनमा अनन्त पीडा र व्यथा छ तर बाह्य रूपमा मानिस बनावटी हाँसो हाँस्न बाध्य रहेको कुरालाई प्रकाश पारिएको छ । त्यसैले आजका मान्छे उज्यालो भएर पनि अन्धकारमा र उन्मुक्त बन्धनमा छट्पटाइरहेको स्थितिको चित्रण गरिएको छ । वर्तमान समयमा हरेक मान्छे विकृत मानसिकता र बेइमान इमानदारिता लिएर बाँचिरहेका हुनाले यी विविध दृश्यात्मक घट्नाहरू देखेर कविले तीव्र विरोध जनाइरहको वस्तुस्थितिलाई यहाँ मूल विषयवस्तुका रूपमा समेटिएको छ ।

(ख) सहभागी

प्रस्तुत कवितामा प्रथम पुरुष सर्वनाम म पात्रको प्रयोग गरिएको छ । यस कवितामा म प्रमुख पात्रका रूपमा रहेको छ । यहाँ म पात्रले वर्तमान समयमा जटिलकुटिल र कुण्ठित मनस्थिति लिएर बाँच्नुपरिरहेको यथार्थ सत्यलाई प्रकाश पारेको छ । त्यस्तै मान्छेमा मानवता र आस्था हराउँदै गएको आत्माहीन जिन्दगी बाँचिरहनुपरेको तथा अन्धकार उज्यालोमा बाँच्नुपरेको नपुङ्सक पौरुषता र विकृत मानसिकता लिएर बाँच्नुपरिरहेको यथार्थतालाई देखाउने काम गरेको छ । यसरी म पात्रको सक्रियताबाट यस कविताको विषयवस्तु अघि बढेको देखिन्छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा मानिसलाई जीवन निर्वाह गर्न निक्कै कठिनाइ भइरहेको समयको चित्रण गरिएको छ । कवितामा मान्छे-मान्छेबीचमा स्वार्थ बढेर गएको, मानवता र आस्था हराउँदै गएको आदि कठिनाइपूर्ण परिस्थितिलाई समेटिएको छ । यस कवितामा एक जनालाई दुःख पर्दा अर्को हाँस्ने असहयोगको स्थिति रहेको छ । त्यस्तै अन्धकारमा छट्पटाएर, चिच्याएर तथा मौन विरोध जनाएर रहे

बसेको समय, ठाउँ र वातावरणलाई समेत कवितामा परिवेशका रूपमा समेटिएको छ । यसरी यस कवितामा विषयवस्तु र पात्रअनुकूलको परिवेश रहेको देखिन्छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा वर्तमान समयमा मान्छेमा मानवीय भावनाको विकास हुनुपर्छ भन्ने मूल उद्देश्य रहेको छ । त्यस्तै एक-आपसमा विश्वास, भ्रातृत्व, सद्भाव र सहयोगी भावना राखी जीवन व्यतीत गर्नुपर्ने मूल सन्देश दिइएको छ । यस कवितामा आजका मान्छे मनमा नयाँनयाँ सोच, विचार लिएर अघि बढ्नुपर्छ भन्ने सन्देश मूल रूपमा राखिएको देखिन्छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि र बढीमा चार शब्दसम्मका जम्मा ३६ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"नपुङ्सक पौरुषता*

*विकृत मानसिकता*

*र बेइमान इमानदारिता*

*चियाइरहेको छु म आज ।"*

*(त्यागी, २०५८: ५३)*

उपर्युक्त उद्धरणमा पौरुषता-मानसिकता र इमानदारिता समान वर्गका शब्दहरूबीच अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । कवितामा संस्कृत तत्सम मूलका आस्था, विश्वास, सभ्यता, स्वजन, कुत्सित, विवश, अदृश्य आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ५२/५३)* यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । समग्रमा गद्य लयमा रचित अन्त्यानुप्रासयुक्त प्रस्तुत कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले प्रभावकारी रहेको देखिन्छ ।

निष्कर्ष

'दृश्य-परिदृश्य' कवितामा वर्तमान समयमा मान्छेमा मानवता हराएर गएको, समाजिक प्रतिष्ठा, विश्वास पनि हराउँदै गएको मूल विषयवस्तुलाई समेटिएको छ । यस कवितामा प्रथम पुरुष सर्वनाम म पात्रले समाख्याताका रूपमा आफूले देखे, भोगेका कुरालाई वर्णन गर्दै, मानिसलाई वर्तमान समयमा जीवन व्यतीत गर्न निक्कै कठिन भएको समय र वातावरणको यथार्थ चित्रण गरेको छ । प्रस्तुत कविता शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बन्नुका साथै सरल, सहज र बोधगम्य भाषाशैलीका कारण निक्कै प्रभाकारी कविताका रूपमा रहेको छ ।

### ४.२.२४ कविता शीर्षक कविताको विश्लेषण

(क) वस्तु

'कविता' शीर्षक कवितामा अक्षरहरूका माध्यमबाट नै कविले नयाँ-नयाँ कविताको सिर्जना गरेका हुन्छन् भन्ने विषयवस्तु समेटिएको छ । यस कवितामा कविले आँसुका ढिकाहरू, मुस्कान, हाँसो, संवेदना आदि प्रकट गरेका छन् । त्यसैले कविको वर्चस्व, सर्वस्व सम्पूर्ण भनेको नै कविता हो, यसैबाट कवि आफ्नो सिर्जनामा बाँच्दछ भन्ने मूल विषयवस्तु पनि समेटिएको छ । कविले देखे, भोगेका सम्पूर्ण कुरालाई कवितामा उतारेका हुन्छन् भन्ने कुरा नै विषयवस्तुका रूपमा रहेको छ ।

(ख) सहभागी

प्रस्तुत कवितामा कवि म प्रमुख पात्रका रूपमा रहेको छ । विषयवस्तुलाई वर्णनात्मक तरिकाले प्रस्तुत गर्ने काम म पात्रले वक्ताका रूपमा गरेको छ । यस कवितामा कविले हाँसोका छिर्कालाई अक्षरहरू मान्दै मुस्कान, रोदन, अनुभूतिका सार, संवेदनाका धार, आल्हाद आदिलाई प्रकट गर्दै सहभागिता जनाएका छन् । यहाँ विषयवस्तुअनुसार पात्रको उपस्थिति रहेको देखिन्छ ।

(ग) परिवेश

यस कवितामा मानव जीवनमा आइपर्ने सुख, दुःखको समय तथा देशमा विद्यमान रहेको हत्या, हिंसा चर्किएको समय, स्थान र वातावरण परिवेशका रूपमा रहेको छ । त्यसैले यस्तो परिस्थितिमा कविले नित्य सिर्जना गरी हत्या, हिंसा, आतङ्क आदि बन्द गरिनुपर्ने कुरामा जोड दिएका छन् । सबैले सत्कर्ममा लाग्नुपर्ने विषयवस्तुलाई समेटेर यस कविताको परिवेश निर्धारण गरिएको छ । यहाँ विषयवस्तु र पात्रअनुकूलको परिवेश रहेको छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा कविले हाँसो, आँसु, संवेदना आदि पक्षलाई समावेश गरी नयाँनयाँ कृतिको सिर्जना गर्दछ । यसरी नै हरेक मान्छेले कुनै न कुनै सत्कर्म गरी जीवन निर्वाह गर्नुपर्छ भन्ने उद्देश्य रहेको छ । दुःख र सुखमा पनि सम्यमित भएर आफ्नो नित्य कर्ममा जुट्न सक्नुपर्छ भन्ने मूल सन्देश दिइएको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि र बढीमा तीन शब्दसम्मका जम्मा २६ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"देश दुख्छ कविमा*
*कविता दुख्छ देशमा*
*कविको पीडा हो कविता ।"*

*(त्यागी, २०५८: ५५)*

उपर्युक्त उद्धरणमा कविमा-देशमा शब्दहरूबीच अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ। कवितामा संस्कृत तत्सम मूलका मुस्कान, रोदन, संवेदना, निमग्न, आल्हाद, वर्चस्व, सर्वस्व आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, *(२०५८: ५४/५५)* यस कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । समग्रमा गद्य लयमा रचित अन्त्यानुप्रासयुक्त प्रस्तुत कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले प्रभावकारी कविताका रूपमा रहेको देखिन्छ ।

निष्कर्ष

'कविता' कवितामा कविले जीवन भोगाइका क्रममा अनुभव गरेका दुःख, सुख, संवेदना आदिलाई विषयवस्तुका रूपमा समेट्दै कविको वर्चस्व र सर्वस्व भनेको नै कविता रहेको हुनाले कवि नित्य कवितामा बाँच्दछन् भन्ने कुरा म पात्रले प्रकट गरेको छ । समकालीन समयलाई समेटिएको यस कवितामा मुक्त लय तथा अन्त्यानुप्रासले लयात्मक बनेको देखिन्छ । सरल, सहज र सुबोध भाषाशैलीको प्रयोग गरिएको यो कविता प्रभावकारी कविताका रूपमा रहेको छ ।

## ४.२.२५ बिम्ब-प्रतिबिम्ब शीर्षक हाइकु शैलीका कविताको विश्लेषण

(क) वस्तु

'बिम्ब-प्रतिबिम्ब' शीर्षकमा छ हाइकु रहेका छन् । पहिलो हाइकुमा सुनसान एकान्त वनमा बन्दुकको आवाजसँगै मन झसङ्ग हुने विषयवस्तु समेटिएको छ । दोस्रो हाइकुमा अँधेरी रातमा नरको मातसँगै नारीको शोषण गरिएको कुरा समेटिएको छ । तेस्रो हाइकुमा ढकमक्क कमल फुलेको शान्त पोखरीमा पनि गोही दुष्ट जीवको बास रहेको विषय छ । चौथौ हाइकुमा हँसिलो मुखाकृति र सुकिलो तन हुनेहरूमा पनि कल्मषको भावना रहने कुरा प्रस्ट पारिएको छ । त्यस्तै पाँचौं हाइकुमा मायालु हात र समर्पणको भावमा विश्वासघात रहने विषयवस्तु रहेको छ । छैटौं हाइकुमा हुरी, झरी र तापले गर्दा फूल झरेको तर काँडा मात्र बाँकी रहेको कुरा समेटिएको छ । यसरी यी छ हाइकुको छुट्टाछुट्टै विषयवस्तु रहेको छ ।

(ख) सहभागी

जम्मा छ हाइकु रहेको कवितामा नारी, गोही, फूल, बन्दुक, हुरी, झरी आदि मूर्त-अमूर्त पात्रहरू उपस्थित छन् । यी छ हाइकुमा विषयवस्तु सुहाउँदा पात्रहरूको प्रयोग गरिएको छ । यिनै पात्रहरूका माध्यमबाट हाइकुमा विषयवस्तुलाई प्रभावकारी रूपमा व्यक्त गरिएको छ ।

(ग) परिवेश

प्रस्तुत हाइकुमा विविध भौगोलिक वातावरणलाई समेटिएको छ । यहाँ सुनसान एकान्त वन तथा बन्दुकको आवाज आइरहेको डर, त्रास र भययुक्त वातावरण रहेको छ । त्यस्तै अँधेरी रात शान्त तलाउ,

ढकमक्क फूल फुलेको स्थान, समय आदि परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत हाइकुमा विविध बिम्बमा छचल्किएका प्रतिबिम्बहरूको प्रस्तुति गर्नु मुख्य उद्देश्य रहेको छ । हिंसाबाट अतालिएको मन, नारीको शोषणको अवस्था, शान्त तलाउमा गोहीको साम्रज्य रहेको स्थिति र देखावटी माया मात्र रहेको स्थितिको चित्रण गर्दै हत्या, हिंसा, शोषण, छलकपट, स्वार्थ र शून्यतालाई त्याग गर्नुपर्ने उद्देश्य पनि रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यी हाइकुमा घटीमा दुई शब्ददेखि बढीमा तीन शब्दसम्मका जम्मा १८ पङ्क्ति रहेका छन् । यी हाइकुमा ५+७+५ को संरचना रहेको छ । यी हाइकुमा समान शब्दहरूको अन्त्यानुप्रास रहेको छ । जस्तै :

*"अँधेरी रात*

*नारीको आर्तनाद*

*नरको मत ।"*

*(त्यागी, २०५८: ५६)*

उपर्युक्त उद्धरणमा रात-मात शब्दहरूबीच अन्त्यानुप्रास रहेकाले हाइकु लयात्मक बनेको छ । यी हाइकुमा संस्कृत तत्सम मूलका आवाज, आर्तनाद, शान्त, बास, सुकिलो, कल्मष, ताप, व्यथा, विश्वासघात आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ५६) यी हाइकुमा विविध बिम्ब, प्रतीकको पनि प्रयोग गरिएको छ । जस्तै : बन्दुकको आवाज, नारीको आर्तनाद, गोहीको बास, सुकिलो तन, फूलको कथा र काँडाको व्यथा पदावली बिम्बात्मक रूपमा आएका छन् । यसरी यी हाइकुहरूमा बिम्ब, प्रतीक र शब्दहरूको अन्त्यानुप्रास रहेर पनि सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले प्रभावकारी बनेका छन् ।

निष्कर्ष

'बिम्ब-प्रतिबिम्ब' हाइकुशैलीका कवितामा नारीले भोग्नुपरेको पीडादायक अवस्था, एकान्त वनमा बन्दुकको आवाजसँग डराउनुपर्ने मन, हँसिलो मुखाकृति भएका मानिसको मनमा कल्मषको भावना रहने आदि विषयवस्तुलाई समेट्दै नारी, गोही र बन्दुक पात्रका माध्यमबाट बिम्बमा छचल्किएका प्रतिबिम्बहरूको प्रस्तुति गर्ने उद्देश्य राख्दै बिम्ब, प्रतीकको प्रयोग गरिएका यी छवटा हाइकु सरल, सहज भाषा प्रयोगले प्रभावकारी बनेका छन् ।

## ४.२.२६ कारागार कविताको विश्लेषण

(क) वस्तु

'कारागार' कविता वर्तमान समयमा मानिस स्वतन्त्रतापूर्वक बाँच्न नसकेको स्थितिलाई विषयवस्तु बनाएर रचिएको कविता हो । वर्तमान समयमा हाँसेर जीवन निर्वाह गर्न पनि कठिन भएको तथा जतातते

हत्या, हिंस्रक जनावरहरू मात्र रहेको र कोही कसैसँग विश्वास गर्न र भयमुक्त हुन नसकिरहेको अवस्थालाई मूल विषयवस्तुका रूपमा समेटिएको छ । त्यसैले आफू बाँचेको परिवेश नै एउटा प्रत्यक्ष रूपमा देख्न नसकिने कारागारको रूपमा रहेको यथार्थ स्थितिलाई समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

### (ख) सहभागी

प्रस्तुत कवितामा आफू स्वयम् र हिंस्रक जनावरहरूलाई पात्रका रूपमा लिइएको छ । यहाँ मुख्य पात्रका रूपमा आफूलाई र हिंस्रक जनावरहरूलाई सहायक पात्रका रूपमा लिइएको छ । यस कवितामा वर्तमान समयमा आफू वरिपरि पर्खाल ठडिएको, आफ्नै हातखुट्टामा नेल ठोकिएको, स्वतन्त्रतापूर्वक बाँच्न निषेध गरिएको यथार्थ विषयलाई आफू पात्रका माध्यमबाट व्यक्त गरिएको छ ।

### (ग) परिवेश

प्रस्तुत कवितामा मानिस विषम परिस्थितिमा पनि बाँच्न बाध्य रहेको वर्तमान समयको परिवेश रहेको छ । चारैतिरबाट हिंस्रक जनावरले घेरिएको, कोही कसैसँग पनि विश्वास गर्न नसकिने तथा उकुसमुकुसको वातावरणको चित्रण गरिएको छ । त्यसैले मान्छे कारागारभित्र निषेध गरिएझैँ भएको कुरा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

### (घ) उद्देश्य

प्रस्तुत कवितामा डर, त्रास, हत्या, हिंसा तथा उकुसमुकुसयुक्त वातावरणबाट स्वतन्त्र भएर जीवन निर्वाह गर्न चाहेको कुरा मूल उद्देश्य बनेर रहेको छ । शान्तिपूर्वक, स्वतन्त्र भएर बाँच्न चाहिरहेको कुरा व्यक्त गरिएको छ । यहाँ हत्या, हिंसाबाट कोही-कसैको पनि भलो नहुने कुरा प्रस्ट रूपमा रहेको छ । यही नै यस कविताको उद्देश्य हो ।

### (ङ) संरचना, लयविधान र भाषाशैली

प्रस्तुत कवितामा घटीमा एक शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा २३ पङ्क्ति रहेका छन् । यस कवितामा समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"स्वतन्त्र बाँच्न पनि*
*निषेध भएझैँ लाग्छ*
*उन्मुक्त हाँस्न पनि*
*अवैध भएझैँ लाग्छ ।"*

*(त्यागी, २०५८: ५७)*

उपर्युक्त उद्धरणमा पनि-पनि तथा लाग्छ-लाग्छ शब्दहरूका बीचमा पुनरावृत्ति र अन्त्यानुप्रासले गद्य लयलाई प्रभावकारी बनाएको छ । यस कवितामा संस्कृत तत्सम मूलका स्वतन्त्र, उन्मुक्त, विश्वास, सन्देह आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ५७) साथै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी एक शब्ददेखि चार शब्दसम्मका पङ्क्तिमा संरचित रहेको गद्य लयमा रचित तथा संस्कृत तत्सम शब्दहरूको प्रयोग रहेर पनि सरल, सहज भाषाशैलीको प्रयोगले कविता सबल बनेको छ ।

### निष्कर्ष

'कारागार' कविता देशको वर्तमान स्थितिलाई समेट्न सफल रहेको छ । देशमा जताततै हत्या, हिंसा, अन्याय, अत्याचार, अविश्वास बढ्दै गएकाले मानिस कारागारभित्र रहेर बाँच्नुपरिरहेको अवस्था विषयवस्तुका रूपमा लिइएको छ । त्यसैले मानिसले स्वतन्त्र भएर जिउन चाहिरहेको उद्देश्य राखी सरल, सहज र बोधगम्य भाषाशैलीले कविता प्रभावकारी बनेको छ ।

## ४.२.२७ विभेद कविताको विश्लेषण

### (क) वस्तु

'विभेद' कविता वर्तमान समयमा मान्छेहरूमा विश्वास, आत्मीयता बाँड्दै जाँदा जताततै धोका मात्र पाएको मूल विषयवस्तुलाई समेटिएको छ । त्यसैले मान्छेले स्वाभिमानलाई गुपचुप बन्दकी राखी आफ्नो अस्मितालाई चुपचाप लिलामी गरेदेखि मान्छे हिंस्रक जनावर भेटिएको कुरा व्यक्त गरिएको छ । यसका साथै समयले आफ्नो स्वभावमा ठूलो विभेद ल्याएर मान्छेको जिजीविषा आफैँसँग तर्सेको छ भन्ने करा मूल विषयवस्तु बनेको छ ।

### (ख) सहभागी

प्रस्तुत कवितामा मान्छेहरू, हिंस्रक जनावरहरू बलिदेवी, बोका आदि पात्रहरू उपस्थित छन् । यहाँ मान्छेहरू प्रमुख र सजीव मानवीय पात्रका रूपमा रहेका छन् । त्यस्तै हिंस्रक जनावरहरू, बोका मानवेत्तेर पात्रका रूपमा उपस्थित भएका छन् । बलिदेवीलाई देवताका रूपमा सहभागी गराएर विषयवस्तुलाई पात्रअनुकूल बनाइएको छ । यस कवितामा मान्छेले धोका दिएका, स्वाभिमानलाई गुपचुप बन्धकी राखेका, मान्छे हिंस्रक जनावर बनेको र जीवनलाई बलिदेवीमा बोका बनाई पर्सेको घटना क्रमलाई पात्रअनुकूल बनाएर प्रस्तुत गरिएको छ । यसरी यस कवितामा विषयवस्तुअनुसार पात्र रहेका छन् ।

### (ग) परिवेश

प्रस्तुत कवितामा वर्तमान समयको यथार्थ चित्रण गरी परिवेश समेटिएको छ । यहाँ जताततै अविश्वास, सहयोग, हिंस्रक प्रवृत्ति बढेर गएको वातावरण रहेको छ । मान्छेहरूमा कतै कुण्ठा, प्रतिशोध र

धोका भेटिन्छ त कतै हिंस्रक जनावर बनेर मानवीय अस्तित्व समाप्त पार्न तत्पर रहेको देखिन्छ । यहाँ विषयवस्तुअनुरूप पात्रको माध्यमबाट वर्तमान समयमा रहेको अविश्वास, असहयोगको वातावरणलाई पनि समेटिएको छ समग्रमा विषयवस्तु र पात्रअनुसार विविध वातावरणलाई समेटिएको छ ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा वर्तमान समयमा मान्छेमा मानवीय भावना, विश्वास र सहयोगी भावना क्षण हुँदै गएको हुनाले सबैमा मानवीय भावना जागृत हुनुपर्ने, एक-आपसमा विश्वास, सहयोग गर्नुपर्ने कुरा मूल उद्देश्यका रूपमा रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

प्रस्तुत कवितामा घटीमा एक शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा २२ पङ्क्ति रहेका छन् । गद्य लयमा रचित यस कवितामा समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले लयात्मकता बढाएको छ । जस्तै :

*"मान्छेहरूमा*

*आत्मीयता बाँड्दै जाँदा*

*धोका भेटेँ*

*मनहरूमा*

*सदभाव छाम्दै जाँदा*

*प्रतिशोध भेटेँ ।"*

*(त्यागी, २०५८: ५८)*

उपर्युक्त उद्धरणमा मान्छेहरूमा-मनहरूमा तथा जाँदा-जाँदा शब्दबीच अन्त्यानुप्रास रहेकाले कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका सद्भाव, आत्मीयता, लिलामी, स्वभाव, विभेद आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ५८)* सरल, सहज शब्दहरूको प्रयोगले कविता बोधगम्य बनेको छ । यसरी एक शब्ददेखि पाँच शब्दसम्मका पङ्क्तिमा संरचित अन्त्यानुप्रासयुक्त तथा संस्कृतका तत्सम शब्दहरूको प्रयोग रहेर पनि सरल, सहज भाषाशैलीको प्रयोगले कविता बोधगम्य बनेको छ ।

निष्कर्ष

'विभेद' कवितामा वर्तमान समयमा हरेक मान्छेमा धोका दिने र प्रतिशोध गर्ने प्रवृत्ति बढेर गएको कुरा समेट्दै विषयवस्तु निर्धारण गरिएको छ । त्यस्तै मान्छे, हिंस्रक जीव बन्दै गएको कुरा प्रकाश

पारिएको छ । यस कवितामा विषयवस्तुअनुकूल पात्रहरूको उपस्थिति गराई सबै मान्छे मानवीय भावनायुक्त विश्वासी र सहयोगी बन्नुपर्ने उद्देश्य रहेको देखिन्छ । समग्रमा यस कविताको भाषाशैली सरल, सहज र बोधगम्य रहेको छ ।

### ४.२.२८ द्वन्द्व कविताको विश्लेषण

#### (क) वस्तु

'द्वन्द्व' शीर्षक कविता राजनीतिक विषयसँग सम्बन्धित रहेको छ । वर्तमान समयमा देशमा राजनीतिक दलका नेताहरूबीच रहेको बेमेलको स्थितिलाई यहाँ मूल विषयवस्तु बनाइएको छ । यहाँ बाजहरू रङ्गभूमिमा उडिरहेका परेवा शान्तिपूर्वक बाँच्न चाहेको कुरा प्रस्ट पारिएको छ । य कवितामा प्रतीकात्मक रूपमा मानिसको चित्रण गरिएको छ । वर्तमान समयमा क्रूर रक्तपिपासु बाजहरू जतातत्तै ओछ्याइका छन्, गिद्धहरू आफ्ना् सङ्कटको बास बस्न खोजिरहेका छन् । त्यस्तै बाजहरू निरङ्कुश खेल मैदानमा निस्फिक्री छोड्न खोजिरहेका छन् । यहाँ बाज र गिद्धले प्रतीकात्मक रूपमा राजनीतिक दलका नेताहरूको प्रतिनिधित्व गरेका छन् । त्यस्तै विध्वंशको आगो तापेर उज्यालोमा जीवन देख्नेहरूले उज्यालोमा विनाश पन देख्नुपर्ने कुरा प्रस्ट पारिएको छ । त्यस्तै हावालाई ज्यान ठानेर आत्मसात् गर्नेहरूले हावा विषाक्त पाएर सास लिन पनि निस्सासिनुपरिरहेको छ । आकाश निर्वाध ठानेर निर्भीक रूपमा उड्नेहरू आकाशमा बारुद राखिएको भन्ठानेर टाउको उठाएर हेर्न पनि डराइरहनुपरेको कुरा बुद्ध बनेर व्यक्त गरिएको छ । यहाँ यिनै विविध पक्षबीच रहेको द्वन्द्वको स्थितिलाई मूल विषयवस्तुका रूपमा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु पनि हो ।

#### (ख) सहभागी

प्रस्तुत कवितामा विविध सजीव, निर्जीव, मानवीय, मानवेत्तर पात्रहरू प्रयोग गरिएका छन् । यस कवितामा बुद्ध, बाज, परेवा, चल्ला, गिद्धहरू, विविध राजनीतिक दलका नेताहरू, निरीह चल्लाहरू र परेवाहरूलाई सहभागीका रूपमा उपस्थित गराइएको छ । यहाँ शान्तिकामी बुद्धले शान्ति र स्वतन्त्रताका लागि निरन्तर लागिपरिरहेको देखिन्छ । समग्रमा यस कवितामा विषयवस्तुअनुसार पात्रको उपस्थिति रहेको हुनाले हरेक पात्रहरूको महत्वपूर्ण स्थान रहेको देखिन्छ ।

#### (ग) परिवेश

प्रस्तुत कवितामा विभिन्न भूभागलाई समेटिएको छ । यहाँ बाजहरूको साहचर्य रङ्गभूमि, शान्त ठाउँ, तम्तमाउँदो हावा, बाज र परेवाको जम्काभेट भएको स्थान, गिद्धको क्रीडाभूमि, बाजहरूको निरङ्कुश खेलमैदान एवम् विनाश भएको स्थिति र विषाक्त हावा रहेको वातावरणका साथै अशान्ति, हत्या, हिंसा, त्रास, भययुक्त परिवेश आदिलाई परिवेशका रूपमा समेटिएको छ ।

(घ) उद्देश्य

यस कविताको मूल उद्देश्य वर्तमान समयमा देशमा चर्किरहेको द्वन्द्वको अन्त्य भई शान्तिपूर्वक बाँच्न पाउनु हो । देशमा दिनदिनै बढ्दै गइरहेको हत्या, हिंसा, आतङ्कले जतातत्तै अशान्ति भएर शान्तसँग बाँच्न नपाइरहेको समयमा शान्तिको कामना गर्दै द्वन्द्वको अन्त्य हुनुपर्ने मूल सन्देश रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

प्रस्तुत कवितामा घटीमा दुई शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा ३७ पङ्क्ति रहेका छन् । गद्य लयमा रचित यस कवितामा शैलीगत सहजता रहेको देखिन्छ । जस्तै :

*"उन्मुक्त उडिरहेका परेवाका बथान !*

*सङ्गीनको धारमा निर्धक्क जिउन सक्छौं ?"*

*(त्यागी, २०५८: ५९)*

उपर्युक्त उद्धरणमा शैलीगत सहजता रहेको छ । संस्कृत तत्सम मूलका निरीह, बिजन, बास आदि शब्दहरू प्रयोग गरिएका छन् । विविध बिम्ब, प्रतीकको पनि प्रयोग गरिएको पाइन्छ । जस्तै : चल्लाहरू, पखेटाहरू, नङ्ग्राहरू, शून्यता, रक्तपिपासु बाजहरू, तम्तमाउँदो हावा आदि शब्दहरू बिम्बात्मक र प्रतीकात्मक रूपमा प्रयोग गरिएका छन् । यस कवितामा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । यसरी दुई शब्ददेखि छ शब्दसम्मका पङ्क्तिमा संरचित गद्य लयमा रचित तथा संस्कृत तत्सम शब्दहरू एवम् बिम्ब, प्रतीकहरूको प्रयोग भएर पनि सरल र सहज भाषाशैलीको प्रयोगले कविता स्तरीय बनेको छ ।

निष्कर्ष

'द्वन्द्व' कवितामा छद्‌मभेषी स्वार्थी र हिंस्रक तत्वहरूबाट समाज र राष्ट्रलाई बचाउनुपर्छ भन्ने मूल विषयवस्तु समेटिएको छ । यहाँ धरतीका निरीह चल्ला, बाज, गिद्ध आदि जस्ता प्रतीकात्मक पात्रहरूले उल्लेखनीय भूभिका निर्वाह गरेका छन् । अशान्ति, हत्या, हिंसा, त्रास र भययुक्त परिवेश रहेको छ । यस कविताको मूल उद्देश्य मुलुकको द्वन्द्वकालीन अवस्थाको चित्रण गर्नु हो । समग्रमा यो कवितामा सरल, सहज भाषा तथा काव्यात्मक उचाइका दृष्टिले कमजोर शैलीको प्रयोग रहेको छ ।

## ४.२.२९ कुकुरदेखि सावधान ¤ कविताको विश्लेषण

(क) वस्तु

'कुकुरदेखि सावधान !' शीर्षक कविताको विषयवस्तु समाजका भ्रष्ट, तस्कर र सामन्तहरूलाई नै टोक्ने कुकुरका रूपमा प्रस्तुत गरिएको छ । वर्तमान समयमा गाउँघर सहरमा जतातत्तै भ्रष्ट, तस्कर र सामन्तहरूको बिगबिगी रहेको कुरा प्रस्ट पारिएको छ । गाउँ र सहरका गल्ली-गल्लीमा ङिच्च हाँसिरहेको

साइनबोर्ड शिष्टता र सम्पन्नताको परिचय, छलछकानको पर्यावरण हो भन्ने कुरा प्रस्ट पारिएको छ । कुकुरदेखि सावधान ! यो वाक्पटुता केवल चालबाजी र टोक्ने षडयन्त्र रच्दै छन्, समाजका भ्रष्ट र सामन्तहरू भन्ने विषयसमेत समेटिएको छ । यसरी यस कविताको विषयवस्तु निर्धारण गरिएको छ ।

(ख) सहभागी

यस कवितामा टोक्ने कुकुर मुख्य र प्रतीकात्मक पात्रको रूपमा प्रयोग गरिएको छ । यहाँ भुक्ने कुकुरले समाजका भ्रष्ट, तस्कर र सामन्त वर्गका मानिसहरूको प्रतिनिधित्व गरेको छ । हरेक गाउँ तथा सहरमा टोक्ने कुकुरको बिगबिगी छ । ती कुकुर टोक्न खोजिरहेका छन् । कोखामा विष लिएर डुर्डुराउँछन् । टोक्ने कुकुरहरू पुच्छर लुकाएर टोकाटोक गर्छन् भन्ने कुरा विषयवस्तुअनुसार प्रतीकात्मक रूपमा कुकुर पात्रको प्रयोग गरिएको छ ।

(ग) परिवेश

यस कवितामा गाउँ, सहर र टोल आदि ठाउँमा सम्पन्न र सभ्य मानिसहरूको बासोबास रहेको स्थान, देशभरि शीतयुद्ध चर्केको समय, जताततै भ्रष्ट, तस्कर र सामन्तीहरूको बिगबिगी रहेको समय, सोझा-सीधा जनताहरू निरीह रहेको समय, स्थान र वातावरण मुख्य रूपमा समेटिएको छ । विषयवस्तु र पात्रअनुकूलको परिवेश रहेको छ । यी विभिन्न ठाउँ, वातावरण र समय नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा समाजका शोषक, भ्रष्ट र तस्करहरूबाट सोझा-सीधा जनता सतर्क र सचेत भइरहनुपर्छ भन्ने सन्देश दिनु नै मूल उद्देश्य रहेको छ । समाजका भुक्ने कुकुरहरू भनेका शोषक, भ्रष्ट र तस्कर मानिसहरू नै हुन् । यिनीहरूबाट सधैँ जोगिनु वा सचेत रहनु भन्ने दीक्षा दिनु पनि हो । यही नै यस कविताको मूल उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

प्रस्तुत कवितामा घटीमा दुई शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा ३४ पङ्क्ति रहेका छन् । गद्य लयमा रचिएको समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले थप लयात्मक बनाएको छ । जस्तै :

*"होसियार ! टोक्ने कुकुरहरूको बिगबिगी छ*

*सावधान ! टोक्ने आँतुरीले जगजगी छ ।"*

*(त्यागी, २०५८: ६१)*

उपर्युक्त उद्धरणमा बिगबिगी छ-जगजगी छ शब्दबीच अन्त्यानुप्रास रहेको छ । टोक्ने कुकुरलाई प्रतीकात्मक रूपमा गाउँ, समाज र सहरका शोषक, सामन्ती र भ्रष्ट नेताहरूको बिगबिगी र जगजगी रहेको कुरा व्यक्त गरिएको छ । यस कवितामा संस्कृत तत्सम मूलका विपन्न, विष, शिष्टता, संस्कार

आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ६१)* यस कवितामा सरल भाषाको प्रयोग गरिएको छ साथै शैलीगत शिथिलता पनि रहेको छ । यसरी दुई शब्ददेखि छ शब्दसम्म संरचित तथा गद्य लयको प्रयोग एवम् विविध बिम्ब, प्रतीकको प्रयोग अनि संस्कृत तत्सम शब्दहरूको प्रयोग रहे तापनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

### निष्कर्ष

'कुकुरदेखि सावधान !' कवितामा समाजका भ्रष्ट, तस्कर र सामन्तहरूलाई टोक्ने कुकुरका रूपमा प्रतीकात्मक दृष्टिले हेरिएको छ । यहाँ टोक्ने कुकुरदेखि सबै जनता सतर्क र सचेत रहनुपर्ने सन्देश दिइएको छ । सरल भाषा र शैलीगत शिथिलता यस कवितामा प्रस्ट देखिन्छ । समग्रमा सरल, सहज र बोधगम्य भाषाशैलीले कविता प्रभावकारी बनेको छ ।

## ४.२.३० पुनरावृत्ति शीर्षक कविताको विश्लेषण

### (क) वस्तु

'पुनरावृत्ति' शीर्षक कवितामा मानिसभित्रको कुटिलता, विश्वासघात र कृत्रिम बनावटी रूपलाई विषयवस्तु बनाइएको छ । यस कवितामा म पात्रले विगतको आफ्नो पीडा व्यक्त गरेको छ । बुबाले भनेको कुरा छद्मभेषीबाट टाढा बस्नु भन्ने अर्ती सम्झन्छ । आजका मान्छे सधैं विषालु साँप जस्तै छन् । त्यसैले उनीहरूबाट सधैं बच्नुपर्ने हुन्छ । वर्तमान  समयमा जताततै मैत्री र सद्भावका छद्मभेषीहरू भेटिन्छन् । उनीहरू अघिल्तिरबाट साचिला बनी पछिल्तिरबाट लुकेर छुरी रोप्छन् । त्यसैले आजका अबोध सन्ततीलाई म स्वयम् भन्ने गर्छु- "आजका मान्छे हिजोका भन्दा पनि खतरनाक हुन्छन् ।" त्यसैले उनीहरूबाट सधैं बच्ने गर्नुपर्छ भन्ने विषयवस्तुलाई यस कवितामा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु रहेको छ ।

### (ख) सहभागी

यस कवितामा म र बालाई मुख्य पात्रका रूपमा समेटिएको छ । म पात्र सानो छँदा बाले भन्नुभएको छद्मभेषीबाट अलग रहनुपर्छ किनभने तिनीहरू विषालु साँप जस्तै हुन्छन् भन्ने स्मरण गरिएको छ । त्यसै गरी आज मान्छेहरू मैत्री र सद्भावका साथ अघिल्तिर साँचिला बनी पछिल्तिरबाट छुरी रोपेको घटनालाई समेटिएको छ । जसले गर्दा हिजोभन्दा आज झन् मान्छेलाई बाँच्न कठिन भइरहेको स्थितिको चित्रण गर्दै म र बा पात्रका माध्यमबाट संवादात्मक अभिव्यक्ति दिएको देखिन्छ । त्यसैले यस कवितामा म र बा सहभागीका रूपमा रहेका छन् ।

### (ग) परिवेश

प्रस्तुत कवितामा बितेको समय तथा वर्तमान समयलाई, छद्मभेषी र साँप रहेको डर, भय र त्रासयुक्त वातावरणलाई साथै मैत्री सद्भाव हराउँदै गएको स्थितिलाई मुख्य गरी परिवेशका रूपमा

समेटिएको छ । वर्तमान समयमा बढ्दै गएको हत्या, हिंसा, डर र त्रासयुक्त वातावरणलाई पनि यहाँ परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा प्रकृतिका सुन्दर उपहार मानिसका कलुषित भावहरूको चित्रण गर्नु नै मुख्य उद्देश्य रहेको छ । वर्तमान समयमा मानिस छद्मभेषी रूपमा, विषालु साँप बनेर तथा चुपचाप लुकेर, छुरी रोपेर मान्छेले मान्छेलाई दुःख दिने, डस्ने र मार्ने गर्दछ । त्यसैले यी विविध कर्मबाट मान्छेमा बढ्दै गएको हिंस्रक प्रवृत्तिको चित्रण गर्नु नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

प्रस्तुत कवितामा घटीमा दुई शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा २० पङ्क्ति रहेका छन् । गद्य लयमा रचिएको यस कवितामा शब्दहरूको उचित विन्यासले लयात्मक बनाएको छ । यस कवितामा संस्कृत तत्सम मूलका साँप, विषालु, मैत्री, सद्भाव, अबोध आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ६३)* त्यसै गरी विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि यस कवितामा प्रयोग गरिएको छ । जस्तै :

*"आजका मान्छे सधैँ साँप जस्तै विषालु छन् ।"*

*(त्यागी, २०५८: ६३)*

उपर्युक्त उद्धरणमा 'साँप जस्तै विषालु मान्छे' भनी मान्छेलाई विषालु साँपसँग तुलना गरिएकाले उपमा अलङ्कारको प्रयोग गरिएको छ । सरल भाषाको प्रयोगले कविता बोधगम्य बनेको छ । यसरी दुई शब्ददेखि छ शब्दसम्मका २० पङ्क्तिमा संरचित गद्य लयको प्रयोग तथा संस्कृत तत्सम मूलका शब्दहरू एवम् विविध बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'पुनरावृत्ति' कवितामा मानिसभित्रको कटुता, विश्वासघात र कृत्रिम बनावटी रूपको चित्रण गर्दै म र बा पात्रको संवादात्मक अभिव्यक्तिबाट प्रकृतिका सुन्दर उपहार मानिसका कलुषित भावहरू लुकेर रहने कुरा प्रस्ट पारिएको छ । विविध बिम्ब, प्रतीक र अलङ्कार प्रयोग भएर पनि सरल भाषा, सहज शैलीको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

४.२.३१ अपराजित आस्था कविताको विश्लेषण

(क) वस्तु

'अपराजित आस्था' शीर्षक कवितामा आफ्ना आस्था र विश्वासलाई जस्तासुकै परिस्थितिले पनि हराउन नसकेको कुरा विषयवस्तुका रूपमा रहेको छ । यस कवितामा रातको निद तथा दिनको चैन

लुटिएको आस्था, मन त्यसै त्यसै कुँडिएको समय, आँखाबाट अविरल आँसु बर्सिरहे एवम् असिनापानीले चुटिरह्यो तर कविको मन कहिल्यै हारेन । उनी सङ्घर्षमा जुटिरहेको कुरालाई विषयवस्तुका रूपमा व्यक्त गरिएको छ । कविभित्रको जिजीविषा आकाश र धरती भएको छ । मनभित्रका पीडाहरू हुल बाँधेर आए तर कविको आत्मालाई लडाउन र हराउन कहिल्यै सकेन । कविभित्रको पीडा र बाधाहरू बाँकी रहिरहे । त्यसैले कविको आत्मविश्वास र स्वाभिमान सधैँ उच्च रहेको कुरा प्रस्ट पारिएको छ । यही नै यस कविताको समग्र विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा प्रथम पुरुष सर्वनाम म पात्रको प्रयोग गरिएको छ । यहाँ म पात्र कवि स्वयम् हुन् । यस कवितामा कविले आफूभित्रको आस्था र विश्वासलाई कुनै दुःख, कष्ट, समस्या र व्यवधान आदिले हराउन नसक्ने कुरा व्यक्त गरेका छन् । जीवनमा अनेक सङ्घर्ष गर्नुपर्छ तर कहिल्यै हार खानु हुन्न, आत्मबाल दह्रो बनाएर अडिग रहनुपर्छ साथै सङ्घर्षमा जुट्नुपर्छ भन्ने कुरा यस कवितामा म पात्रले व्यक्त गरेको छ ।

(ग) परिवेश

यस कवितामा विविध ठाउँ, समय र वातावरणलाई समेटिएको छ । कवितामा दिन र रातको समय, असाध्यै दुःखको समय, झरी-पानी परेको समय र असिनाले चुटेको समय आदि रहेका छन् । त्यसै गरी मानिस जिजीविषामा निरन्तर जुटेको, उसको भावना आकाश र धरती भएको समग्र वातावरणलाई कवितामा परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा मानिसले सिद्धान्त बेच्नु हुन्न, सिद्धान्तमा र विचारमा मानिस पहाड जस्तै अटल र अडिग रहनुपर्छ भन्ने सन्देश दिएका छन् । यहाँ कवि म पात्रमार्फत जिन्दगीमा ठूलो आपत्-विपत् आइपर्दा पनि मानिसभित्रको जिजीविषा आकाश र धरती भई आत्मबल अडिग राखी सङ्घर्षमा जुट्नुपर्ने विचार प्रकट गरिएको छ । यही नै यस कविताको मूल उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा २२ पङ्क्ति रहेका छन् । गद्य लयमा रचित यस कवितामा समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"रातको निद लुटियो*
*दिनको चैन लुटियो ।"*

*(त्यागी, २०५८: ६४)*

उपर्युक्त उद्धरणमा लुटियो-लुटियो शब्दका बीचमा अन्त्यानुप्रास रहेको छ । जसले गर्दा कविता लयात्मक बनेको छ। कवितामा संस्कृत तत्सम मूलका अविरल, निद, चैन, आकाश, धरती, आत्मविश्वास आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ६४)* कवितामा सरल भाषाको प्रयोगले बोधगम्य बनेको छ। यसरी एक शब्ददेखि पाँच शब्दसम्मका जम्मा २२ पङ्क्तिमा संरचित तथा गद्य लयमा रचित संस्कृत तत्सम शब्दहरूको प्रयोग रहेर पनि सरल भाषाको प्रयोगले कविता बोधगम्य बनेको छ।

निष्कर्ष

'अपराजित आस्था' कवितामा मान्छेले आफ्ना आस्था र विश्वासलाई जस्तासुकै कठिन परिस्थितिमा पनि जीवन्त र अडिग राख्न सक्नुपर्छ भन्ने विषय समेटिएको छ। म पात्रले आफ्नो सिद्धान्त र विचारमा मानिस पहाड जस्तै अटल हुनुपर्छ भन्ने सन्देश दिएको छ। यस कविताको भाषा सरल, सहज र बोधगम्य रहेको देखिन्छ।

## ४.२.३२ विडम्बना कविताको विश्लेषण

(क) वस्तु

'विडम्बन' शीर्षक कवितामा बालअधिकार गुमेको विषयलाई मुख्य विषयवस्तु बनाइएको छ । बालअधिकार दिवशको दिन नै बालअधिकार संरक्षणको गाडीले बालकलाई ठक्कर दिएको घटनाबाट बालकका बाबु, आमा र दिदी भाव विह्वल बनेको सत्य तथ्यलाई विषयवस्तु बनाइएको छ। आफ्नो एक मात्र भाइको मृत्युसँगै दिदीको भाइटीका पनि गुमेको विषयलाई पनि समेटिएको छ । बालककी आमा घुँक्कघुँक्क गरी रुदै आफ्नो कोखको सिर्जना मेटिएकोमा विह्वल थिइन् भने बाबु सुँक्कसुँक्क गर्दै भविष्यको सपना चुँडिएकोमा दुखित बनेका थिए । यस्तो दयनीय अवस्थामा निरीह कविको संवेदनाले पानीपानी भई उज्यालो ज्योति अकालमा झ्याप्प निभेकोमा विह्वल बनेका छन्। यही नै यस कविताको विषयवस्तु हो।

(ख) सहभागी

प्रस्तुत कवितामा मर्ने बालक, उसका बाबुआमा, दिदी र कवि आदि पात्रहरू रहेका छन् । यहाँ मुख्य पात्र मर्ने बालक हो । अन्य पात्रहरू सहयोगी पात्रका रूपमा रहेका छन् । बाल संरक्षणको गाडीले बालदिवशका दिन बालकलाई किचेर मारेको घटनाले बालकका बुबाआमा, दिदी र कविले सुँक्कसुँक्क, घुँक्कघुँक्क र हिक्कहिक्क गर्दै भाव विह्वल बनी संवेदना प्रकट गरेका छन् । यस कवितामा विषयवस्तुअनुसार पात्रहरूको उपस्थिति रहेको छ । यी विभिन्न पात्रहरूले यस कवितालाई प्रभावकारी बनाएका छन्।

(ग) परिवेश

यस कवितामा बालकको मृत्यु भएको घटनालाई मुख्य परिवेश मानिएको छ । कवितामा बालदिवशका दिन, बालकको मृत्यु भएको घटना तथा आफ्नो भविष्यको सपना चुँडिएकोमा सम्पूर्ण परिवारका सदस्यहरू भाव विह्वल अवस्थामा रहेका दयनीय स्थितिको चित्रण गरिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा सिद्धान्तलाई पूजा गर्ने तर व्यवहारमा प्रयोग नगर्ने चलनको विरोध गर्नुपर्ने उद्देश्य राखिएको छ । बालअधिकार नारामा मात्र सीमित रहेको, व्यवहारमा लागू भएको छैन भन्ने कुरा प्रस्ट देखाउनु नै यस कविताको मूल उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा १८ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । कवितामा संस्कृत तत्सम मूलका विह्वल, सपना, स्नेह, निरीह, विर्दीण आदि शब्दहरूका साथै घुँक्क-घुँक्क, सुँक्क-सुँक्क, हिँक्क-हिँक्क र झ्याप्प जस्ता अनुकरणात्मक शब्दहरूसमेत प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ६५) यस कवितामा सरल भाषा तथा शैलीगत शिथिलता रहेको छ । यसरी गद्यलयमा रचित संस्कृत तत्सम र अनुकरणात्मक शब्दहरूको प्रयोग रहे तापनि सरल, सहज भाषाशैलीका कारणले कविता बोधगम्य बनेको छ ।

निष्कर्ष

'विडम्बन' शीर्षक कवितामा बालदिवशका दिन नै बालसंरक्षणको गाडीले बालकलाई ठक्कर दिएर मारेको दुखद अवस्थालाई विषयवस्तु बनाएर मर्ने बालक, उसका बुबा, आमा र दिदी विह्वल बनेका हुनाले नीति र नियमको राम्ररी पालना गर्नुपर्छ भन्ने उद्देश्य राखी सरल, सहज र बोधगम्य भाषाशैलीमा रचना गरिएको हुनाले यो एउटा प्रभावकारी कविताका रूपमा रहेको छ ।

## ४.२.३३ अस्तित्वबोध कविताको विश्लेषण

(क) वस्तु

'अस्तित्वबोध' शीर्षक कवितामा असत्यमा लागेर आडम्बर देखाउँदा आफ्नो अस्तित्व नरहने कुरालाई विषयवस्तु बनाइएको छ । त्यस्तै हामीले पराधीनता स्वीकार गर्नु हुँदैन । निरङ्कुशतालाई स्वीकार गर्ने मुर्कुटा हुनु हो । शिक्षाले नै मानिसलाई महान् बनाउँदछ भन्ने प्रस्ट देखाउँदै शिक्षा र अनुभवको अभिव्यक्ति मूल विषयवस्तुका रूपमा रहेको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा स्वयम् शासक मुर्कुटा र यहुदी आदि पात्रहरू उपस्थित रहेका छन् । यी पात्रहरूका माध्यमबाट असत्यमा खुम्चनु र आडम्बरमा दोब्रिनु आफैँमा अस्तित्व गुमाउनु हो । मानिस भावनामा यहुदी हुनुपर्छ । मानिस बन्धनमा बाँधिएर बेखुसी भई हाँस्नु पीडा मात्र दिनु हो । त्यसैले सार्थकतामा पग्लिनु नै सच्चा जीवन जिउनुपर्ने अभिव्यक्ति दिइएको छ । विषयवस्तुअनुसारका पात्रहरूको उपस्थिति रहेको देखिन्छ । यी विभिन्न पात्रहरूको प्रयोगले यो कविता प्रभावकारी बनेको छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा वर्तमान समयमा मान्छे असत्यमा लागेर आफ्नो अस्तित्व गुमाएको वातावरण मुख्य रूपमा परिवेश हो । मानिस वर्तमान समयमा निर्बन्ध भएर बाँच्न, बेखुखी भएर हाँस्न बाध्य रहेको स्थिति एवम् सत्ताको दास भएको स्थिति र कोही नभएको स्थिति रहेको छ । यसरी यस कवितामा मानिसको दयनीय स्थितिको परिवेशलाई समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा असत्यको सधैँ पराजय हुने एवम् पराधीनतामा कुँजिएर बस्न नहुने रहेछ भन्ने विचारपरक उद्देश्य रहेको छ । त्यस्तै मानिसले सार्थक र प्रतिष्ठापूर्ण जीवन बाँच्नुपर्छ भन्ने मूल उद्देश्य रहेको छ । यो कविता सार्थक जीवन उपयोगी र विचारपरक कविता पनि हो । यही नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा १८ पङ्क्ति तथा छ काव्य अनुच्छेद रहेका छन् । कवितामा संस्कृत तत्सम मूलका असत्य, खुसी, दासता, नियति आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ६६)* कवितामा सरल, सहज तथा सुबोध भाषाशैलीको प्रयोग गरिएको छ । विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग रहेको छ । जस्तै :

*"निर्बन्ध बन्धनमा बाँच्नु*

*बेखुसी खुसीमा हाँस्नु*

*जिन्दगी चुपचाप पीडा दुख्नु रहेछ ।"*

*(त्यागी, २०५८: ६६)*

उपर्युक्त उद्धरणमा निर्बन्ध बन्धनमा तथा बेखुसी खुसीमा विरोध अलङ्कार रहेको छ । यसरी गद्य लयमा रचित एवम् संस्कृतका तत्सम शब्द र बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि यो कविता सरल, सहज र प्रभावकारी बनेको छ ।

निष्कर्ष

'अस्तित्वबोध' कवितामा असत्यमा लागेर आडम्बर देखाउँदा कसैको पनि अस्तित्व नरहने हुनाले हामीले पराधीनता र निरङ्कुशतालाई कहिल्यै स्वीकार्न नहुने विषयवस्तु समेट्दै शासक र स्वयम्

पात्रमार्फत सार्थक र प्रतिष्ठापूर्ण जीवन बाँच्न सन्देश दिँदै सरल गद्य लयमा रचित यो कविता बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि प्रभावकारी बनेको छ ।

### ४.२.३४ रीतिथिति कविताको विश्लेषण

(क) वस्तु

'रीतिथिति' कवितामा हिंस्रक र स्वार्थीहरू आफ्नो भेष बदलेर देश र जनतालाई बर्बाद पार्न खोज्दै छन् भन्ने विषयवस्तु मूल रूपमा रहेको छ । यस कवितामा राजनीति क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको पनि वर्णन गरिएको छ । जनताहरू नेताको सन्त्रासपूर्ण पीडा भोग्न बाध्य हुनुपरेको वास्तविकतालाई समेत यहाँ समेटिएको छ । यस कवितामा बाजहरू परेवाको भेषमा आएर मन्दिरमा ऋचापाठ गरिरहेका र पुजारीहरू उनीहरूलाई आशीर्वाद दिँदै रहेका छन् । त्यस्तै परेवाहरू बाजको बथानमा फटफटाएर असुरक्षित भविष्यतिर उड्दै छन् । नाइकेहरू बाजहरूलाई परेवाको भेष धारण गराउँदै छन् र बाजहरू नाइकेको आदेशलाई उल्लङ्घन गरी आफू नाइके बन्न खोजिरहेका छन् । परेवाहरू बाजहरूको सहवासमा प्रतिपल सन्त्रासको पीडा भोग्दै छन् र आफ्ना पखेटाहरू कुजिँदै गएको महसुस गर्दै छन् । यही नै यस कविताको विषयवस्तु रहेको छ ।

(ख) सहभागी

प्रस्तुत कवितामा नाइकेहरू, पुजारी, परेवा र बाज आदि पात्रहरूको उपस्थिति रहेको छ । यी पात्रलाई प्रतीकात्मक रूपमा लिइएको छ । कवितामा बाघ हिंस्रक जीव, परेवा शान्तिकामी जनता, पुजारी शासक र नाइके नेता आदिका रूपमा लिइएको छ । यहाँ मुख्य पात्रका रूपमा परेवा र बाज रहेका छन् । शान्तिपूर्वक बाँच्न चाहने परेवाले सुरक्षाको खोजी गरिरहेका छन् र शान्तिको कामना गरिरहेका छन् । हत्या, हिंसा र आतङ्क रोकिनुपर्ने महसुस गरिरहेका छन् । यी विभिन्न पात्रहरूको प्रयोगले यो कविता प्रभावकारी रहेको छ ।

(ग) परिवेश

यस कवितामा भय, डर, त्रासयुक्त अशान्त वातावरणलाई परिवेशका रूपमा लिइएको छ । स्वार्थी र हिंस्रक बनेर आफ्नो भेष बदली देश र जनतालाई दुःख दिने अधोगतितिर धकेल्ने नेताहरूको खराब नीति रहेको वातावरण समेटिएको छ । त्यस्तै प्रजातन्त्र प्राप्तिपूर्वको समय बाजको भेष धारण गरी परेवालाई दुःख दिएको समय, स्थान र त्यस वरिपरिको समग्र वातावरणलाई यहाँ परिवेशको रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा स्वार्थी नेताहरूको चरित्र चित्रण गर्ने उद्देश्य राखिएको छ । नेताले जनताहरूलाई भ्रममा पारेर हत्या, हिंसा फैलाउने तथा आफू सत्तामा पुगेर आधिपत्य जमाउने एवम् जनताहरूलाई झुटो आश्वासन दिने नेताहरूबाट सचेत रहनुपर्ने विचार व्यक्त गरिएको छ । त्यस्तै जनताहरूको बुई चढेर सत्तामा पुगी जनताहरूलाई असहयोग गर्ने नेताहरूलाई सबैले तिरस्कार गर्नुपर्ने भाव व्यक्त गरिएको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा २८ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । यस कवितामा संस्कृत तत्सम मूलका ऋचापाठ, आशीर्वाद, सपना, भेषधारण, उल्लङ्घन, प्रतिपल, सन्त्रास, महसुस आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ६७)* कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग रहेको छ । जस्तै :

*"बाजहरू परेवाको भेषमा*

*मन्दिरमा ऋचा पाठ गर्दै छन्*

*पुजारीहरू बाजहरूलाई*

*आशीर्वाद दिँदै छन् ।"*

*(त्यागी, २०५८: ६७)*

उपर्युक्त उद्धरणमा बाजलाई हिंसाको प्रतीक, परेवालाई शान्तिको प्रतीक, पुजारीलाई शासकको प्रतीक तथा ऋचा पाठ गर्नुलाई शान्ति पाठ र मन्दिरलाई देशका रूपमा लिएको पाइन्छ । यसरी कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी गद्य लयमा रचित एवम् संस्कृतका तत्सम शब्द र बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि यो कविता सरल, सहज र प्रभावकारी बनेको छ ।

निष्कर्ष

'रीतिथिति' कवितामा हिंस्रक र स्वार्थी प्रवृत्तिका मानिसहरू आफ्नो भेष बदलेर देश र जनतालाई बर्बाद पार्न खोज्दै छन् भन्ने कुरा समेट्दै राजनीतिक विकृति र विसङ्गतिको वर्णन गरी बाज, परेवा र नाइके आदि पात्रहरूका माध्यमबाट देशमा आमूल परिवर्तन गरी भ्रम छरेर हिंसा फैलाउने अरूप्रति सचेत हुन आह्वान गरिएको छ । संस्कृति तत्सम मूलका शब्दहरू तथा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि सरल, सहज र सुबोध भाषाशैलीका कारणले यो कविता प्रभावकारी बन्न पुगेको छ ।

## ४.२.३५ अवस्था कविताको विश्लेषण

(क) वस्तु

'अवस्था' शीर्षक कवितामा देशमा विद्यमान अशान्ति, आतङ्क, हत्या, हिंसा, असुरक्षा र उपद्रो अवस्थालाई मूल विषयवस्तु बनाइएको छ । देशको दयनीय स्थितिको चित्रणसमेत गरिएको छ । सर्वत्रबाट शान्तिको खोजी गरिएको छ । मानिसहरूले धेरै वर्ष पहिलेदेखि नै शान्तिको खोजी गरिरहेका छन् । जनताहरू असुरक्षित भएको महसुस गरिरहेका छन् । वर्तमान समयमा देशमा दङ्गा मच्चाएर खुलेआम रूपमा देशको अस्मिता लुट्दै तथा आफन्तबाट समेत गला रेटिँदै गरेको स्थितिको यथार्थ चित्रण गरिएको छ । त्यसै गरी यत्रतत्र लुट, हत्या बढ्दो छ, अशान्ति र असुरक्षा बढ्दो छ । त्यसैले सर्वत्रबाट शान्तिको कामना गरिएको विषयवस्तुलाई यस कवितामा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा प्रमुख पात्र म मार्फत सर्वत्र शान्तिको कामनाको कुरा व्यक्त गरिएको छ । धेरै वर्ष पहिलेदेखि मानिसहरूले शान्तिको कामना गरिरहेका छन् । आफूहरू असुरक्षित हुँदै गएको महसुस गरिरहेका छन् । त्यसैले यहाँ हत्या, हिंसा, लुटपाट जारी छ । मानिसहरू शान्तिको खोजीमा दिनरात लागिरहेका छन् । यसरी यस कवितामा म पात्रमार्फत सर्वत्र शान्तिको कामना गरिएकाले विषयवस्तुअनुसार पात्रको उचित परिस्थति तथा अभिव्यक्ति रहेको छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा धेरै वर्ष पहिलेदेखि शान्तिको खोजी गरिएको छ । मानिसहरू स्वतन्त्रतापूर्वक शान्तिसँग बाँच्न चाहिरहेका छन् । यहाँ जतातततै दङ्गा, लुटपाट, हत्या, हिंसा आदि भएको कोलाहलपूर्ण वातावरण रहेको छ । त्यसैले सर्वत्रबाट शान्तिको कामना गरिएको कुरा प्रस्ट छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा देशको दिनदिनै खस्कँदै गइरहेको कठिन परिस्थितिको चित्रण गर्नु मुख्य उद्देश्य रहेको छ । शान्तिबिना विकास सम्भव नहुने भएकाले सर्वत्रबाट शान्तिको कामना गरी शान्ति स्थापनातर्फ अग्रसर भएर लाग्नुपर्ने देखिन्छ । यही नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ३५ पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । यस कवितामा संस्कृत तत्सम मूलका शान्ति, सुरक्षा, विनाश, महासय आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ६९/७०)* यस कवितामा सरल भाषाको प्रयोगका साथै शैलीमा शिथिलता रहेको छ । कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग रहेको छ । जस्तै :

*"कुन आतङ्कको क्रूर*

*उपद्रवको नाम हो हँ शान्ति*

*कुन विनाशको भयावह विभीषिकाको नाम हो हँ सुरक्षा ?"*

*(त्यागी, २०५८: ७९)*

उपर्युक्त उद्धरणमा आतङ्कको क्रूर उपद्रवलाई शान्ति र विनाशको भयावह विभीषिकाको नामलाई सुरक्षा मानी उत्प्रेक्षा अलङ्कारको प्रयोग गरिएको छ । यसरी सरल गद्य लयका साथै सरल, सहज भाषाको तथा संस्कृत तत्सम मूलका शब्दहरूको एवम् बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग रहे पनि कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'आस्था' शीर्षक कवितामा वर्तमान समयमा देशमा विद्यमान अशान्ति, हत्या, हिंसा आदि समेटेर विषयवस्तुलाई म पात्रको माध्यमबाट सम्पूर्ण जीवजन्तुले शान्तिको कामना गरिरहेका छन् भन्ने कुरा देखाउँदै बिग्रँदै गइरहेको देशको अवस्थाको चित्रण गरी सरल, सहज र बोधगम्य भाषाशैलीमा रचना गरिएकाले यो एउटा प्रभावकारी कविताका रूपमा रहेको छ ।

४.२.३६ गाउँ कविताको विश्लेषण

(क) वस्तु

'गाउँ' शीर्षक कवितामा गरिबहरूलाई शोषण गरेर ठूलाठालु भनाउँदाहरू धनी भएका हुन् भन्ने मुख्य विषयवस्तु रहेको छ । श्रमिकहरूको श्रम शोषण गरेर धनी बन्ने साहूमहाजन र शोषक सबै अपराधी हुन् भन्ने कुरा पनि विषयवस्तुका रूपमा समेटिएको छ । यस कवितामा स-साना झुपडीमा बस्ने गरिबहरूलाई थिचेर, मिचेर, श्रम शोषण गरेर तथा उचित पारिश्रमिक नदिएर दिनरात धनी बन्दै गएका सामन्ती साहूमहाजनका वास्तवितकतालाई नङ्ग्याउने काम यहाँ गरिएको छ । सानाको पसिना ठूलाको खेतबारीमा लटरम्म फलेको तथा सोझाको रगत बाठाका अनुहारमा धपक्क बलेको कुरा व्यक्त गरिएको छ । त्यसैले ब्वाँसो स्वभावका मान्छेका पनि तीखा नङ्ग्रा र सर्पका जस्ता विषालु दाँतहरू रहेका हुन्छन् । यिनीहरू सौहार्द देखिएर निमुखाको रगत पिउन हरदम आतुर रहन्छन् भन्ने विषयवस्तुलाई यस कवितामा समेटिएकाले यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा साहुजन ब्वाँसो, सर्प, बुद्ध आदि पात्रहरूको उपस्थिति रहेको छ । कवितामा निरीह आत्माहरूलाई मिचेर उठेका सभ्य साहूजनहरू चन्द्रमालाई पिर्ने राहुजस्ता देखिएका छन् । सोझा, साना र गरिबको रगत ठूलाबाठाको खेतबारीमा र अनुहारमा लटरम्म फलेको तथा धपक्क बलेको छ । ब्वाँसो स्वभावका मान्छे तीखा नङ्ग्रा र सर्प स्वभावका मान्छे विषालु दाँत लिएर बसेका छन् । शान्त बनेर निमुखाको रगत पिउन आतुर देखिएका खराब चरित्रका मान्छे प्रशस्त रहेका छन् भन्ने कुरा देखाइएको छ । यी विविध पात्रहरूका माध्यमबाट यस कवितालाई प्रभावकारी बनाइएको छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा ग्रामीण पहाडी भेगका यथार्थ वस्तुस्थितिलाई परिवेशका रूपमा समेटिएको छ । यस कवितामा गाउँका गरिब स-साना झुपडीहरू साथै साहूका ठूला महलहरू, खेतबारी, सर्प, ब्वाँसो आदि रहेका ठाउँ तथा विनम्रता, कर्मण्यता, भोग, अभाव आदिले ग्रस्त वातावरणलाई परिवेशका रूपमा समेटिएको छ । यी विविध ठाउँ, वातावरण र समय नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा वर्गीय विभेदको अन्त्य हुनपर्छ भन्ने मुख्य उद्देश्य रहेको छ । गरिब, सोझा, सीधा जनतालाई धनी, सामन्त र शोषक वर्गका मानिसहरूले दुःख दिनु, श्रम शोषण गर्नु अनि दास बनाएर

राख्नु हुँदैन भन्ने कुरा पनि व्यक्त गरिएको छ । समानता र न्यायमूलक समाजको स्थापना हुनुपर्छ भन्ने सन्देश पनि दिइएको छ । यही नै यस कविताको उद्देश्य हो ।

## (ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा सात शब्दसम्मका जम्मा २० पङ्क्ति रहेका छन् । यो गद्य लयमा रचिएको कविता हो । यस कवितामा संस्कृत तत्सम मूलका भव्य, निरीह, सभ्य, विषालु र सौहार्द आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ७१)* यस कवितामा विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि प्रयोग रहेको छ । जस्तै :

*"स-साना झुपडीहरूलाई*

*थिचेर ठडिएका भव्य भवनहरू*

*कठघरामा उभिएका अपराधी जस्ता छन् ।"*

*(त्यागी, २०५८: ७१)*

उपर्युक्त उद्धरणमा स-साना झुपडीहरूलाई थिचेर ठडिएका भव्य भवनहरू तथा कठघरामा उभिएका अपराधी जस्ता छन् भनी तुलना गर्दा उपमा अलङ्कारको प्रयोग गरिएको छ । कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसरी गद्य लयका साथै सरल, सहज भाषाको तथा संस्कृत तत्सम मूलका शब्दहरूको एवम् बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग रहेर पनि कविता प्रभावकारी बनेको छ ।

## निष्कर्ष

'गाउँ' शीर्षक कवितामा सोझा गाउँलेहरूलाई पीडा दिएर गाउँका शोषक वर्गका मानिसहरू धनी बनेका हुन् भन्ने कुरा विषयवस्तु बनाएर साहूजन, ब्वाँसो र सर्प चरित्रका मानिसहरूबाट सचेत रहन सन्देश दिँदै सरल गद्य लयमा रचिएको यो कविता बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि प्रभावकारी बनेको छ ।

## ४.२.३७ अभिव्यक्ति कविताको विश्लेषण

## (क) वस्तु

'अभिव्यक्ति' शीर्षक कवितामा मानिसको व्यवहारमा र विचारमा तथा बोलाइमा भिन्नता हुन्छ भन्ने विषयवस्तु रहेको छ । त्यसैले मानिस जे होइन त्यही हुँ भन्छ र जे हो त्यो होइन भन्छ । जुन कुरा उसको अभिव्यक्तिबाट बोध हुन्छ । मान्छेको मीठो बोलीमा डाहा हुन्छ, मन्दमुस्कानमा छलकपट हुन्छ । मौन हेराइको भाषामा बदला लिनु भन्ने हुन्छ । त्यसैले मान्छेले दिने अभिव्यक्तिमा भिन्नता हुने कुरा प्रस्ट देखाइएको छ । मान्छेको  हँसिलो मुहारमा क्रूरता तथा शान्त व्यवहारमा आतङ्क र आत्मीयता प्रदर्शनको प्रक्रियामा षडयन्त्र रहेको कुरा पनि प्रस्ट पारिएको छ । त्यस्तै गरिबको वकालतमा सामन्त तथा रक्तिम अधरको लयमा शोषण एवम् सुस्त हिँडाइको पदचाप दमनको अभिव्यक्ति हो । वर्तमान समयमा मान्छे दिनदिनै स्वार्थी, अपराधी बन्दै गइरहेको छ । मान्छेको बोली र काम गराइमा फरक-फरक अभिव्यक्ति हुने

मूल विषयवस्तुलाई समेट्दै यस कविताको विषयवस्तु तय गरिएको छ । यही नै यस कविताको समग्र विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा मुख्य पात्रको रूपमा तपाईंमार्फत कविले वक्ताका माध्यमबाट अभिव्यक्ति दिइरहेका छन् । सर्प स्वभावका मानिसहरूको अभिव्यक्तिमा बदला, छलकपट र डाह हुन्छ । त्यस्तै प्रेत स्वभावका मानिसको अभिव्यक्तिमा दमन, शोषण र सामन्तीपना हुन्छ । राहु स्वभावका मानिसको अभिव्यक्तिमा षडयन्त्र, आतङ्क र क्रूरता हुन्छ भन्ने कुरा तपाईं पात्रमार्फत अभिव्यक्त गरिएको छ । यस कवितामा तपाईं पात्रका माध्यमबाट सर्प, प्रेत र राहु स्वभावका मानिसहरूको अभिव्यक्ति दिइएको छ ।

(ग) परिवेश

यस कवितामा मानिसहरूको बसोबास रहेको ठाउँ र त्यस वरिपरिको वातावरण समेटिएको छ । मानिसहरू रहे बसेका गाउँ, सहर र गरिब, धनी वर्गका मानिसहरू तथा शान्त, भीडभाडयुक्त ठाउँ र त्यस वरिपरिको वातावरणलाई परिवेशका रूपमा समेटिएको छ । जताततै हत्या, हिंसा भएको समय र अशान्तिपूर्ण वातावरणलाई समेटिएको छ । गोही स्वभावका मानिस बसोबास गरेका ठाउँलाई समेत यस कवितामा समेटिएको छ । यही नै यस कविताको समग्र परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा मानिसका अभिव्यक्तिमा विश्वास गरिहाल्नु हुँदैन भन्ने उद्देश्य मूल रूपमा रहेको छ । मान्छेको बोलीमा अभिव्यक्त हुने प्रेम, आत्मीयता, सौहार्दता, मानवता जस्ता भनाइ देखावटी मात्र हुन् भन्ने भाव पनि व्यक्त गरिएको छ । मान्छेको मीठो बोली, मन्द मुस्कान र मौन हेराइको भाषामा बदला, छलकपट र डाहा सर्पको अभिव्यक्ति बनेर सल्बलाइरहेको हुन्छ भन्ने सन्देश पनि दिइएको छ । त्यसै गरी मान्छेको हँसिलो मुहारमा क्रूरता, शान्त व्यवहारमा आतङ्क, आत्मीयता प्रदर्शनमा षडयन्त्र हुनु राहुको रमाइरहेको अभिव्यक्ति रहने विचार व्यक्त गरिएको छ । यही नै यस कविताको उद्देश्य बनेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा ५६ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा संस्कृत तत्सम मूलका मन्द, मुस्कान, डाहा, मुहार, शान्त, सौम्य र शिष्ट आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ७२/७३/७४)* यस कवितामा वर्णनात्मक, विवरणात्मक शैली रहेको छ । कवितामा सरल, सहज शब्दहरूको विन्यास रहेको छ । जस्तै :

*"तपाईंको हाँसोमा फुस्फुसाइरहेको दुराचारको रङ्ग चिनें ।"*

*(त्यागी, २०५८: ७३)*

उपर्युक्त उद्धरणमा वर्णनात्मक, विवरणात्मक अभिव्यक्ति रहेको छ । काव्यात्मक दृष्टिले कमजोर रहे तापनि सरल, सहज भाषाको प्रयोगले कविता बोधगम्य बनेको छ । यसरी दुई शब्ददेखि छ शब्दसम्मका जम्मा ५६ पङ्क्तिमा संरचित गद्य लयमा रचित तथा सरल, सहज शब्दहरूको विन्यासले कविता बोधगम्य बनेको छ ।

निष्कर्ष

'अभिव्यक्ति' शीर्षक कवितामा मानिसको व्यवहारमा र विचारमा वा बोलीमा भिन्नता छ भन्ने विषयलाई समेट्दै मानिस जे होइन त्यही हुँ भन्छ र जे हो त्यो होइन भन्छ । त्यसैले मानिसका बोलीमा अभिव्यक्त हुने प्रेम आत्मीयता, सौहार्दता र मानवता आदि जस्ता भनाइ देखावटी मात्र हुन् भन्दै तपाईं पात्रले आजका मान्छेमा विश्वास गरिहाल्नु हुँदैन भन्ने मूल उद्देश्य राखिएको देखिन्छ । सरल भाषा तथा वर्णनात्मक तथा विवरणात्मक शैलीमा रचित यो कविता प्रभावकारी बनेको छ ।

## ४.२.३८ मालिक साहेब कविताको विश्लेषण

(क) वस्तु

'मालिक साहेब' शीर्षक कवितामा आफ्नो घरमा भाँडा माझ्न राखेको नोकरको कारुणिक अवस्थालाई विषयवस्तु बनाइएको छ । यहाँ वर्गीय चेतना र विद्रोही भावनासमेत समेटिएको छ । मालिकको घरमा काम गर्न बसेको नोकरले एक पेट खान, एकसरो लगाउन पनि नपाइरहेको स्थिति रहेको छ । यहाँ मालिकले नोकरलाई ठूलो स्वरमा गाली गरेको तथा ब्वाँसोले झैँ दाह्रा किट्किटाएर मुस्कुराएको एवम् मेघझैँ गर्जनुले दानवीय चरित्र देखाइएको छ । यसरी धनी वर्गका मानिसले गरिब वर्गका मानिसलाई दमन, जलन र उत्पीडनमा पारेको यथार्थ पक्षलाई यहाँ मूल विषयवस्तुका रूपमा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

यस कवितामा म नोकर र तपाईं मालिक मानवीय पात्रको उपस्थिति रहेको छ । कवितामा म पात्रलाई तपाईं पात्रले गरेका अमानवीय व्यवहारको चिरफार गरिएको छ । जुठा भाँडावर्तन माझ्दा-माझ्दा हातमा ठेला उठ्नु, एक पेट खान नपाउनु र एकसरो लगाउन नपाउनुलाई दयनीय गरिबको जीवनका रूपमा चित्रण गरिएको छ । मालिकलाई शोषक, भ्रष्ट तथा दानवीय प्रवृत्ति भएको व्यक्तिको रूपमा चित्रण गरिएको छ । यस कवितामा म नोकर र तपाईं मालिक पात्रहरूको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा म पात्रले भाँडा माझ्ने ठाउँ र तपाईं पात्रको घर तथा बिहानदेखि बेलुकासम्म काम गर्नुपर्ने समय र त्यस वरिपरिको वातावरणलाई परिवेशको रूपमा लिइएको छ । म पात्रले भाँडा माझ्दा हातमा ठेला उठेर फुटी हत्केलाबाट रगत बगेको, एक पेट खान नपाएको र एकसरो लगाउन नसकेको दयनीय स्थितिको चित्रण गरिएको छ । मालिक भने साँढेझैँ डुक्रेको, काम गर्ने नोकरलाई गाली गरेको आवस्था पनि परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा घरमा काम गर्ने नोकर म पात्रलाई तपाईं मालिक पात्रले गरेको अत्याचारपूर्ण व्यवहारलाई छर्लङ्ग देखाउनु मुख्य उद्देश्य रहेको छ । सहरका शोषक साहूहरूको सामन्ती स्वभाव देखाइएको छ । यसरी दिनभर काम गरेर एक पेट खान, एकसरो लगाउन नसक्नु गरिब वर्गका

मानिसहरूको वास्तविक स्थितिलाई देखाउने उद्देश्य पनि यस कवितामा रहेको छ । सामन्ती वर्गका मानिसहरूले गरिब वर्गका मानिसहरूप्रति गर्ने भेदभावपूर्ण व्यवहारको अन्त्य हुनुपर्ने मूल आशय राखिएको छ । यही नै यस कविताको उद्देश्य हो ।

### (ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा ४० पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा संस्कृत तत्सम मूलका मर्मघाती, आङ, शान्त, महल, वेतन आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ७५) कवितामा एकालापीय संवाद रहेको छ । यस कवितामा कमजोर कथ्य र शैलीगत शिथिलताले सिकारु अवस्थामा रचिएको कविता हो भन्ने कुरा पुष्टि हुन्छ । जस्तै :

*"मलाई यति लाउन खान दिनुहुन्छ कि*

*कहिल्यै एक आङ लाउन, पाएको होइन ।"*

*(त्यागी, २०५८: ७५)*

उपर्युक्त उद्धरणमा एकालापीय संवाद रहेको छ । यसरी एक शब्ददेखि छ शब्दसम्मका जम्मा ४० पङ्क्तिमा संरचित तथा गद्य लयको प्रयोग एवम् संस्कृत तत्सम मूलका शब्दहरू प्रयोग भएर पनि सरल, सहज र सुबोध भाषाशैलीको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

### निष्कर्ष

'मालिक साहेब' कवितामा साहूले घरमा काम गर्न राखेको म पात्र नोकरको कारुणिक अवस्थालाई मूल विषयवस्तु बनाएर वर्गीय चेतनाका साथै विद्रोही भावना व्यक्त गर्दै भेदभावपूर्ण व्यवहारको अन्त्य गरिनुपर्ने विचारका साथ एकालापीय संवादका माध्यमबाट यस कवितालाई सरल, सहज र बोधगम्य बनाइएको छ ।

## ४.२.३९ फूलहरू कविताको विश्लेषण

### (क) वस्तु

'फूलहरू' कवितामा फूलको प्राकृतिक स्वभाव र मानवीय स्वभावको तुलनालाई मूल विषयवस्तु बनाइएको छ । फूलहरू जस्ता छन् त्यस्तै देखिन्छन् तर मानिस जस्ता छन् त्यस्ता देखिँदैनन् भन्ने कुरालाई पनि समेटिएको छ । फूलहरू मान्छेहरूझैँ कठोर हुँदैनन् र मान्छेका मनहरूझैँ कुलषित हुँदैनन् । मान्छेहरूमा एक-अर्काका खुट्टा तान्ने प्रवृत्ति हुन्छ तर फूलहरू त्यस्ता हुँदैनन् भन्ने कुरा स्पष्ट देखाइएको छ । फूलहरू सच्चा जिन्दगी जिउँछन् तर मान्छेले झैँ विविध धर्म, संस्कृतिमा विभाजित हुँदैनन् भन्ने यथार्थ पक्षलाई पनि कवितामा देखाइएको छ । यही नै कविताको विषयवस्तु हो ।

### (ख) सहभागी

यस कवितामा फूल र मानिसलाई मुख्य पात्रका रूपमा उपस्थित गराइएको छ । फूलहरू प्राकृतिक रूपमा जे-जस्ता हुन्छन् त्यस्तै देखिन्छन् । फूलहरूमा कुलषित भावना हुँदैन र देखावटी हाँसो पनि हाँस्दैनन् । फूलहरू हाँसेरै फुल्दछन् र सच्चा जिन्दगी जिउँछन् । मान्छेहरूमा कलुषित भावना हुन्छ र

बनावटी हाँसो हाँस्दछन् । मान्छेहरू हिन्दू, मुस्लिम र इसाई धर्ममा तथा आर्य र मङ्गोल संस्कृतिमा विभाजित हुन्छन् भन्ने कुरा देखाउँदै फूल र मानिसलाई पात्रका रूपमा उपस्थित गराई यस कविताको विषयवस्तु समेटिएको छ ।

(ग) परिवेश

यस कवितामा विविध प्राकृतिक वातावरणलाई परिवेशको रूपमा समेटिएको छ । फूलहरू फुलेको वसन्त ऋतु तथा झरी, बादल परेको वर्षा ऋतुलाई एवम् प्राकृतिक सुन्दरतायुक्त शान्त, स्वच्छ र सफा वातावरणलाई परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको समग्र परिवेश हो ।

(घ) उद्देश्य

यस कवितामा मानवीय कृत्रिमता र कठोरता साथै देखावटी आडम्बर देखाउँदै फूलहरूको प्राकृतिक सौन्दर्य पक्षलाई देखाउने उद्देश्य राखिएको छ । फूलहरू जे-जस्ता हुन्छन् त्यस्तै देखिन्छन् तर मानिस जे-जस्ता हुन्छन् त्यस्ता देखिँदैनन् भन्ने सत्य-तथ्य पक्षलाई उद्घाटन गर्नु पनि यस कविताको उद्देश्य बनेको छ ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा पाँच शब्दसम्मका जम्मा ३७ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा संस्कृत तत्सम मूलका कुलषित, परिधान, शीतपात, आत्मीयता आदि शब्दहरू प्रयोग गरिएका छन् । (त्यागी, २०५८: ७७/७८) त्यसै गरी विविध बिम्ब, प्रतीक र अलङ्कारको पनि यस कवितामा प्रयोग गरिएको छ । जस्तै :

*"फूलहरू जहिल्यै पनि*

*फूलहरू जस्तै हुन्छन् ।"*

*(त्यागी, २०५८: ७८)*

उपर्युक्त उद्धरणमा फूलहरू सुन्दरताका प्रतीकका रूपमा प्रयोग गरिएका छन् । 'फूलहरू जहिल्यै पनि फूलहरू जस्तै हुन्छन् ।' भन्दा स्वभावोक्ति अलङ्काकारको प्रयोग भएको छ । यस कवितामा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । जसले गर्दा कविता बोधगम्य रहेको छ । यसरी एक शब्ददेखि पाँच शब्दसम्मका जम्मा ३७ पङ्क्तिहरूमा संरचित गद्य लयको प्रयोग गरिएको तथा संस्कृत तत्सम मूलका शब्दहरू एवम् बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'फूलहरू' कवितामा फूलहरू जस्ता देखिन्छन् त्यस्तै हुन्छन् यो फूलको प्राकृतिक स्वभाव हो तर मानिसहरू जस्ता छन् त्यस्ता देखिँदैनन् यो मानवीय स्वभाव हो भन्दै फूलहरू र मानिसहरूबीचको भिन्नता देखाउँदै प्राकृतिक सुन्दर वातावरणको चित्रण गरी सरल, सहज भाषाशैलीमा यो कविता रचना गरिएकाले प्रभावकारी बनेको छ ।

४.२.४० आत्मपीडा कविताको विश्लेषण

(क) वस्तु

'आत्मपीडा' शीर्षक कवितामा वर्तमान समयमा आफू बाँच्न मान्छेले गर्नुपरेका अनेकौँ दुःख, कष्ट, अभाव र पीडा आदिलाई विषयवस्तु बनाइएको छ । मानिसले कहिले हाँस्नुपर्ने, कहिले रुनुपर्ने साथै आफन्तको आत्मघात सहनुपर्ने विवशताको विषयलाई समेटिएको छ । मानिसले एकचोटि हाँस्नलाई हजारचोटि रुनुपर्ने हुन्छ साथै एक पल सञ्चो बाँच्न हजार पल दुख्नुपर्ने वास्तविकतालाई विषयवस्तु बनाइएको छ । आफन्तहरूले आत्मीयता पस्केर आन्तर्घात गर्छन् । सहृदयी बनेर स्वजनले निर्मम चोट दिने गरेका छन् भन्ने विषयलाई पनि समेटिएको छ । मान्छेहरू आफू-आफू नै टाढा-टाढा भइरहेका छन् । त्यसैले आफन्तहरूलाई नै चिन्न गाह्रो भएको स्थिति छ । मान्छेको मन दिनदिनै कठोर बन्दै गइरहेको छ । यी विविध पक्षलाई यस कवितामा विषयवस्तुका रूपमा समेटिएको छ । यही नै यस कविताको समग्र विषयवस्तु पनि हो ।

(ख) सहभागी

यस कवितामा आफन्त, स्वजन र मान्छेहरू पात्रका रूपमा उपस्थित रहेका छन् । आफन्तहरूले आत्मीयता पस्केर अन्तर्घात गर्दछन् । स्वजनहरू सहृदयी बनेर निर्मम चोट दिन्छन् । मान्छेहरूको मन ढुङ्गाभन्दा पनि झन् कठोर बन्दै गएको यथार्थ पक्षलाई यहाँ मान्छेहरू, स्वजनहरू र आफन्तहरूमार्फत व्यक्त गरिएको छ ।

(ग) परिवेश

यस कवितामा वर्तमान समयमा मानिसलाई एकचोटि हाँस्न, एक पल सञ्चो बाँच्न कठिन भएको स्थितिलाई परिवेशका रूपमा लिइएको छ । आफन्तले अन्तर्घात गरेका, स्वजनले निर्मम चोट दिएका, आफन्तहरू टाढा-टाढा बनेका र मान्छेहरूको मन ढुङ्गा जस्तो कठोर बनेको वातावरणलाई पनि समेटिएको छ । यस कवितामा विविध दयनीय परिवेशको यथार्थ चित्रण गरिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

मानवीय जीवन जिउन वर्तमान समयमा मानिसलाई असाध्यै कठिन छ भन्ने देखाउनु यस कविताको उद्देश्य हो । वर्तमान समयमा आफन्त, स्वजन र सम्पूर्ण मान्छेहरू अर्कालाई चोट दिन, अन्तर्घात गर्न लालायित देखिन्छन् । त्यसैले कोहीप्रति पनि पूर्ण विश्वास गर्न नसकिने भाव यस कवितामा व्यक्त गरिएको छ । यही नै यस कविताको उद्देश्य रहेको छ ।

(ङ) संरचना, लयविधान र भाषशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा तीन शब्दसम्मका जम्मा १४ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । यस कवितालाई समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"एकचोटि हाँस्न*

*हजारचोटि रुनुपर्छ यहाँ*

*एक पल सञ्चो बाँच्न*

*हजार पल दुख्नुपर्छ यहाँ ।"*

*(त्यागी, २०५८: ७९)*

उपर्युक्त उद्धरणमा यहाँ-यहाँ, हाँस्न-बाँच्न समान वर्गका शब्दहरूको अन्त्यानुप्रासले लयात्मक बनाएको छ । कवितामा संस्कृत तत्सम मूलका सञ्चो, आत्मीयता आदि शब्दहरू प्रयोग गरिएका छन् । *( त्यागी, २०५८: ७९)* कवितामा सरल अभिधात्मक अर्थ लाग्ने सहज भाषाको प्रयोग गरिएको छ । यसरी दुई शब्ददेखि तीन शब्दसम्मका जम्मा १४ पङ्क्तिमा संरचित तथा गद्य लयको प्रयोग गरिएको एवम् संस्कृत तत्सम शब्दहरूको प्रयोग भएर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'आत्मपीडा' कवितामा वर्तमान समयमा बाँच्नका लागि मानिसले अनेक दुःख, कष्ट, अभाव र पीडा भोल्नुपरेको यथार्थ पक्षलाई स्पष्ट पार्दै आफन्त र स्वजनसँग पनि विश्वास गर्न नसकिने भएको स्थितिमा मानवीय जीवन जिउन कठिन रहेको यथार्थ पक्षलाई देखाइएको छ । गद्य लयमा रचित संस्कृत तत्सम मूलका शब्दहरूको प्रयोग भएर पनि यो कविता सरल, सहज र बोधगम्य बनेको छ ।

## ४.२.४१ उपहास कविताको विश्लेषण

(क) वस्तु

'उपहास' शीर्षक कविता आर्थिक विपन्नताले निम्त्याएका समस्याहरूलाई विषयवस्तु बनाइएको छ । यस कवितामा अकालमा श्रीमती मर्नु, छोरीको ठीक समयमा विवाह गरिदिन नसकेर पोइल जानु एवम् राम्रोसँग शिक्षा दिन नसकेर छोरो आवारा हुनु आदि सबै आर्थिक अवस्था कमजोरीका कारण भएका हुन् । यस्तो अवस्थामा आफ्नो घरघडेरी बन्धकीमा लिलामी हुनु अनि आफ्ना कृतिहरू राष्ट्रिय सम्पत्ति घोषित हुनुले एउटा सच्चा, इमानदार कविका लागि घातक भएको कुरा व्यक्त गरिएको छ । आफ्नो जीवन धान्न नसकेका कविलाई कुनै आर्थिक सहयोग नगरी कृतिलाई राष्ट्रिय सम्पत्ति घोषित गर्नु कविलाई उपहास गर्नु हो । यही विषयवस्तुलाई यस कवितामा समेटिएको छ । यही नै यस कविताको समग्र विषयवस्तु पनि हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा म पात्रका रूपमा कवि, पत्नी, छोरी र छोरो आदि पात्रहरू उपस्थित रहेका छन् । औषधि नपाएर श्रीमतीको मृत्यु हुनु, छोरी पोइल जानु र छोरो आवारा भएको घटनाले दयनीय स्थितिमा कवि बाँच्न बाध्य रहेका छन् । एउटा इमानदार कविका लागि आफ्ना कृति राष्ट्रिय सम्पत्ति घोषित भई घरघडेरी लिलामी भएको घटनाले मर्माहत तुल्याएको छ । यी विविध पात्रहरूका माध्यमबाट यस कवितामा पात्रअनुकूल विषयवस्तु रहेको देखिन्छ ।

(ग) परिवेश

यस कवितामा कविको दयनीय स्थितिको यथार्थ चित्रण गरिएको छ । कविका कृतिहरू राष्ट्रिय सम्पत्ति घोषित हुनु र घरघडेरी लिलामी हुनु सर्वस्व सकिएको स्थिति रहेको छ । गरिबीका कारणले श्रीमतीलाई बिरामी भएको समयमा औषधि उपचार गराउन नसकेको, उचित समयमा छोरीको विवाह गरिदिन नसकेको र छोरोलाई राम्रोसँग पढाउन नसकेको घटना यस कवितामा रहेको छ । यी विविध पात्रहरूको दयनीय स्थितिको चित्रण गर्दै यस कविताको परिवेश समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

राष्ट्रप्रति योगदान दिने कवि तथा साहित्यकारहरूको आर्थिक विपन्नता र त्यसले निम्त्याएको समस्याको चित्रण गर्नु नै यस कविताको मूल उद्देश्य हो । आफ्नो जीवन धान्न नसकेका कविलाई राष्ट्रले आर्थिक सहयोग गरी साहित्य सिर्जना गर्न टेवा पुऱ्याउनुपर्ने सन्देश पनि यस कविताले दिएको छ । यही नै यस कविताको उद्देश्य हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा चार शब्दसम्मका जम्मा १४ पङ्क्ति रहेका छन् । गद्य लयमा रचित यस कवितामा शब्दहरूको समान अन्त्यानुप्रास रहेको छ । जस्तै :

*"म एउटा इमानदार कवि*

*मेरो उठीबास भएको छ*

*आफ्नै देशमा आज*

*मेरो उपहास भएको छ ।"*

*(त्यागी, २०५८: ८०)*

उपर्युक्त उद्धरणमा भएको छ-भएको छ शब्दबीच अन्त्यानुप्रास रहेको छ । जसले गर्दा यो कविता लयात्मक बनेको छ । यस कवितामा संस्कृत तत्सम मूलका अकाल, ओखती, आवारा आदि शब्दहरूको प्रयोग गरिएको छ । *(त्यागी, २०५८: ८०)* कवितामा सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । यसरी दुई शब्ददेखि चार शब्दसम्मका जम्मा १४ पङ्क्तिमा संरचित तथा गद्य लयमा रचित एवम् संस्कृतका तत्सम शब्दहरूको प्रयोग रहेर पनि सरल, सहज भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'उपहास' कवितामा एउटा सच्चा इमानदार कविको जीवनमा आइपरेका विविध समस्याहरूलाई विषयवस्तु बनाएर आर्थिक कमजोरी उकास्न राष्ट्रले सहयोग गर्नुपर्ने देखिन्छ । कवितामा श्रीमती मर्नु, छोरी पोइल जानु र छोरो आवारा बन्नु सबै आर्थिक कमजोरीका कारण घटेका घटनाहरू हुन् । त्यसैले

कविका कृतिको राष्ट्रियकरण गर्नुको सट्टा आर्थिक सहयोग गर्नुपर्ने देखिन्छ । सरल, सहज तथा सुबोध भाषाशैलीको प्रयोगले यो कविता प्रभावकारी बनेको छ ।

### ४.२.४२ आधुनिकता कविताको विश्लेषण

(क) वस्तु

'आधुनिकता' शीर्षक कवितामा आधुनिकताका नाममा आएका विकृतिहरूको वर्णनसँग विषयवस्तु सम्बन्धित रहेको छ । आधुनिकताको नाममा निर्वस्त्र हुने फेसन, साँढे र गोरु ब्याउने असम्भव स्थिति, मान्छेले पनि सजिलोका निम्ति फुल पार्ने प्रयत्न गरेको कुरा देखाइएको छ । मान्छेले आधुनिकताका नाममा सृष्टि र प्रकृतिको नियमलाई उल्लङ्घन गर्न खोजिरहेको यथार्थ पक्षलाई समेत विषयवस्तुको रूपमा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा साँढे, गोरु र मान्छे आदि पात्रका रूपमा उपस्थित छन् । मुख्य पात्रका रूपमा मान्छे आएका छन् । आधुनिकताको नाममा मान्छे निर्वाङ्ग हिँड्न सक्ने स्थिति, साँढे र गोरु ब्याउने स्थिति मान्छेले फुल पार्न चाहेको स्थितिको चित्रण गरिएको छ । मान्छेले सृष्टि र प्रकृतिको नियमलाई समेत उल्लङ्घन गर्न सक्ने स्थिति रहेको देखिन्छ । यी विविध पात्रहरूको माध्यमबाट विषयवस्तुअनुसार पात्रहरूको सहभागिता रहेको देखिन्छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा विभिन्न ठाउँ र वातावरणलाई परिवेशको रूपमा लिइएको छ । कवितामा आधुनिकतासँग मान्छेले निर्वस्त्र ल्याएको फेसन, साँढे र गोरु पनि ब्याउने असम्भव स्थिति, सृष्टि र प्रकृतिको नियम उल्लङ्घन गर्ने समय तथा सजिलोका निम्ति मान्छेले पनि फुल पार्न चाहेको स्थितिको चित्रण गरिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

आधुनिकताका नाममा जन्मिएका विकृत रूपहरूको उत्खनन गर्नु यस कविताको मूल उद्देश्य हो । हुन नसक्ने कुरा गर्न खोज्नु विकृति र विसङ्गतिको अनुशरण गर्नु हो भन्ने आशय पनि यस कवितामा व्यक्त गरिएको छ । आधुनिकताको नाममा सृष्टि र प्रकृतिलाई नास गर्न खोज्नु हुँदैन भन्ने भाव पनि रहेको देखिन्छ । यही नै यस कविताको उद्देश्य हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा दुई शब्ददेखि बढीमा छ शब्दसम्मका जम्मा १६ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा संस्कृत तत्सम मूलका सभ्य, उल्लङ्घन, अनवरत आदि शब्दहरू प्रयोग गरिएका छन् । *(त्यागी, २०५८: ८१)* यस कवितामा सरल भाषाको प्रयोगले बोधगम्य बनेको छ । जस्तै :

*"परिक्षणहरू अनवरत हुँदै छन् रे*

*अब यहाँ साढे र गोरु पनि ब्याउन*

*बेर छैन ।"*

*(त्यागी, २०५८: ८१)*

उपर्युक्त उद्धरणमा आधुनिकताको नाममा साँढे र गोरु ब्याउन सम्भव हुने कुरा र निर्वाङ्ग हुने कुरा तथा सृष्टि र प्रकृतिको नियमलाई मिच्ने कुरा समेटिएको छ । यसरी दुई शब्ददेखि छ शब्दसम्मका १६ पङ्क्तिमा संरचित तथा गद्य लयको प्रयोग गरिएको संस्कृत तत्सम मूलका शब्दहरू रहेर पनि सरल, सहज भाषाशैलीको प्रयोगले कविता बोधगम्य बनेको छ ।

निष्कर्ष

'आधुनिकता' कविता आधुनिकताका नाममा आएका विकृति, विसङ्गतिहरूको वर्णन गर्दै आधुनिकताले निर्वस्त्र फेसन ल्याउन लागेको, साँढे र गोरु पनि ब्याउन सक्ने असम्भव स्थिति र मान्छेले फुल पार्न खोजेको कुरालाई प्रस्ट पार्दै सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोगले कविता उत्कृष्ट बनेको छ ।

### ४.२.४३ सलाम कविताको विश्लेषण

(क) वस्तु

'सलाम' शीर्षक कविता चाकरी, चप्लुसी र भनसुनबाट माथि पुग्ने अयोग्य र असक्षम कर्मचारीका दैनिकीको विषयवस्तुलाई समेटेर लेखिएको छ । भोजनभन्दा भोक मीठो भनेर भोकै बस्ने तथा गाईलाई माता मानेर ढोगेपछि साँढेलाई पिता भनी ढोग्ने एवम् कालो कोट लाउने हाकिम सम्झेर कुकुरलाई सलाम गर्ने प्रवृत्तिलाई पनि विषयवस्तुका रूपमा समेटिएको छ । यही नै यस कविताको विषयवस्तु हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा साँढे, गोरु, कुकुर, गाई र म आदि पात्रहरू उपस्थित रहेका छन् । यहाँ प्रमुख पात्रका रूपमा म पात्र आएको छ । भोजनभन्दा भोक मीठो मानेर भोकै बसेको म पात्रले गाईलाई माता मानेर ढोग गर्दा-गर्दा साँढेलाई पिता भनी ढोगेको तथा कुकुरलाई मालिक सम्झी सलाम गरेको आदि घटनाहरू समेटिएका छन् । यस कवितामा विषयवस्तुअनुसार पात्रहरूको उपस्थिति रहेको देखिन्छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा म पात्र धेरै पटक भोक-भोकै बसेको समय, मालिकलाई सलाम गर्दा-गर्दा कुकुरलाई सलाम गरेको र गाईलाई ढोग गर्दा साँढेलाई समेत ढोग गर्न पुगेको परिस्थितिलाई परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा दीनहीन, कमजोर अवसरवादी, स्वाभिमान नभएका पात्रका दास स्वभावको चित्रण गर्नु मुख्य उद्देश्य रहेको छ । यस कवितामा हाकिमलाई मान गर्नुपर्ने तल्लो अवस्थाका कर्मचारीहरूको दयनीय स्थितिलाई पनि देखाउने आशय रहेको छ । यही नै यस कविताको उद्देश्य हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा घटीमा एक शब्ददेखि बढीमा तीन शब्दसम्मका जम्मा १७ पङ्क्ति रहेका छन् । यो कविता गद्य लयमा रचिएको छ । कवितामा शब्दहरूको उचित विन्यास तथा अन्त्यानुप्रास रहेको छ । जस्तै :

*"कालो कोट लगाउने हाकिम साहेबलाई*

*सधैँ सलाम टक्र्याउने मेरो बानी*

*एक दिन त झुकिएर कालो कुकुरलाई सलाम ठोकेछु ।"*

*(त्यागी, २०५८: ८२)*

उपर्युक्त उद्धरणमा लगाउने, टक्र्याउने समान वर्गका शब्दहरूको प्रयोग रहेको छ । यहाँ व्यङ्ग्यात्मक अभिव्यक्ति रहेको छ । संस्कृत तत्सम मूलका माता, पिता, मीठो आदि शब्दहरूको प्रयोग गरिएको छ । *(त्यागी, २०५८: ८२)* यस कवितामा सरल, सहज भाषाको प्रयोग गरिएको छ । यसरी एक शब्ददेखि तीन शब्दसम्मका जम्मा १७ पङ्क्तिमा संरचित गद्य लयमा रचिएको तथा संस्कृत तत्सम मूलका शब्दहरूको प्रयोग रहेर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'सलाम' कवितामा चाकरी, चाप्लुसी र भनसुनबाट माथि पुग्ने अयोग्य, असक्षम कर्मचारीका दैनिकीको चित्रण गर्नुलाई मूल विषयवस्तुका रूपमा प्रस्तुत गर्दै भोजनभन्दा भोक मीठो भनेर भोकै बस्ने, साँढेलाई पिता र कुकुरलाई मालिक मान्ने प्रवृत्ति हट्नुपर्ने यथार्थ चाकरी प्रथा, दीनहीन, कमजोर र अवसरवादी पात्रको दास स्वभावको चित्रण प्रस्तुत गर्ने उद्देश्य कवितामा रहेको छ । समग्रमा गद्य लयको प्रयोग तथा व्यङ्ग्यात्मक भाषाशैलीका शब्दहरू रहेर पनि यो कविता प्रभावकारी बनेको छ ।

## ४.२.४४ गाउँबाट कविताको विश्लेषण

(क) वस्तु

'गाउँबाट' शीर्षक कवितामा गाउँको दुःखमय जीवनको चित्रण गरी विषयवस्तु छनोट गरिएको छ । यहाँ गाउँलेहरूको आँसु रुने, मानवता रुने, दुःख दुख्ने, चोली धुजाधुजा हुने, जामा फाट्ने तथा महान् चाडपर्व दशैं र तिहार आदि आर्थिक अभावका कारण नरमाइले भएको कुरालाई समेटेर विषयवस्तु बनाइएको छ । कवितामा शोषक साहूले सम्पूर्ण जग्गाजमिन हडपेको दयनीय स्थितिलाई समेत विषयवस्तुका रूपमा समेटिएको छ । यही नै यस कविताको समग्र विषयवस्तु हो ।

(ख) सहभागी

प्रस्तुत कवितामा म, छोरी, श्रीमती र छोरो पात्रहरू प्रयोग गरिएका छन् । यहाँ म प्रमुख पात्रका रूपमा उपस्थित छ । म पात्रमार्फत सम्पूर्ण गाउँको वस्तुस्थितिको वर्णन गरेको छ । गाउँका मानिसहरूको यथार्थ अवस्थाको चित्रण गरिएको छ । कवितामा चोली धुजाधुजा भएर, जामा फाटेर, सारी च्यातिएर, पढ्न नपाएर बस्नुपरेको यथार्थ पक्षलाई यहाँ समेटिएको छ । त्यसै गरी महान् चाडपर्व मान्न नसकेको साहूको ऋण तिर्न नसकेको अनन्त दुःख र अभाव रहेको देखिन्छ । यस्तै खान नपाएर अनिकाल परेको,

कुल्ली बनेर पसिना बगाउनुपर्ने कुरा म पात्रमार्फत व्यक्त गरिएको छ । यसरी यस कवितामा विषयवस्तुअनुसार पात्रहरूको उपस्थिति रहेको देखिन्छ ।

(ग) परिवेश

प्रस्तुत कवितामा गाउँका मानिसहरूको दुखद अवस्थाको चित्रण गर्दै खेतबारी, घरबारी आदि ठाउँ, ठेला तानेको समय, अनिकाल परेको अवस्था आदिलाई वातावरणका रूपमा समेटिएको छ । चोली धुजाधुजा भएर, फरिया फाटेर, जामा फाटेर छोरी र श्रीमतीले बिलौना गरिरहेको समय समेटिएको छ । महान् चाडपर्व दशैं र तिहार मान्न धौ-धौ परेको तथा खनजोत नगर्नाले खेतबारी सुक्खा बनेको अति नै दयनीय स्थितिलाई तथा आर्थिक विपन्नताको स्थितिलाई परिवेशका रूपमा समेटिएको छ । यही नै यस कविताको परिवेश हो ।

(घ) उद्देश्य

प्रस्तुत कवितामा ग्रामीण क्षेत्रका जनताहरूको दयनीय स्थितिको चित्रण गर्नु मुख्य उद्देश्य रहेको छ । यहाँका मानिसहरूको आधा आङ खाली रहने, पढ्न नपाउने, चाडपर्व मनाउन नसक्ने, साहूको ऋण तिर्न नसक्ने स्थितिको चित्रण गर्दै उनीहरूको आर्थिक अवस्था सुधार्नुपर्ने सन्देश दिइएको छ । यही नै यस कविताको उद्देश्य हो ।

(ङ) संरचना, लयविधान र भाषाशैली

यस कवितामा प्रत्येक पङ्क्तिमा १६ अक्षरका जम्मा पाँच काव्य अनुच्छेद तथा २० पङ्क्ति रहेका छन् । अनुष्टुप छन्दमा लेख्न खोजिएको भए तापनि पूर्ण रूपमा छन्द मिलेको छैन । कवितामा शैलीगत शिथिलता पनि रहेको देखिन्छ । यस कवितामा शब्दहरूको उचित विन्यास र अन्त्यानुप्रासले लयात्मक बनाएको छ । जस्तै :

*"बचाउँ कसरी लाज चोली भो नि धुजाधुजा*

*फरियाको त झन् पार्नै नहुने भइसक्यो मुजा ।"*

*(त्यागी, २०५८: ८३)*

उपर्युक्त उद्धरणमा धुजाधुजा र मुजा समान शब्दहरूको अन्त्यानुपप्रासले कवितालाई लयात्मक बनाएको छ । यस कवितामा संस्कृत तत्सम मूलका स्वयम् आँसु, अभाव, सुख आदि शब्दहरूको प्रयोग गरिएको छ । कवितामा सरल, सहज भाषाको प्रयोग गरिएको छ । यसरी १६ अक्षरे अनुष्टुप छन्दका पाँच काव्य अनुच्छेदमा संरचित तथा अन्त्यानुप्रासयुक्त एवम् संस्कृत तत्सम मूलका शब्दहरूको प्रयोग रहेर पनि सरल भाषाको प्रयोगले कविता प्रभावकारी बनेको छ ।

निष्कर्ष

'गाउँबाट' कवितामा गाउँलेहरूको दुःखदायी जीवनको चित्रण गर्दै यहाँ गाउँलेको जीवनस्तर माथि उठाउन सक्नुपर्ने देखिन्छ । कवितामा म, श्रीमती, छोरो, छोरी आदि पात्रहरूमार्फत चोली धुजाधुजा भएको, फरिया फाटेको, पढ्न नपाएको, चाडपर्व मनाउन नसकेको, घरबारी साहूले हडपेको तथा घरगोठ विचल्ली रहेको र समग्र गाउँ नै अनिकालमा परेको स्थिति देखाउँदै उनीहरूको आर्थिक अवस्था सुधार गर्न सक्नुपर्ने सन्देश दिइएको छ । अन्त्यानुप्रासयुक्त अनुष्टुप छन्दमा रचित यो कविता लयात्मक बनेको छ । कवितामा सरल, सहज र बोधगम्य भाषाशैलीसमेतको प्रयोगले प्रभावकारी कविताका रूपमा रहेको देखिन्छ ।

## परिच्छेद - पाँच

# उपसंहार तथा निष्कर्ष

### ५.१ उपसंहार

समकालीन नेपाली कविताका क्षेत्रमा निरन्तर क्रियाशील व्यक्तित्व अमर त्यागी अन्य साहित्यकारहरूझैँ चर्चाको शिखरमा पुग्न र गुणात्मक तथा लोकप्रिय काव्यकृतिहरू दिई गुणात्मक योगदान दिन नसके पनि नेपाली कविता विधामा चारवटा पुस्तकाकार कृतिहरू दिई नेपाली काव्यजगत्मा परिमाणात्मक योगदान पुऱ्याउन सफल रहेका छन् । उनको **अक्षरहरूको देश** कवितासङ्ग्रह (२०५८) को कृतिपरक अध्ययन गरिएको यस शोधमा पहिलो परिच्छेदमा विषय परिचयअन्तर्गत उनी कविता, गजल, हाइकु र ताङ्का लेखनमा क्रियाशील रहेका देखिन्छन् । उनका कविताका विषयहरू प्रकृतिको यथार्थ चित्रण गर्न मान्छेका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक पक्षसँग निकट देखिन्छन् । त्यस्तै समस्या कथनअन्तर्गत यस सङ्ग्रहको संरचना र रुप पक्ष, भाव तथा विचार पक्षलाई समेटिएको छ । कवितामा संरचना तथा रुप पक्ष र भाव तथा विचार पक्षका आधारमा सम्पूर्ण कविताहरूको विश्लेषण गर्दै हालसम्म भएका विभिन्न समीक्षालाई समेत टिपोट गरिएको छ ।

समकालीन नेपाली कविताका सन्दर्भमा यस सङ्ग्रहमा थप अध्ययन-अनुसन्धान गरी ४४ वटा कविताहरूको सूक्ष्म विश्लेषण गरिएको छ । त्यागीका अन्य फुटकर रचना र कृतिहरूको यस शोधमा अध्ययन गरिएको छैन । शोधविधिअन्तर्गत पुस्तकालयीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी साथै विभिन्न पत्रपत्रिका तथा विद्वान् वर्गहरूबाट समेत जानकारी लिएको छ ।

अमर त्यागी सगरमाथा अञ्चलअन्तर्गत ओखलढुङ्गा जिल्लाको यसम गा.वि.स. वडा नं. ९ मझुवामा वि.सं. २०२५ मा जन्मिएका हुन् उनले प्राथमिक तहसम्म गाउँमा नै अध्ययन गरी त्यसपछि बारा जिल्लाअन्तर्गत कलैयाको सिद्धेश्वर मा.वि. बाट माध्यमिक शिक्षा उत्तीर्ण गरेका हुन् । उच्च शिक्षाको क्रममा उनले नेपाली विषयमा स्नातकोत्तर उपाधि लिएका छन् । ओखलढुङ्गाका स्थायी बासिन्दा त्यागी विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा संलग्न रहेका छन् । त्यागी वि.सं. २०४० मा **गोठाला-गोठाल्नी** शीर्षकको कविता प्रकाशन गरी सार्वजनिक भएका हुन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा **बाँसुरीमा आँसुको गीत गजलसङ्ग्रह (२०५७), अक्षरहरूको देश कवितासङ्ग्रह (२०५८), अनुभूतिको जुलुस सूत्रकविता (२०६०), अभियुक्त ईश्वर ताङ्कासङ्ग्रह (२०६२)** आदि रहेका छन् ।

अमर त्यागीको साहित्ययात्रालाई तीन चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरणमा उनले फुटकर रुपमा कविता र गजलहरू लेखेका छन् । यस चरणमा उनका कविता र गजलहरू सरल, सहज र बोधगम्य रहेका छन् । द्वितीय चरणमा वि.सं. २०५७ मा बाँसुरीमा आँसुको गीत गजलसङ्ग्रह प्रकाशन

गरी उनले थप योगदान पुऱ्याएको देखिन्छ । यस चरणमा उनका अन्य दुईवटा कृतिहरू अक्षरहरूको देश कवितासङ्ग्रह (२०५८) र अनुभूतिको जुलुस सूत्रकविता (२०६०) प्रकाशित भएका छन् । तृतीय चरणमा उनको नवीतम कृति अभियुक्त ईश्वर ताङ्कासङ्ग्रह (२०६२) प्रकाशित भएको छ । यस चरणमा उनको लेखनशैली खारिएको देखिनुका साथै समालोचना लेखनमा पनि क्रियाशील रहेका छन् ।

यस शोधमा अक्षरहरूको देश कवितासङ्ग्रह (२०५८) को कृतिपरक अध्ययन रहेकाले यसको सूक्ष्म अध्ययन गरिएको छ । यस सङ्ग्रहमा वि.सं.२०४० देखि २०५६ सालसम्म रचना गरिएका जम्मा ४४ वटा कविताहरू समेटिएका छन् । यस कवितासङ्ग्रहमा राष्ट्र, समाज र मानव जीवनका विभिन्न विषय र प्रसङ्गहरूलाई अक्षरहरूको सुष्ठ संयोजनको माध्यमबाट संरचित अक्षरहरूको देशभित्र राष्ट्रबोध, समयबोध र आत्मबोधको सिङ्गो क्षितिज रहेको छ । युगीन विकृति, विसङ्गति र दुष्कृतिको सग्लो धरातल समेट्नुका साथै मानवीय संवेदना र संसृष्टिको वास्तविकता समेटिएको छ । यस कवितासङ्ग्रहमा मान्छेका भावना, विचार र चिन्तनका तरेलीहरू तथा जीवन भोगाइका व्यथा, वेदना र ताडनाको उद्भावना छ । सामाजिक, आर्थिक र राजनैतिक विषमताप्रति विरोध एवम् समानता, स्वतन्त्रता र भ्रातृत्वप्रति आस्था त्यागीका कविताका अन्तर भाव हुन् । विश्वबन्धुत्व र मानवतावादका पक्षधर त्यागी निम्न वर्गप्रति सहानुभूतिका साथ सामाजिक उत्पीडनबाट उन्मुक्तिको कामना संवाहन गर्दै युगीन चेतना र राष्ट्रिय भावनाको प्रखर अभिव्यक्तिले उनका कवितालाई अझ मूल्यवान् बनाएको छ । उनका कवितामा वर्तमान समयमा बढ्दै गएको वेथितिप्रति व्यङ्ग्य छ । सङ्कटपूर्ण अवस्थाप्रति आक्रोश छ । मानवतावादी चिन्तनको उजागर छ र राष्ट्रिप्रति अगाध श्रद्धा छ ।

यस शोधमा कृतिपरक अध्ययन गर्ने मुख्य लक्ष्य रहेकाले अक्षरहरूको देश कवितासङ्ग्रह (२०५८) को मात्र अध्ययन गरिएको छ । अन्य कुनै पुस्तकाकार कृतिहरू र फुटकर रचनाहरूको पनि चर्चा यहाँ गरिएको छैन । उनी निरन्तर रूपमा साहित्य सिर्जनामा लागिरहेका छन् । उनका कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । यिनै प्रस्तुतिले नेपाली साहित्यको समकालीन पुस्ताको एक प्रतिनिधि साहित्यकारका रूपमा अमर त्यागीलाई लिन सकिन्छ । उनले संस्थागत र व्यक्तिगत रूपमा रहेर साहित्यिक र शैक्षिक क्षेत्रमा पुऱ्याएको भूमिकाले पनि साहित्य क्षेत्रमा उनलाई व्यावहारिक साहित्यकारको रूपमा पनि चिन्न सकिन्छ ।

साहित्यिक गतिविधिमा लाग्ने क्रममा कवि, गजलकार, लेखक, प्रकाशक, सम्पादक र समालोचक आदि गुणले युक्त व्यक्तित्व त्यागीको साहित्यिक सिर्जनाको धेरै प्रतिशत कृतिगत पुस्तकाकार प्राप्ति तथा चर्चाका हिसाबले पनि कविता क्षेत्रमा नै उनी चर्चित र प्रशंसित रहेका छन् । राजधानीबाहिर बारा जिल्लामा बसेर पनि साहित्यलाई आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा स्थापित गर्न सक्षम त्यागी समकालीन नेपाली कविहरूबीच दाँजिन सक्ने प्रतिभा भएका साहित्यकार हुन् ।

## ५.२ निष्कर्ष

यस शोधमा अमर त्यागीको अक्षरहरूको देश कवितासङ्ग्रहको सेरोफेरामा उनलाई हेर्दा मूलतः प्रगतिशील कवि व्यक्तित्वको रूपमा पाउन सकिन्छ । गाउँ, समाज, सहर र राष्ट्रमा घटेका यथार्थ घटनाहरूलाई प्रस्तुत गर्दै नेपाली वर्गीय समाजको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक पक्षलाई अत्यन्त सरल, ग्रामीण ठेट नेपाली शब्द, संस्कृत तत्सम मूलका शब्दमा सरल, सहज भाषाशैलीमा व्यक्त गरेको पाइन्छ । प्रगतिशील साहित्यकारका रूपमा परिचित त्यागी बहुमुखी प्रतिभा हुन् । उनका प्रकाशित कृतिहरूले नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

प्रस्तुत शोधपत्रलाई मुख्य रूपमा पाँच परिच्छेदमा विभाजन गरी प्रत्येक परिच्छेदलाई विभिन्न शीर्षक, उपशीर्षकमा राखेर अध्ययन गरिएको छ । अमर त्यागीको यस अध्ययनले उनको कविताकृति **अक्षरहरूको देश** कवितासङ्ग्रह (२०५८) लाई मात्र समेट्ने जमर्को भएको छ ।

उनका अन्य कृतिहरूका बारेमा गहन अध्ययन गर्न निम्नलिखित शीर्षकहरू उपयुक्त हुन सक्छन् :

१. अमर त्यागीका साहित्यिक कृतिहरूको अध्ययन

२. बाँसुरीमा आँसुको गीत गजलसङ्ग्रहको कृतिपरक अध्ययन

३. अभियुक्त ईश्वर ताङ्कासङ्ग्रहको कृतिपरक अध्ययन ।

# सन्दर्भग्रन्थसूची


पुस्तकसूची

उपाध्याय, केशवप्रसाद (२०३६), **पूर्वीय साहित्य सिद्धान्त,** ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन ।

त्यागी, अमर (२०५७), **बाँसुरीमा आँसुको गीत** गजलसङ्ग्रह, बारा : वाङ्मय परिषद् ।

_________ (२०५८), **अक्षरहरुको देश** कवितासङ्ग्रह, बारा : जुनु क्षत्री ।

_________ (२०६०), **अनुभूतिको जुलुस** सूत्रकवितासङ्ग्रह, काठमाडौँ : रमेश श्रेष्ठ ।

_________ (२०६२), **अभियुक्त ईश्वर** ताङ्कासङ्ग्रह, बारा : देवकोटा स्मृति सभा ।

त्रिपाठी, वासुदेव र अन्य (२०४६), **नेपाली कविता भाग चार**, ललितपुर : साझा प्रकाशन ।

थापा, हिमांशु (२०३६) **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

पौडेल, बाबुराम (सम्पा.) (२०६६), **सुरभि स्रष्टा परिचय**, काठमाडौँ : सुरभि साहित्य प्रतिष्ठान ।

बराल, कृष्णहरि (२०६४), **गजल सिद्धान्त र परम्परा**, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, बालचन्द्र (सम्पा.) (२०१९), **नेपाली शब्दकोश,** काठमाडौँ : रोएल नेपाल एकेडेमी ।

शर्मा, मोहनराज (२०५५), **समकालीन नेपाली समालोचना सिद्धान्त र प्रयोग**, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५४), **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, दो. सं., ललितपुर : साझा प्रकाशन ।

शोधपत्रसूची

पाण्डे, रामप्रसाद (२०६३), **नारायणी अञ्चलका प्रतिनिधि गजलकार र तिनका प्रतिनिधि गजलकृतिको अध्ययन**, चितवन : स्नातकोत्तर शोधपत्र, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

रिजाल, नवराज (२०५५), **बारा जिल्लाको साहित्यिक योगदान, स्नातकोत्तर तह शोधपत्र**, कीर्तिपुर : त्रि. वि. वि. केन्द्रीय क्याम्पस, नेपाली विभाग ।

लोहनी, सचिता (२०६१), **बारा जिल्लाका प्रतिनिधि कवि र तिनका कविताकृतिको अध्ययन**, कीर्तिपुर : त्रि. वि. वि. केन्द्रीय क्याम्पस, नेपाली विभाग ।

पत्रपत्रिका सूची

क्षत्री, जुनु (२०५९), “अक्षरहरूको देश”, **अन्नपूर्ण पोष्ट**, १२ वैशाख, पृ. १ ।

चन्द्रकिसोर (२०५९), “अक्षरहरूको सार्वभौमताको गायन”, **देशान्तर,** २२ जेठ, पृ. ३ ।

पराजुली, शोभाकर (२०५९), “अनौपचारिक आनन्द, अमर दम्पती र ओशो ध्यान केन्द्र”, **अङ्कुश,** १३ साउन, पृ. ४ ।

परिश्रमी, घनश्याम (२०६०), “अक्षरहरूको देशमा विचरण गर्दा”, **अङ्कुश,** ६ मङ्सिर, पृ. ५ ।

पाण्डे, पृथ्वीराज (२०५९), “अक्षरहरूको देश : एक अध्ययन”, **प्रतीक,** ४ माघ, पृ. ३ ।

पोखरेल, खिमानन्द (२०५९), “कवितामा सम्भावना त्यागीको”, **दिव्यदर्शन,** ३ जेठ, पृ. ४ ।

पौडेल, गोपाल (२०६०), “अक्षरहरूको देश एक समीक्षा”, **गोरखापत्र,** २२ कात्तिक, पृ. ८ ।

रिजाल, नवराज (२०५९), “एउटा यात्रा अक्षरहरूको देशभित्र”, **प्रकाश,** १२ जेठ, पृ. ४ ।

रोदन, श्रीओम (२०५९), “राष्ट्र बोलेको कविता : अक्षरहरूको देश”, **मधुपर्क,** वर्ष ३५, अङ्क ५, पूर्णाङ्क ४०० ।

वाग्ले, सुरेश (२०५९), “अक्षरहरूको देशका सचेतक अक्षरहरू”, **सगर,** त्रैमासिक, पूर्णाङ्क २४, पृ. ५ ।

साह, रामप्रसाद (२०५९), “अमर त्यागीको अक्षरहरूको देशभित्र रमाउँदा”, **जनमत,** पूर्णाङ्क ८८, ६ पुस, पृ. ४ ।

साह, वीरेन्द्र (२०५९), “अक्षरहरूको देश”, **स्पेस टाइम्स,** २८ वैशाख, पृ. ३ ।

साह, सञ्जय (२०५९), “अक्षरहरूको देशमा मान्छेका आकृतिहरू”, **अङ्कुश,** कात्तिक ४, पृ. ५ ।